निष्पक्ष समाचारको विश्वसनीय माध्यम

हिमाली बेला

₹ ३/- Pages-8

वर्ष २०: अङ्क: २८१, वि.सं. २०८३, असोज ३० गते, शुक्रवार, १६ अक्टोबर, २०२६ POSTAL REGD NO. WB/SKM/119/2024-2026 RNI NO.SIKNEP/2007/21386 16 OCTOBER, 2026, FRIDAY, GANGTOK

मुख्यमन्त्रीद्वारा लुङ्चोकमा आयुर्वेद तथा आरोग्य केन्द्रको शिलान्यास

केन्द्रले सिक्किमलाई आरोग्य पर्यटनको प्रमुख गन्तव्यको रूपमा विकास गर्नेछः गोले

- ‘रोग रोकथाममा आधारित स्वास्थ्य सेवा र जनहितका लागि राज्य सरकार प्रतिबद्ध’
- सरकारले आमा सशक्तिकरण योजना अझ धेरै लाभग्राहीसम्म विस्तार गर्ने योजना बनाएको मुख्यमन्त्रीको दाबी
- उनले केन्द्रको सञ्चालनका लागि स्थानीय जनशक्ति विकास गर्नु महत्त्वपूर्ण रहेको बताए
- मुख्यमन्त्रीले सिक्किम गरीब आवास योजनाअन्तर्गत आवासहरू छिट्टै लाभग्राहीलाई हस्तान्तरण गरिने दिए जानकारी

गान्तोक, १५ अक्टोबरः सिक्किमको स्वास्थ्य सेवा तथा आरोग्य पर्यटनलाई नयाँ उँचाइमा पुऱ्याउने लक्ष्यका साथ मुख्यमन्त्री पीएस गोलेले बिहीवार छुजाचेन निर्वाचन क्षेत्रअन्तर्गत लुङ्चोकमा होलिस्टिक इन्स्टिट्यूट अफ् आयुर्वेद एण्ड वेलनेस सेन्टरको शिलान्यास गरेका छन्। ६०० करोड़ रुपियाँभन्दा अधिक लागतमा निर्माण गरिने प्रस्तावित परियोजनाले राज्यको स्वास्थ्य क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ। प्रस्तावित केन्द्रले आयुर्वेद, पञ्चकर्म, योग, ध्यान तथा समग्र उपचार पद्धतिलाई एकीकृत गर्दै नागरिकलाई व्यापक स्वास्थ्य सुविधा उपलब्ध गराउने लक्ष्य राखेको छ। यसले परम्परागत चिकित्सा पद्धतिको प्रवर्द्धनसँगै सिक्किमलाई आरोग्य पर्यटनको प्रमुख गन्तव्यका रूपमा विकास गर्न तथा रोजगारीका अवसर सिर्जना गर्न सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ।

शिलान्यास समारोहकै अवसरमा मुख्यमन्त्रीले गुराँसको बिरुवा रोपेर पर्यावरण संरक्षणको सन्देश पनि दिए। समारोहलाई सम्बोधन गर्दै मुख्यमन्त्री गोलेले होलिस्टिक इन्स्टिट्युट अफ् आयुर्वेद एण्ड वेलनेस सेन्टर स्थापना भएकोमा त्यहाँका बासिन्दाहरूलाई बधाई दिए। उनले यस परियोजनालाई साकार पार्न आयोजक विभाग र विभिन्न सरोकारवालाले गरेको प्रयासको पनि प्रशंसा गरे।

मुख्यमन्त्रीले यो परियोजनाले परम्परागत स्वास्थ्य सेवालाई सुदृढ़ पार्नुका साथै ‘वेलनेस टुरिजम’ (स्वास्थ्य तथा कल्याण पर्यटन) लाई पनि प्रवर्द्धन गर्ने बताए। उनले रोग रोकथाममा आधारित स्वास्थ्य सेवा र जनहितका लागि राज्य सरकार प्रतिबद्ध रहेको कुरामा जोड़ दिए।

मुख्यमन्त्रीले राज्य सरकारद्वारा स्वास्थ्य, शिक्षा र पूर्वाधार क्षेत्रमा अघि बढ़ाइएका विभिन्न विकासमूलक पहलबारे प्रकाश पारे। निर्वाचन क्षेत्रमा प्रस्तावित र जारी कामहरूको सन्दर्भ उल्लेख गर्दै उनले स्थानीय विकासलाई टेवा पुऱ्याउन र पर्यटन प्रवर्द्धन गर्न सड़क सम्पर्क, मरम्मतसम्भार र सुधारको महत्त्वमा जोड़ दिए।

उनले सरकारी कर्मचारी, समाजका विपन्न वर्ग, आशा कार्यकर्ता र आँगनवाड़ी कार्यकर्ताहरूका लागि राज्य सरकारले चालेका विभिन्न कल्याणकारी कदमबारे चर्चा गरे। सिक्किम आमा सशक्तिकरण योजनाको उल्लेख गर्दै उनले हालै यस योजनाअन्तर्गत वितरण गरिएको सहायताबारे अवगत गराए र सरकारले यसको दायरा अझ धेरै लाभग्राहीसम्म विस्तार गर्ने योजना बनाएको जानकारी दिए। यसका साथै उनले जोखिममा रहेका परिवारहरूलाई सहयोग पुऱ्याउने र उनीहरूको समग्र जीवनस्तरमा सुधार ल्याउने उद्देश्यले गरिएका पहलमाथि पनि प्रकाश पारे। आवासको विषयमा बोल्दै मुख्यमन्त्रीले सिक्किम गरीब आवास योजनाअन्तर्गत आवासहरू छिट्टै लाभग्राहीलाई हस्तान्तरण गरिने जानकारी दिए। यस क्रममा तत्काल सहयोग आवश्यक पर्नेहरूलाई प्राथमिकता प्रदान गरिने उनले बताए। उनले सरकारले यस योजनाको दायरा विस्तार गरी थप लाभग्राहीलाई समेट्ने योजना बनाएको पनि बताए।

यसका साथै मुख्यमन्त्रीले राजस्व र पूँजीगत खर्चबारे चर्चा गर्दै प्रभावकारी वित्तीय व्यवस्थापनको महत्त्वमा जोड़ दिए। उनले कार्य संस्कृति, समयको पाबन्दी, समय व्यवस्थापन र कर्तव्यप्रतिको समर्पणको महत्त्वलाई पनि विशेष जोड़ दिए।

पश्चिमी देशहरूमा रहेको श्रमको सम्मानको अवधारणालाई उल्लेख गर्दै उनले सबै प्रकारका कामलाई पहिचान र सम्मान गर्ने प्रणाली विकास गर्न तथा यसलाई विद्यमान कार्य संस्कृतिमा समाहित गर्न आह्वान गरे। प्रस्तावित ‘वेलनेस सेन्टर’ मा रोजगारीको सम्भावनालाई औँल्याउँदै मुख्यमन्त्रीले सम्बन्धित निकायहरूलाई त्यहाँ काम गर्न आवश्यक तालिमको व्यवस्था गर्न आग्रह गरे। उनले केन्द्रको सञ्चालनका लागि स्थानीय जनशक्ति विकास गर्नु महत्त्वपूर्ण रहेको बताए।

मुख्यमन्त्रीले जन भेटघाट कार्यक्रमअन्तर्गत प्रत्येक निर्वाचन क्षेत्रमा तीनदिने भ्रमण गर्ने जानकारी पनि दिए। यस भ्रमणको उद्देश्य सर्वसाधारणसँग अन्तरक्रिया गर्नु, उनीहरूका समस्या सुन्नु र आवश्यकताहरू बुझ्नु हो।

मुख्यमन्त्रीले स्थानीय समुदाय, सरकारी अधिकारी र अन्य हितधारकहरूलाई होलिस्टिक इन्स्टिट्युट अफ् आयुर्वेद एण्ड

➡रहल पृष्ठ ७ मा

विभिन्न व्यक्तित्वद्वारा राज्यपालसँग शिष्टाचार भेट

गान्तोक, १५ अक्टोबरः लोकभवनमा बिहीवार सिक्किमका क्याबिनेट सचिव विजय भूषण पाठक र मुख्य सचिव रवीन्द्र तेलाङले राज्यपाल ओम प्रकाश माथुरसँग शिष्टाचार भेट गरेका छन्।

यस अवसरमा दुवै वरिष्ठ अधिकारीहरूले राज्यपालका साथ प्रदेशमा जारी विभिन्न विकासीय योजना र भविष्यका परियोजनाहरूको सम्बन्धमा विस्तृत चर्चा गरे।

सिक्किम उच्च न्यायालयका मुख्य न्यायाधीश न्यायमूर्ति ए मुहम्मद मुस्ताकले बिहीवार लोकभवनमा राज्यपाल ओम प्रकाश माथुरसँग शिष्टाचार भेट गरेका छन्। यस भेटको क्रममा न्यायमूर्तिले राज्यपाललाई केरल राज्यका राज्यपाल पदमा नियुक्त भएकोमा हार्दिक बधाई दिए तथा उनको सफल एवं समृद्ध कार्यकालका लागि आफ्नो शुभकामना प्रेषित गरे।

अर्कोतिर, लोकसभा सांसद इन्द्रहाङ सुब्बाले आज लोकभवनमा राज्यपाल ओम प्रकाश माथुरसँग शिष्टाचार भेट गरेका छन्। यस अवसरमा राज्यपालको सिक्किमे जनताप्रति उनको निरन्तर मार्गदर्शन, स्नेह र योगदानका लागि हृदयले आभार व्यक्त गरे। यसका साथै उनले राज्यपाललाई केरल राज्यका नयाँ राज्यपाल पदमा नियुक्त भएकोमा हार्दिक बधाई दिए तथा उनको आगामी सफल एवं समृद्ध कार्यकालका लागि आफ्नो तर्फबाट शुभकामना पनि प्रेषित गरे।

सिकोनको १५औँ वार्षिक आम सभा सम्पन्न

उपलब्धिहरूको समीक्षा र प्रमुख संस्थागत पहलहरूलाई स्वीकृति प्रदान

गेजिङ, १५ अक्टोबर (आईपीआर): सिक्किम राज्य सहकारी सङ्घ (सिकोन)-ले बिहीवार पाकिमस्थित आसाम-लिङ्जेमा आफ्नो प्रेक्षगृहमा १५औँ वार्षिक आम सभा (एजीएम) आयोजन गरेको छ। यस सभामा राज्यभरिका विशिष्ट अतिथि, सञ्चालक समितिका सदस्य र सदस्य सहकारी संस्थाहरूका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो। सभाले सङ्घका उपलब्धिहरूको समीक्षा गर्नुका साथै प्रमुख संस्थागत विषयहरूमाथि चर्चा गऱ्यो र सिक्किममा सहकारी अभियानलाई सुदृढ़ पार्न भविष्यका रणनीतिहरू तय गऱ्यो।

सिकोनका अध्यक्ष डा. मङ्गलजीत राईको अध्यक्षतामा सम्पन्न यस सभामा सिकोनका उपाध्यक्ष, सहकारी विभागका पञ्जीकार, सिस्को ब्याङ्कका प्रबन्ध निर्देशक, सिक्किम मिल्क युनियनका प्रमुख महाप्रबन्धक, सूचना तथा जनसम्पर्क विभागका उपनिर्देशकसहित अन्यको उपस्थिति रहेको थियो।

सभाको शुरुआत मुख्य कार्यकारी अधिकृतद्वारा गणपूर्ति सङ्ख्या यकिन गरेपछि भयो। कुल १५४ सदस्य सहकारी संस्थामध्ये ४५ सदस्यको उपस्थिति रहेको

➡रहल पृष्ठ ७ मा

नाम्ची जिल्लामा इन्स्पायर्स अन्तर्गत डीआईआईटी सम्बन्धी अभिमुखीकरण बैठक सम्पन्न

नाम्ची, १५ अक्टोबर (आईपीआऱ): इन्स्पायर्स परियोजनाअन्तर्गत एकीकृत आर्थिक समावेशीकरण कार्ययोजना (आईईआईएपी)-को सन्दर्भमा जिल्ला कार्यान्वयन तथा संस्थागत टोली (डीआईआईटी)-को एक अभिमुखीकरण बैठक बिहीवार नाम्चीस्थित जिल्ला प्रशासनिक केन्द्रमा सम्पन्न भयो। उक्त बैठकको अध्यक्षता नाम्चीकी जिल्लापाल तथा इन्स्पायर्सकी अध्यक्ष अनुप तामालिङले गरेकी थिइन्।

बैठकको क्रममा, जिल्लापालले यस अभिमुखीकरणको मुख्य उद्देश्यबारे प्रकाश पार्दै टोलीका सदस्यहरूले आ-आफ्नो भूमिका र जिम्मेवारी बुझ्नुपर्ने महत्त्वमाथि जोड़ दिइन्। उनले जिल्लाभरि परियोजनाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न सदस्यहरूलाई सिर्जनात्मक रूपमा सोच्न र नवीन विचार प्रस्तुत गर्न प्रोत्साहित गरिन्। उनले समावेशी संलग्नतालाई प्रवर्द्धन गर्न र अर्थपूर्ण नतिजा हासिल गर्नाका लागि दीर्घकालीन दिगोपन, सामूहिक जिम्मेवारी तथा सबै सरोकारवालाको सक्रिय सहभागिताको महत्त्वमाथि विशेष जोड़ दिइन्।

शियारी देबबर्माले इन्स्पायर्सको ➡रहल पृष्ठ ७ मा

गेजिङमा जनगणना २०२७ को दोस्रो चरणको तयारीको समीक्षा

गेजिङ, १५ अक्टोबर (आईपीआर): सिक्किमका जनगणना सञ्चालन निर्देशक कर्मा आर बन्पोको अध्यक्षतामा बिहीवार गेजिङस्थित जिल्ला प्रशासनिक केन्द्र (डीएसी)-मा एकदिने जिल्लास्तरीय सम्मेलन आयोजना गरिएको छ। उक्त सम्मेलनमा जनगणना २०२७ को दोस्रो चरण (जनसङ्ख्या गणना)-को तयारीबारे समीक्षा गरियो।

सिक्किम जनगणना सञ्चालन निर्देशनालयद्वारा आयोजित यस सम्मेलनको मुख्य उद्देश्य फरवरी, २०२७ मा हुने जनसङ्ख्या गणनाका लागि जिल्लास्तरमा गरिएको तयारीको समीक्षा गर्नु रहेको थियो। सम्मेलनमा जनगणनासम्बन्धी कर्मचारीहरूको नियुक्ति, प्रचार-प्रसारका पहल, वित्तीय तथा पूर्वाधारसम्बन्धी आवश्यकता र आगामी जनगणना कार्यका लागि आवश्यक अन्य व्यवस्थापनका विषयमा चर्चा गरियो।

सम्मेलनलाई सम्बोधन गर्दै सिक्किमका जनगणना सञ्चालन निर्देशक बन्पोले सही र पूर्ण गणनाको आवश्यकतामाथि जोड़ दिए। उनले जनगणनाबाट प्राप्त तथ्याङ्क आगामी दशकमा सरकारी योजना तर्जुमा, नीति निर्माण र प्रशासनिक निर्णयहरूका लागि महत्त्वपूर्ण आधार बन्ने बताए। उनले जनसाङ्ख्यिक, सामाजिक र आर्थिक अवस्थाहरूको जानकारी दिनुका साथै जनसङ्ख्या प्रतिनिधित्व र पुनर्सीमाङ्कनजस्ता विषयहरूमा पनि जनगणनाका तथ्याङ्कहरूको महत्त्व रहने कुरा उल्लेख गरे।

निर्देशक बन्पोले सिक्किमको जनसङ्ख्या तुलनात्मक रूपमा कम रहेको औँल्याउँदै तोकिएको

➡रहल पृष्ठ ७ मा

युवा सशक्तिकरण र सिक्किम भिजन २०४७ मा केन्द्रित दोस्रो राज्यस्तरीय विद्यार्थी विधानसभा सम्पन्न

गान्तोक, १५ अक्टोबर (आईपीआर): शिक्षा विभागअन्तर्गत विद्यार्थी कल्याण बोर्ड र एसकेएम विद्यार्थी प्रकोष्ठको संयुक्त आयोजनामा बिहीवार चिन्तन भवनमा दोस्रो राज्यस्तरीय विद्यार्थी विधानसभा सत्र सम्पन्न भएको छ।

‘सिक्किम@२०४७: युवाको आवाज’ मूल नाराका साथ आयोजित यस मक सभामा सिक्किमका सबै जिल्लाबाट विश्वविद्यालय तहका विद्यार्थीहरूले सहभागिता जनाए। कार्यक्रमको तयारीस्वरूप सहभागी विद्यार्थीहरूलाई सिक्किम विधानसभामा विस्तृत प्रशिक्षण प्रदान गरिएको थियो। कार्यक्रममा सिक्किम विधानसभा अध्यक्ष एमएन शेर्पा मुख्य अतिथिका रूपमा उपस्थित रहेका थिए भने विधानसभा उपाध्यक्ष राजकुमारी थापा विशिष्ट अतिथिका रूपमा र गान्तोक समष्टिका विधायक दिले

➡रहल पृष्ठ ७ मा

वनवासी कल्याण आश्रमका विद्यार्थीहरूका लागि राज्यपालद्वारा वाहन प्रदान

गान्तोक, १५ अक्टोबर (हि.स.): सिक्किमका राज्यपाल ओमप्रकाश माथुरलाई वनवासी कल्याण आश्रमका प्रतिनिधिमण्डलले बिहीवार लोकभवनमा शिष्टाचार भेट गरेको छ। बुद्धिमाया तामाङको नेतृत्वमा गएको प्रतिनिधिमण्डलसँगको भेटका क्रममा राज्यपाल माथुरले आश्रमका विद्यार्थीहरूको आवागमनलाई सहज र सुरक्षित बनाउने उद्देश्यले आफ्नो विवेकाधीन अनुदानअन्तर्गत एउटा ➡रहल पृष्ठ ७ मा

४२औँ गभर्नर्स गोल्ड कपको फाइनल आज

सिक्किम आक्रमणसँग इतिहास रच्ने मौका

शिलङ लाजोङको नजर उपाधिमा

● देव दर्जी

गान्तोक, १५ अक्टोबरः ४२औँ अखिल भारतीय गभर्नर्स गोल्ड कपको उपाधि भिड़न्तमा शुक्रवार सिक्किम आक्रमण एससी र शिलङ लाजोङ एफसीबीच रोचक प्रतिस्पर्धा हुने अपेक्षा गरिएको छ। शिलङ लाजोङले सेमिफाइनल चरणमा सिङ्लिङ एससीमाथि पेनल्टी शुटआउटमा ५-४ गोलअन्तरले पराजित गर्दै फाइनलमा स्थान सुरक्षित बनाएको छ। अर्कोतिर, सिक्किम आक्रमणले सेमिफाइनल चरणमा गोकुलम केरला एफसीलाई ३-२ गोलअन्तरले पराजित गरेर फाइनलमा कब्जा जमाउन सफल भएको छ।

गभर्नर्स गोल्ड कपको गौरवपूर्ण ४१औँ संस्करणसम्म सिक्किमको केवल एउटा घरेलु टोलीले यो प्रतिष्ठित उपाधि हत्याउन सफल भएको छ। १९७९ मा भएको पहिलो संस्करणमा गान्तोक म्युनिसिपल कर्पोरेशन (जीएमसी)-ले फाइनल खेलमा बीएसएफ कदमतलालाई १-० गोल अन्तरले पराजित गर्दै इतिहास रचेको थियो। त्यसपछि कुनै पनि सिक्किमे टोलीले उपाधि जित्न सकेको छैन। गान्तोक हिमालयन एससी २०१९ र २०२४ को संस्करणमा फाइनलमा पुग्न सफल भए तापनि उपाधि चुम्न सकेन। अब यस संस्करणमा सिक्किम आक्रमण एससीसित इतिहास रच्ने सुनौलो अवसर रहेको छ।

सिक्किम आक्रमण एससी र शिलङ लाजोङ एफसीका मुख्य प्रशिक्षक र कप्तान (देब्रेदेखि दाहिने)।

शुक्रवार सम्पन्न हुने ४२औँ गभर्नर्स गोल्ड कपको पूर्वसन्ध्यामा अर्थात् बिहीवार सिक्किम आक्रमण र शिलङ लाजोङका कप्तान तथा मुख्य प्रशिक्षक निकै आत्मविश्वासी देखिए। दुवै टोली पूर्ण तयार भएर भोलि मैदानमा ओर्लिने बताए। आज आयोजित पत्रकार सम्मेलनमा

➡रहल पृष्ठ ७ मा

प्रधानमन्त्रीद्वारा लद्दाखमा ३,३५० करोड़ रुपियाँका पाँच विकास परियोजनाको उद्घाटन

नयाँ दिल्ली, १५ अक्टोबर (हिस): प्रधानमन्त्री नरेन्द्र मोदीले बिहीवार भीडियो कन्फरेन्स मार्फत लद्दाखमा लगभग ३,३५० करोड़ रुपियाँका पाँच विकास परियोजनाको उद्घाटन गरे। यी परियोजनाले यस क्षेत्रमा हवाई सम्पर्क, सामरिक सड़क सञ्जाल, विद्युत आपूर्ति, सांस्कृतिक सम्पदाको संरक्षण तथा जल सुरक्षालाई सुदृढ़ बनाउने अपेक्षा गरिएको छ।

यस अवसरमा प्रधानमन्त्रीले लद्दाखको प्रगति र विकासमा आज एउटा नयाँ अध्याय थपिएको बताए। यी परियोजनाले मानिसहरूको यात्रा सहज बनाउनुका साथै विद्युत र पानीको उपलब्धतामा सुधार ल्याउने तथा प्राचीन सम्पदाको संरक्षणलाई थप बल प्रदान गर्ने उनले बताए। परियोजनाको निर्माणमा योगदान पुऱ्याउने इञ्जिनियर, श्रमिक, स्थानीय बासिन्दा तथा सीमा सड़क सङ्गठन (बीआरओ) का कर्मचारीहरूको उनले प्रशंसा गरे। प्रधानमन्त्रीले लेह स्थित कुशोक बकुला रिन्पोछे विमानस्थलमा लगभग ६४० करोड़ रुपियाँको लागतमा निर्माण गरिएको नयाँ यात्रु टर्मिनल भवनको उद्घाटन गरे। लगभग २३,८०० वर्ग मिटर क्षेत्रफलमा फैलिएको यस टर्मिनलको वार्षिक यात्रु क्षमता १० लाखबाट बढ़ेर लगभग ३५ लाख पुग्नेछ। ऊर्जा दक्षता बढ़ाउन र कार्बन उत्सर्जन घटाउन यसमा भू-तापीय ऊर्जामा आधारित ताप प्रणालीको व्यवस्था गरिएको छ। आधुनिक यात्रु सुविधासहित लद्दाखको सांस्कृतिक सम्पदालाई समेटिएको यस टर्मिनलले क्षेत्रको पर्यटन प्रवर्द्धनमा समेत सहयोग पुऱ्याउनेछ।

मोदीले २९८ किलोमिटर लामो निमुह्वपदमह्वदार्चा सड़क पनि राष्ट्रलाई समर्पण गरे। लगभग २,५०० करोड़ रुपियाँको लागतमा निर्माण गरिएको यस सड़कले लेहको निमुलाई हिमाचल प्रदेशको दार्चासँग जोड्छ र जास्कर उपत्यकाबाट भएर जान्छ। प्रधानमन्त्रीले यस सड़कमार्गबाट पहिले लगभग १२ घण्टामा पूरा हुने यात्रा अब लगभग तीन घण्टामा पूरा गर्न सकिने बताए। यसबाट स्थानीय बासिन्दाको आवागमन सहज हुनुका साथै व्यापार तथा व्यवसायलाई पनि लाभ पुग्नेछ। यस सड़कले श्रीनगरह्वलेह र मनालीह्वलेह राजमार्गका अतिरिक्त अर्को सम्पर्क मार्ग उपलब्ध गराउनेछ। साथै, दुर्गम सीमावर्ती क्षेत्रमा सशस्त्र बलको आवागमन तथा रसद आपूर्तिलाई सुदृढ़ बनाउनेछ। प्रधानमन्त्रीले नौ मेगावाट क्षमताको लघु जलविद्युत् परियोजना र ६६ केभी क्षमताको दोहोरो सर्किटयुक्त दाहह्वहानुह्वखल्सी विद्युत प्रसारण लाइनको पनि उद्घाटन गरे। यी परियोजनाबाट विद्युत आपूर्तिको विश्वसनीयता बढ्नुका साथै उत्पादित विद्युत् प्रसारण प्रणाली थप सुदृढ़ हुने अपेक्षा गरिएको छ। यस बाहेक उनले लेहको सिन्धु घाटमा भारतकै पहिलो शैलचित्र संरक्षण उद्यानको उद्घाटन गरे। यस उद्यानले क्षेत्रमा रहेका प्राचीन शैलचित्र तथा चट्टानमा कुँदिएका आकृतिहरूको संरक्षण, जनचेतना अभिवृद्धि र सम्पदा पर्यटन प्रवर्द्धनमा सहयोग पुऱ्याउनेछ।

मोदीले 'परियोजना अमृत हिम सरोवर' अन्तर्गत लद्दाखका ४० गाउँमा निर्माण गरिएका ४० वटा जलाशयको पनि उद्घाटन गरे। यस पहलको उद्देश्य जल संरक्षण गर्नु र उपलब्ध पानीको प्रभावकारी व्यवस्थापन गर्नु हो। यी जलाशयले बाली लगाउने महत्त्वपूर्ण समयमा किसानलाई पानी उपलब्ध गराउन, सिँचाइमा सुधार ल्याउन र कृषि पेसालाई दिगो बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।

प्रधानमन्त्रीले केन्द्र सरकार लद्दाखको विकास तथा यहाँका नयाँ पुस्तालाई राम्रो अवसर उपलब्ध गराउन प्राथमिकताका साथ काम गरिरहेको बताए। लेहमा उत्कृष्टता केन्द्र विकास गरिँदै छ भने भारतीय प्रविधि संस्थान (आईआईटी) जम्मु र भारतीय व्यवस्थापन संस्थान (आईआईएम) जम्मुका उपग्रह परिसर स्थापना गर्ने प्रस्तावलाई पनि अघि बढ़ाइँदैछ। यसबाट युवाहरूले आफ्नै क्षेत्रमा उच्च शिक्षा, अनुसन्धान, प्रविधि तथा नयाँ सीप सिक्ने अवसर प्राप्त गर्न सक्नेछन्। लद्दाखमा खेलकुदको सम्भावनाबारे उल्लेख गर्दै मोदीले यहाँका युवाहरूले आइस हक्की, शीतकालीन खेलकुद तथा पर्वतारोहणमा विशिष्ट पहिचान बनाएको बताए। नयाँ खेल नीति मार्फत खेल प्रतिभालाई अघि बढ़ाउन तथा खेलाड़ीलाई राम्रो प्रशिक्षण र सुविधा उपलब्ध गराउने प्रयास भइरहेको उनले बताए। यसबाट उनीहरूले राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरमा उपलब्धि हासिल गर्न सक्नेछन्।

प्रधानमन्त्रीले प्राकृतिक परिस्थितिका कारण लद्दाखमा जीवनयापनका आफ्नै चुनौतीहरू रहेको बताए।यसअघि सरकारहरूले यहाँको विकासलाई पर्याप्त प्राथमिकता नदिएको उनको भनाइ थियो। अहिले केन्द्र सरकारका लागि लद्दाखको विकास महत्त्वपूर्ण प्राथमिकता रहेको उल्लेख गर्दै उनले यी परियोजनाले क्षेत्रको पूर्वाधार विकास तथा स्थानीय बासिन्दाको जीवनस्तर सुधार गर्न सहयोग पुऱ्याउने विश्वास व्यक्त गरे।

भारतमा सीजेपीको आन्दोलनलाई विदेशी आर्थिक सहयोग: अमेरिकी गायिका मेरी मिलबेन

काठमाडौँ, १५ अक्टोबर (हिस): अमेरिकी गायिका मेरी मिलबेनले प्रधानमन्त्री नरेन्द्र मोदीको विरोधमा भारतमा चलिरहेको युवाहरूको नेतृत्वको 'कक्रोच' आन्दोलनलाई अमेरिकी दाताहरूबाट आर्थिक सहयोग प्राप्त भइरहेको आरोप लगाएकी छन्। उनले भारतमा यस आन्दोलनको विरोधमा शान्तिपूर्ण प्रतिवाद आन्दोलन शुरु गर्न पनि अपील गरेकी छन्। आन्दोलनसँग सम्बन्धित दुई जना नेताहरूलाई पाँच दिनको न्यायिक हिरासतमा पठाइएको समयमा उनको यस्तो बयान आएको हो। रुसको अन्तरराष्ट्रिय समाचार टेलिभिजन सञ्जाल 'रसिया टुडे' (आरटी) का अनुसार, मेरी मिलबेनले बुधवार सामाजिक सञ्जाल एक्समा एउटा पोस्ट गर्दै केही अमेरिकी दाताहरूले कक्रोच जनता पार्टी (सीजेपी) का संस्थापक अभिजीत दिपके र उनको आन्दोलनलाई आर्थिक सहयोग गरिरहेको दाबी गरेकी छन्। मिलबेनका अनुसार, केही दाताहरूले अमेरिकामा शिक्षित कार्यकर्ताहरूलाई छनोट गर्छन्, ताकि उनीहरूले आफ्ना देशहरूमा रूढिवादी नेताहरूलाई चुनौती दिन सकून्। यद्यपि, उनले कथित रूपमा आर्थिक सहयोग गर्ने व्यक्तिहरूको नाम सार्वजनिक गरेकी छैनन् र आफ्नो आरोपको समर्थनमा कुनै वित्तीय प्रमाण पनि प्रस्तुत गरेकी छैनन्। यसअघि सीजेपीका संस्थापक अभिजीत दिपकेले विदेशी आर्थिक सहयोग प्राप्त भइरहेको आरोप अस्वीकार गरिसकेका छन्। उनका अनुसार, आन्दोलनका आयोजक र उनीहरूका साथीहरूले आपसमा रकम सङ्कलन गरेर विरोध प्रदर्शनको खर्च व्यहोर्ने गरेका छन्।प्रधानमन्त्री नरेन्द्र मोदीको समर्थन गर्दै मेरी मिलबेनले भारतीय प्रधानमन्त्री अमेरिकाबाट आउने विघटनकारी शक्तिहरूसामु नझुक्ने बताएकी छन्। उनले भारतका युवाहरूलाई सीजेपीविरुद्ध शान्तिपूर्ण प्रदर्शन आयोजना गर्न अपील गरेकी छन्। लोकतन्त्र र स्वतन्त्रता कायम राख्न प्रतिवाद आन्दोलन आवश्यक रहेको उनको भनाइ छ। उल्लेखनीय छ, २०२३ सालको जून महिनामा प्रधानमन्त्री मोदीको अमेरिका भ्रमणका क्रममा वासिङ्टन डीसीमा भारतीय प्रवासी समुदायको एउटा कार्यक्रममा मिलबेनले भारतको राष्ट्रगान गाएकी थिइन्।

भारतमा गत साता व्यापक विरोध प्रदर्शन भएका थिए। विपक्षी दलहरूको नेतृत्वमा प्रदर्शनकारीहरूले मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारको राजीनामा माग गरेका थिए। मतदाता नामावलीमा गरिएका परिवर्तनलाई लिएर प्रदर्शनकारीहरूले आपत्ति जनाएका छन्। यसैबीच, सत्तारूढ भारतीय जनता पार्टी (भाजपा) ले पनि सीजेपीका नेताहरू र विपक्षी राजनीतिज्ञहरूमाथि विदेशी शक्तिहरूको निर्देशनमा देशलाई अस्थिर बनाउने प्रयास गरेको आरोप लगाएको छ। यद्यपि, विदेशी आर्थिक सहयोगसम्बन्धी यी आरोपहरूको स्वतन्त्र पुष्टि भएको छैन।सीजेपीका प्रवक्ता सौरभ दास र सहसंयोजक आशुतोष रांकालाई बुधवार पाँच दिनको न्यायिक हिरासतमा पठाइएको छ। उनीहरू दुवै मध्य दिल्लीस्थित ऐतिहासिक स्थल जन्तरमन्तरमा प्रवेश गर्न अवरोधकहरू पार गर्ने प्रदर्शनकारीहरूमध्ये थिए। पुलिसले जन्तरमन्तरलाई प्रदर्शनका लागि अधिकृत स्थलहरूको सूचीबाट हटाएको थियो।

अङ्किता भण्डारीले न्याय नपाएसम्म आन्दोलन रोकिने छैन: उदय भानु चिब

नयाँ दिल्ली, १५ अक्टोबर (हिस): अङ्किता भण्डारीलाई न्याय दिलाउनुपर्ने माग गर्दै भारतीय युवा कङ्ग्रेसले बुधवार राति इन्डिया गेटमा सत्याग्रह गरेको छ। भारतीय युवा कङ्ग्रेसले प्रधानमन्त्री नरेन्द्र मोदीसँग अङ्किता भण्डारीलाई न्याय दिलाउन माग गरेको छ। भारतीय युवा कङ्ग्रेसका राष्ट्रिय अध्यक्ष उदय भानु चिबले बिहीवार विज्ञप्ति जारी गर्दै युवा कङ्ग्रेस र कङ्ग्रेसका धेरै नेता तथा कार्यकर्ताहरू बुधवार राति इन्डिया गेटमा अङ्किताका आमाबुबासँगै प्रदर्शनमा सहभागी भएको जानकारी दिएका छन्। यस क्रममा बिहीवार बिहान धेरै जनालाई हिरासतमा लिइएको र त्यसको एक घण्टापछि रिहा गरिएको उनले बताएका छन्।

उदय भानु चिबले अङ्किता भण्डारीका आमाबुबाले विगत चार वर्षदेखि न्यायको माग गरिरहेको भए पनि उनीहरूलाई नै हिरासतमा लिइने गरेको आरोप लगाएका छन्। दुष्यन्त गौतमलाई राज्यपाल नियुक्त गरिएको विषयमा प्रश्न उठाउँदै उनले अङ्किताको परिवारलाई न्याय दिलाउनुको सट्टा उनका आमाबुबा तथा कङ्ग्रेसका नेता र कार्यकर्ताहरूलाई हिरासतमा लिइरहेको बताएका छन्।

चिबले दुष्यन्त गौतमलाई पक्राउ गरेर लैजानुपर्ने बसमा कङ्ग्रेसका युवाहरूलाई पक्राउ गरी लगिने गरेको र अङ्किताको परिवारलाई समेत हिरासतमा लिइने गरेको आरोप लगाए। अङ्किता भण्डारीले न्याय नपाएसम्म आन्दोलन जारी रहने उनले स्पष्ट पारे। केन्द्र सरकारको आलोचना गर्दै चिबले अङ्किताका आमाबुबाले चार वर्षदेखि न्यायको माग गरिरहेको अवस्थामा दुष्यन्त गौतमलाई राज्यपाल बनाएर पदोन्नति दिइएको बताएका छन्। अङ्कितालाई न्यायबाट वञ्चित राख्न जिम्मेवार व्यक्तिहरूलाई आखिर कहिलेसम्म संरक्षण दिइरहने भन्ने प्रश्न समेत उनले उठाएका छन्।

चिबले आफ्नो सङ्गठनले अङ्किताका लागि न्यायको लड़ाइँ जारी राख्ने र उनको परिवारसँग मिलेर न्याय दिलाउन हरसम्भव प्रयास गर्ने बताएका छन्। उनले प्रधानमन्त्री मोदीसँग अङ्किता भण्डारीलाई न्याय दिलाउन माग गरेका छन्। युवा कङ्ग्रेसका राष्ट्रिय अध्यक्ष उदय भानु चिबले दुष्यन्त गौतमलाई राज्यपालको पदबाट बर्खास्त नगरिए अङ्कितालाई न्याय दिलाउने माग सहित देशव्यापी आन्दोलन गर्ने चेतावनी दिएका छन्।

कनाट प्लेसमा सीजेपीको प्रस्तावित प्रदर्शन रोक्न माग गर्दै दिल्ली उच्च न्यायालयमा निवेदन

नयाँ दिल्ली, १५ अक्टोबर (हिस): दिल्ली उच्च न्यायालयमा कनाट प्लेसस्थित सेन्ट्रल पार्कमा १६ अक्टोबरमा ककरोच जनता पार्टी (सीजेपी) द्वारा प्रस्तावित विरोध प्रदर्शनमा रोक लगाउन माग गर्दै एउटा निवेदन पेस गरिएको छ। वरिष्ठ अधिवक्ता सचिन पुरीले कार्यवाहक मुख्य न्यायाधीश नितिन वासुदेव साम्ब्रेको अध्यक्षतामा रहेको पीठसमक्ष यस मुद्दाको उल्लेख गरे। उनले प्रस्तावित प्रदर्शनमा रोक लगाउनु आवश्यक रहेको तर्क प्रस्तुत गरे। यसमा कार्यवाहक मुख्य न्यायाधीशले यस विषयमा आज सर्वोच्च अदालतमा सुनुवाइ भइरहेको र त्यसपछि उच्च न्यायालयले मुद्दामाथि सुनुवाइ गर्ने बताए। निवेदन उल्लेख गर्ने क्रममा सचिन पुरीले कनट प्लेस विरोध प्रदर्शनका लागि निर्धारित स्थल नभएको तर्क गरे। यसपटक कनट प्लेसको बीच भागमा प्रदर्शन आयोजना गर्न लागिएको उनले बताए। चाड़पर्वको मौसम शुरु भइसकेको उल्लेख गर्दै उनले व्यापारीहरूलाई नै निशाना बनाउन खोजिएको जस्तो देखिएको बताए। सीजेपीले १६ अक्टोबरमा कनट प्लेसस्थित सेन्ट्रल पार्कमा विरोध प्रदर्शन गर्ने घोषणा गरेको छ। यसअघि १३ अक्टोबरमा दिल्ली उच्च न्यायालयले व्यापारी, सड़क विक्रेता तथा अधिवक्ताहरूले दायर गरेका निवेदनहरूमाथि सुनुवाइ गर्दै केन्द्र सरकारलाई आफ्नो धारणा स्पष्ट पार्न भनेको थियो। यी निवेदनहरूमा राष्ट्रिय राजधानीमा निर्धारित मानक सञ्चालन प्रक्रियाअनुसार विरोध प्रदर्शनलाई नियमन गर्न माग गरिएको छ। कार्यवाहक मुख्य न्यायाधीश नितिन वासुदेव साम्ब्रेको अध्यक्षतामा रहेको पीठले केन्द्र सरकार तथा अन्य सम्बन्धित अधिकारीहरूका तर्फबाट उपस्थित अधिवक्ताहरूलाई आवश्यक निर्देशन लिएर आउन भनेको थियो। निवेदकहरूका तर्फबाट उपस्थित वरिष्ठ अधिवक्ताहरूले विरोध प्रदर्शनलाई नियमन गर्ने सम्बन्धमा सर्वोच्च अदालतले यसअघि नै विभिन्न निर्देशन जारी गरिसकेको र ती निर्देशनहरूको पालना गरिनुपर्ने तर्क प्रस्तुत गरेका थिए।

नक्सलवादका हरेक निशानी मेटाएर रमाईलो बस्तर बनाउनुपर्छ: अमित शाह

नयाँ दिल्ली, १५ अक्टोबर (हिस): केन्द्रिय गृहमन्त्री अमित शाहले बिहीवार नक्सलवाद समाप्त भए पनि पाँच दशकसम्म चलेको हिंसाको पीड़ा कम गर्न प्रभावित व्यक्तिहरूको पुनर्वास गरी उनीहरूलाई सम्मानजनक जीवन उपलब्ध गराउनु आवश्यक रहेको बताएका छन्। सरकारको लक्ष्य नक्सलवाद समाप्त गर्नु मात्र नभई त्यसका हरेक निशानी मेटाएर बस्तरलाई पुनः हाँस खेल गर्दै रमाईलो क्षेत्र बनाउनु पनि रहेको उनले बताए।

शाह छत्तीसगढ़को दन्तेवाडामा 'सेवा सङ्कल्प अभियान' अन्तर्गत आयोजित दिव्याङ्ग सेवा शिविरको दोस्रो चरणलाई भिडियो कन्फरेन्स मार्फत सम्बोधन गरिरहेका थिए। उनले प्रधानमन्त्री नरेन्द्र मोदीले सार्वजनिक जीवनमा सरकार प्रमुखका रूपमा २५ वर्ष पूरा गरेको अवसरमा देशभरि सेवा सङ्कल्प अभियान सञ्चालन भइरहेको बताए। यसै अभियान अन्तर्गत नक्सली हिंसाका कारण अपाङ्गता भएका आदिवासी दाजु-भाइ तथा दिदी-बहिनीलाई कृत्रिम अङ्ग र अन्य सहायक उपकरण उपलब्ध गराइँदै छ, ताकि उनीहरू पुनः आत्मनिर्भर जीवन बिताउन सकून्। गृहमन्त्रीले ५ देखि ७ अक्टोबरसम्म जगदलपुरमा आयोजित शिविरबाट ३,६०० भन्दा बढ़ी दिव्याङ्ग व्यक्ति लाभान्वित भएको जानकारी दिए। उनीहरूमध्ये १,५७० भन्दा बढ़ी लाभार्थी बस्तर क्षेत्रका थिए। यी तथ्याङ्कले पाँच दशकसम्म चलेको नक्सलवादले गरीब आदिवासी समुदायलाई कुन स्तरसम्म प्रभावित पारेको छ भन्ने देखाउने उनले बताए। निर्दोष नागरिकलाई राजनीतिक उद्देश्यका लागि बारुदी सुरुङ तथा विस्फोटक पदार्थ प्रयोग गरी अपाङ्ग बनाउनु मानवअधिकारको गम्भीर उल्लङ्घन भएको उनले उल्लेख गरे। शाहले शिविरमा आवश्यकतामा रहेका व्यक्तिहरूलाई कृत्रिम हातखुट्टा, ह्विलचेयर, तीनचक्के साइकल, श्रवणयन्त्र, स्मार्ट हिँड्ने छड़ी र खुट्टालाई सहारा दिने उपकरण लगायत सामग्री उपलब्ध गराइँदै गरेको बताए। एक लाभार्थीको अनुभव उल्लेख गर्दै उनले तीन वर्षपछि आफ्नै हातले गिलास उठाएर पानी पिउन पाउँदाको खुशीलाई शब्दमा व्यक्त गर्न कठिन हुने बताए। उनले छत्तीसगढ़ सरकार, जिल्ला प्रशासन, समाज कल्याण विभाग, भगवान् महावीर विकलाङ्ग सहायता समितिहरू, भारतीय जैन सङ्घ तथा अभियानमा संलग्न अन्य संस्थाहरूको योगदानको प्रशंसा गरे। गृहमन्त्रीले मुख्यमन्त्री विष्णुदेव साय र उपमुख्यमन्त्री विजय शर्मालाई यो अभियान निरन्तर सञ्चालन गर्न आग्रह गरे। राज्य सरकारलाई जहाँ स्रोतसाधनको कमी हुन्छ, त्यहाँ केन्द्र सरकारले पूर्ण सहयोग गर्ने उनले बताए। प्रत्येक दिव्याङ्ग व्यक्ति तथा नक्सली हिंसाबाट प्रभावित व्यक्तिको पुनर्वास गरी समाजमा सम्मानपूर्वक जीवन बिताउने अवसर प्रदान गर्नु सरकारको दायित्व रहेको उनले उल्लेख गरे। शाहले नक्सलवादको प्रभावबाट बाहिर निकालेर बस्तरमा विकास तथा सामान्य जनजीवन पुनःस्थापित गर्न विभिन्न कदम चालिएको बताए। आफ्नो सम्बोधनमा उनले ८,५२६ नक्सलीले आत्मसमर्पण गरेको दाबी गरे। तीमध्ये ब्याङ्क खाता नभएका ७,५०० जनाको ब्याङ्क खाता खोलिएको उनले जानकारी दिए। यस बाहेक १,६२५ जनालाई पुरस्कारस्वरूप रकम र ७,८८२ जनालाई प्रोत्साहन रकम प्रदान गरिएको छ भने ४५५ जनालाई रोजगारी उपलब्ध गराइएको छ। उनी अनुसार, १२९ जनालाई जग्गा उपलब्ध गराइएको छ भने ४०४ जनालाई प्रधानमन्त्री आवास योजना अन्तर्गत घर प्रदान गरिएको छ। दुई हजारभन्दा बढ़ी आदिवासीलाई सीप विकास सम्बन्धी तालिम दिइएको छ। यस बाहेक ६,७०० नयाँ राशन कार्ड बनाइएको र २,८०० परिवारलाई निःशुल्क विद्युत् सुविधा उपलब्ध गराइएको उनले बताए। क्षेत्रमा सड़क सम्पर्क विस्तार गर्न ३७२ नयाँ परियोजना शुरु गरिएको र ६७० वटा पुलिया निर्माण भइरहेको पनि उनले जानकारी दिए। साथै ४८,५२६ जनालाई आधार कार्ड उपलब्ध गराइएको उनले बताए। गृहमन्त्रीले बस्तरमा सुरक्षा शिविरहरूको भूमिकालाई अब विकास तथा जनसेवासँग जोड्ने दिशामा काम भइरहेको बताए। उनले २०० भन्दा बढ़ी सुरक्षा शिविरलाई शहीद भीमा मण्डावी सेवा केन्द्रमा रूपान्तरण गर्ने योजना रहेको जानकारी दिए। यी केन्द्र मार्फत सरकारी अधिकारीहरूले स्थानीय बासिन्दालाई स्वास्थ्य, शिक्षा, रोजगारी, राशन तथा अन्य आवश्यक सेवा उपलब्ध गराउन सहयोग गर्नेछन्।

पहिले सुरक्षा बल तैनाथ रहने स्थानहरूमा अब विकास कार्य अघि बढ़ाउने र आदिवासी परिवारका समस्या समाधान गर्ने प्रयास गरिने उनले बताए। शाहले बस्तरलाई भय र हिंसाबाट मुक्त गराउँदै त्यहाँको सांस्कृतिक पहिचान तथा सामुदायिक जीवन पुनर्जीवित गर्ने प्रयास भइरहेको बताए। उनले बस्तर ओलम्पिक, बस्तर पण्डुम र नियद नेल्लानार जस्ता पहलहरूको उल्लेख गर्दै यी कार्यक्रमले युवाहरूलाई खेलकुदमा सहभागी हुन, जनजातिय कला तथा संस्कृतिको संरक्षण गर्न र दुर्गम गाउँहरूसम्म आधारभूत सुविधा पुर्याउन सहयोग गरिरहेको बताए। पहिले गोली र बमको आवाज सुनिने स्थानमा अहिले ठूलो सङ्ख्यामा युवाहरू खेलकुदमा सहभागी भइरहेका छन् र आफ्नो परम्परालाई निरन्तरता दिइरहेका छन्, उनले भने।

अङ्किता भण्डारीका परिवारसँग राहुल र प्रियङ्को भेट

नयाँ दिल्ली, १५ अक्टोबर (हिस): लोकसभामा विपक्षी दलका नेता राहुल गान्धी र कङ्ग्रेस महासचिव तथा सांसद प्रियङ्का गान्धी वाड्राले बुधवार इन्डिया गेटमा प्रदर्शन गरिरहेका अङ्किता भण्डारीका परिवारका सदस्यहरूसँग भेट गरेका छन्। दुवै नेताले परिवारको न्यायको मागप्रति समर्थन जनाएका छन्। उत्तराखण्डकी १९ वर्षीया अङ्किता भण्डारीको साल २०२२ को सेप्टेम्बरमा ऋषिकेश नजिकैको एउटा रिसोर्टमा हत्या गरिएको थियो। यस मामिलामा रिसोर्टका मालिक पुलकित आर्य र उनका दुई जना कर्मचारीलाई दोषी ठहर गरिएको थियो। यद्यपि, परिवारले यस मामिलामा कथित 'विशिष्ट व्यक्ति' (भीआईपी) को भूमिकाबारे पनि निष्पक्ष अनुसन्धान गर्न माग गरिरहेको छ। दुष्यन्त कुमार गौतमलाई सिक्किमको राज्यपाल नियुक्त गरिएको विषयमा पनि परिवारले विरोध जनाएको छ।

भारत र युरोपमाझ अन्तरिक्ष आयाममा सहकार्य लगातार बढ्दै

नयाँ दिल्ली, १५ अक्टोबर: गत ४ सेप्टेम्बरमा दक्षिण पूर्वी भारतको श्रीहरिकोटाबाट जीएसएलभी-एफ१७ मा भारतले ईओएस-०५ को प्रक्षेपण गर्नु एउटा राम्रो उदाहरण हो। यसले नयाँ दिल्लीलाई पृथ्वी अवलोकनमा युरोपसँग समान स्तरमा राख्दैन, तर यसले एउटा महत्त्वपूर्ण क्षमता थप्छ: भारतीय अन्तरिक्ष अनुसन्धान सङ्गठन (इसरो) का अनुसार, पृथ्वीसँग सिंक्रोनाइज गरिएको कक्षाबाट सञ्चालन गर्न डिजाइन गरिएको भारतको पहिलो इमेजिङ उपग्रह।

उपग्रहले ईओएस-०३ लाई प्रतिस्थापन गर्दछ, जुन अगस्ट २०२१ मा जीएसएलभी-एफ१० रकेट बोक्न असफल हुँदा हराएको थियो। उदीयमान अन्तरिक्ष शक्तिको लागि यो किन महत्त्वपूर्ण छ? कम-पृथ्वी-कक्ष उपग्रहहरूले सामान्यतया उच्च-रिजोल्युसन छविहरू प्रदान गर्छन्, तर तिनीहरू अपेक्षाकृत छोटो अवधिको लागि मात्र दिइएको क्षेत्रबाट पार गर्छन्। ३६,००० किलोमिटरको उचाइमा अवस्थित ईओएस-०५ ले धेरै ठूलो क्षेत्रलाई अवलोकन अन्तर्गत राख्न सक्छ र धेरै पटक उही क्षेत्रमा फर्कन सक्छ।

यसले गर्दा तटीय क्षेत्रहरूमा लामो समयसम्म चक्रवात, बाढी, आगलागी, कृषि वा गतिविधिको निगरानी गर्न सम्भव हुन्छ। क्षमताभन्दा बाहिर, प्रश्न यो हो कि सङ्कट आउँदा जानकारी कसले नियन्त्रण गर्छ।

भारतको लागि, आफ्नै उपग्रहहरू, घरेलु प्रक्षेपण प्रणालीहरू र आफ्नै अवलोकन तालिका बनाउने क्षमता हुनु भनेको आफ्नो क्षेत्र, यसको सिमाना र हिन्द महासागरमा के भइरहेको छ भनेर बुझ्न विदेशी प्रदायकहरूमा कम भर पर्नु हो। यो प्राविधिक सार्वभौमिकताको प्रश्न हो। यसको विपरीत, युरोपले फरक बाटो अपनाएको छ। यसको वास्तुकला फराकिलो र अधिक विविध छ। कोपर्निकसले जमिन, महासागर र वायुमण्डल अवलोकन गर्न धेरै सेन्टिनेल उपग्रहहरूलाई संयोजन गर्दछ।



मौसम विज्ञान उपग्रहहरूको शोषणको लागि युरोपेली सङ्गठन (युमेटस्याट) ले मेटियोस्याट सञ्चालन गर्दछ, जबकि मेटियोस्याट तेस्रो पुस्ताले ईओएस-०५ जस्तै उचाइबाट निरन्तर मौसम विज्ञान अनुगमन प्रदान गर्दछ। एमटीजी-एस१ उपग्रहमा जुलाई २०२५ मा प्रक्षेपण गरिएको सेन्टिनेल-४ ले युरोप र उत्तरी अफ्रिकामा वायुमण्डलीय प्रदूषणको प्रति घण्टा अवलोकनहरू पनि थप्छ। प्रणालीहरू बराबर छैनन्। युरोपले राडार, अप्टिकल इमेजिङ, मौसम विज्ञान र वायुमण्डलीय मापनलाई संयोजन गर्न सक्षम बहुराष्ट्रिय पारिस्थितिक प्रणाली निर्माण गरेको छ। भारत घरेलु रूपमा सकेसम्म धेरै महत्त्वपूर्ण क्षमताहरू उपलब्ध गराउने उद्देश्यले बढी केन्द्रित मोडेलतर्फ अघि बढिरहेको छ।

दुई बीचको प्रतिस्पर्धा ठ्याक्कै लाभदायक हुन सक्छ किनभने दुवैलाई एक अर्काको नक्कल गर्न आवश्यक छैन। भारतले लन्चर, पृथ्वी अवलोकन, नेभिगेसन, क्रुड मिसन र भविष्यको अन्तरिक्ष स्टेशन विकास गर्न चाहन्छ। युरोपले तेस्रो देशहरूमा निर्भर नगरी आफ्नै औद्योगिक स्वायत्तता र रणनीतिक सम्पत्तिहरू कायम राख्ने क्षमता जोगाउन आवश्यक छ।

केही व्यावसायिक सम्झौताहरूमा, तिनीहरूले प्रत्यक्ष प्रतिस्पर्धा गर्नेछन्। अरूमा, तिनीहरूले पहिले नै गरे जस्तै, तिनीहरूको सम्बन्धित शक्तिहरूको प्रयोग गर्नेछन्। दिसम्बर २०२४ मा, भारतले पीएसएलभी-एक्सएल रकेटमा युरोपेली प्रोबा-३ सौर्य अवलोकन मिसन सुरु गर्यो। युरोपेली अन्तरिक्ष एजेन्सी (ईएसए) र इसरोले मानव र रोबोटिक अन्वेषण, अन्तरिक्ष यात्री प्रशिक्षण, अन्तरिक्ष सञ्चालन र अन्तरसञ्चालनमा पनि सहयोग विस्तार गरेका छन्।१० सेप्टेम्बरमा पेरिसमा हस्ताक्षर गरिएको पत्रहरूको आदानप्रदानले अन्तरिक्ष मौसम र बाह्य अन्तरिक्ष गतिविधिहरूको दिगोपन थप्दै, ८ जनवरी, २०३२ सम्म आफ्नो सहयोग ढाँचा विस्तार गरेको छ। पृथ्वी अवलोकनमा सहयोग अझ पुरानो छ। २०१८ देखि, युरोपेली आयोग र भारतको अन्तरिक्ष विभागले कोपर्निकस र चयन गरिएका भारतीय नागरिक उपग्रहहरू बीच डेटा आदानप्रदान गर्न सम्झौता गरेको छ।

नयाँ दिल्लीले सेन्टिनेल डेटामा पहुँच प्राप्त गर्दछ, जबकि युरोपले भारतीय मिसनहरूबाट डेटा प्रयोग गर्न सक्छ, यद्यपि व्यावसायिक उच्च-रिजोल्युसन इमेजरीलाई बहिष्कृत गरिएको छ। त्यो सम्बन्धलाई गहिरो बनाउनको लागि सबैभन्दा तत्काल क्षेत्र विपद् व्यवस्थापन हो।

ईओएस-०५ ले दक्षिण एसिया र हिन्द महासागरमा निरन्तर अवलोकन प्रदान गर्न सक्छ। युरोपले ती छविहरूलाई राडार, आपत्कालीन म्यापिङ, बहुस्पेक्ट्रल जानकारी र प्रशोधन क्षमताहरूसँग पूरक बनाउन सक्छ। चक्रवात वा बाढी जस्ता द्रुत रूपमा विकासशील घटनाहरूको समयमा, थप स्रोतहरूमा पहुँचले प्रतिक्रिया समय घटाउन सक्छ। त्यहाँ एक रणनीतिक आयाम पनि छ जसको मूल्य हरेक दिन बढ्दै छ। आधुनिक अर्थतन्त्रहरू नेभिगेसन, दूरसञ्चार, मौसम विज्ञान, रसद र रक्षाको लागि अन्तरिक्षमा निर्भर छन्। उपग्रहहरूको सङ्ख्या बढ्दै जाँदा, कक्षामा वस्तुहरूको निगरानी गर्ने, टक्करबाट बच्न र महत्त्वपूर्ण पूर्वाधारको सुरक्षा गर्ने आवश्यकता पनि बढ्दै जान्छ।

'राजनीतिक प्रतिरोध'को आड़मा राहुलले अराजकतालाई बढ़ावा दिँदैछन्: भाजपा

नयाँ दिल्ली, १५ अक्टोबर (हिस): भारतीय जनता पार्टी (भाजपा) ले कङ्ग्रेस नेता राहुल गान्धीमाथि 'राजनीतिक प्रतिरोध' को आड़मा देशमा अराजकताको माहोल सिर्जना गर्ने र समग्र व्यवस्थालाई अस्थिर बनाउने प्रयास गरिरहेको आरोप लगाएको छ।

भाजपाका राष्ट्रिय प्रवक्ता प्रदीप भण्डारीले पार्टीको केन्द्रिय कार्यालयमा पत्रकारहरूसँग कुराकानी गर्दै नेहा बोरा र प्रशान्त भूषणका बयानहरूको उल्लेख गर्दै राहुल गान्धीको राजनीतिक रणनीतिमाथि प्रश्न उठाए। उनले कङ्ग्रेसको वर्तमान आन्दोलनलाई भारतका जनता तथा लोकतान्त्रिक व्यवस्था र राहुल गान्धी एवं उनको राजनीतिक समूहबीचको सङ्घर्षका रूपमा चित्रण गरे। कङ्ग्रेस र त्यससँग सम्बन्धित राजनीतिक समूहहरूको उद्देश्य लोकतान्त्रिक विरोध गर्नु नभई देशको समग्र शासन व्यवस्थालाई अस्थिर बनाउनु रहेको आरोप पनि उनले लगाए।

भण्डारीले पछिल्लो केही दिनदेखि राहुल गान्धीले लगातार 'राजनीतिक प्रतिरोध' शब्द प्रयोग गरिरहेको बताए। उनी अनुसार, राजनीतिक विरोध लोकतन्त्रको हिस्सा हो, तर यसको नाममा अराजकतालाई बढ़ावा दिनु स्वीकार्य हुँदैन। राहुल गान्धी र उनको राजनीतिक समूहको उद्देश्य देशको लोकतान्त्रिक व्यवस्थालाई कमजोर बनाउनु रहेको आरोप उनले लगाए।

भाजपा प्रवक्ताले नेहा बोराको उल्लेख गर्दै राहुल गान्धीले उनलाई आफ्नो 'पोस्टर गर्ल' का रूपमा प्रस्तुत गरेको बताए। भण्डारी अनुसार, नेहा बोराले एउटा अन्तर्वार्तामा बाङ्गलादेशमा भएको आन्दोलनबाट प्रेरित भएको र भारतमा पनि त्यस्तै परिस्थिति चाहेको बताएकी थिइन्।

यस बयानका आधारमा भण्डारीले राहुल गान्धीलाई नेहा बोराका विचारसँग उनी सहमत छन् कि छैनन् भन्ने प्रश्न गरे। यदि राहुल गान्धी त्यस्ता विचारको समर्थन गर्दैनन् भने उनले सार्वजनिक रूपमा आफ्नो धारणा स्पष्ट पार्नुपर्ने र नेहा बोराको बयानसँग असहमति जनाउनुपर्ने माग उनले गरे।

भण्डारीले बाङ्गलादेशको राजनीतिक परिस्थितिको उल्लेख गर्दै त्यहाँ आन्दोलनका क्रममा जसरी व्यवस्थामा परिवर्तनको माग उठेको थियो, भारतमा पनि त्यस्तै परिस्थिति सिर्जना गर्ने प्रयास भइरहेको आरोप लगाए।

यद्यपि, भारतमा यस्तो कुनै योजनाबद्ध षड्यन्त्र भइरहेको भन्ने आफ्नो आरोपको समर्थनमा उनले पत्रकारहरूसँगको कुराकानीका क्रममा कुनै स्वतन्त्र प्रमाण प्रस्तुत गरेनन्। भाजपा प्रवक्ताले अधिवक्ता प्रशान्त भूषणको सामाजिक सञ्जालमा प्रकाशित एउटा पोस्टको पनि उल्लेख गरे। उनले भूषणले आफ्नो पोस्टमा क्रान्ति र रक्तपातसँग सम्बन्धित कुरा लेखेको दाबी गरे।

त्यसको लगभग २४ घण्टापछि राहुल गान्धीले उनीसँग संयुक्त पत्रकार सम्मेलन गरेको पनि भण्डारीले बताए।

यी दुवै घटनालाई जोडदै भण्डारीले राजनीतिक प्रतिरोधको नाममा अराजकतालाई वैध ठहर्याउने प्रयास भइरहेको सङ्केत मिलेको आरोप लगाए। लोकतान्त्रिक व्यवस्थामा असहमति व्यक्त गर्ने र विरोध गर्ने अधिकार भए पनि कुनै पनि राजनीतिक गतिविधिको उद्देश्य हिंसा वा अव्यवस्थालाई बढ़ावा दिनु हुनुहुँदैन भन्ने उनले बताए।

भण्डारीले देशका जनताले विभिन्न निर्वाचनमा मतदान मार्फत आफ्नो राजनीतिक रोजाइ स्पष्ट पारिसकेको बताए। उनले मतपत्र र विद्युतीय मतदान यन्त्र (ईभीएम) मार्फत भएका निर्वाचनका साथै उपनिर्वाचन तथा विद्यार्थी निर्वाचनको पनि उल्लेख गरे। उनी अनुसार देशलाई अराजकतामा धकेल्ने राजनीति जनता र युवावर्गले स्वीकार गरिरहेका छैनन्। लोकतन्त्रमा सत्ता प्राप्त गर्ने बाटो जनसमर्थन र निर्वाचन प्रक्रिया नै भएको उनले बताए। प्रदीप भण्डारीले नेहा बोराको कथित बयानबारे राहुल गान्धीले तत्काल प्रतिक्रिया दिनुपर्ने माग गरे। राहुल गान्धीको राजनीतिक सोच अराजकतालाई बढ़ावा दिने खालको होइन भने उनले यस विषयमा स्पष्ट धारणा सार्वजनिक गर्नुपर्ने भण्डारीले बताए।

भारत र जापानका वायुसेना प्रमुखले तेजस विमानको संयुक्त उड़ान भरे

नयाँ दिल्ली, १५ अक्टोबर: भारतीय वायुसेनाका प्रमुख एयर चिफ मार्शल अमर प्रीत सिंह र जापान एयर सेल्फ–डिफेन्स फोर्स (जैसडीएफ) का चिफ अफ स्टाफ जनरल ताकेहिरो मोरिटाले भारतीय तेजस लडाकु विमानमा सँगै उडान भरे।

राजस्थानको मरुभूमि क्षेत्रमा अवस्थित जोधपुर एयर बेसमा आइतबार, २० सेप्टेम्बर २०२६ का दिन एक विशेष दृश्य देखियो। भारतीय वायुसेनाका प्रमुख एयर चिफ मार्शल अमर प्रीत सिंह र जापान एयर सेल्फ–डिफेन्स फोर्स (जैसडीएफ) का चिफ अफ स्टाफ जनरल ताकेहिरो मोरिटाले भारतीय एलसीए (एलसीए) तेजस हल्का लडाकु विमानको फर्मेसनमा सँगै आकाशमा उडान भरे।

द्विपक्षीय वायुसेना अभ्यास वीर गार्जियन २०२६ (९–२२ सेप्टेम्बर) अन्तर्गत 'विशिष्ट अतिथि दिवस' को अवसरमा गरिएको यो उडान केवल एक प्रदर्शनभन्दा माथि उठेर ऐतिहासिक क्षण बन्न पुग्यो वीर गार्जियन २६: जापानी लडाकु विमानहरू पहिलो पटक भारतमा अभ्यासमा सहभागी)। भारतीय वायुसेनाका अनुसार, सिंहले एकल–सिट तेजस विमानमा फर्मेसनको नेतृत्व गरे। मोरिटाले दुई–सिटे प्रशिक्षक संस्करणको विमानमा उडान भरे, जसलाई तेजस स्क्वाड्रनका कमाण्डर ग्रुप क्याप्टेन आई. सम्राटले उडाएका थिए। फर्मेसनले एयरफिल्डमाथि उडान भरेपछि 'पिल–अफ'म्यानुभर गर्दै अवतरणको प्रक्रिया सुरु गर्यो। जापानी जनरलका लागि, ककपिटभित्रै बसेर भारतमा निर्मित विमान र यसका प्रणालीहरूको अनुभव लिने यो पहिलो अवसर थियो।

अवतरणपछि जनरल ताकेहिरो मोरिटा निकै प्रभावित देखिए। उनले भने, तेजसमा उडान भर्ने यो अमूल्य अवसरका लागि म आभारी छु। उनले थपे, आज यहाँ उपस्थित हुन पाउनु मेरो लागि सौभाग्यको कुरा हो र म यहाँको न्यानो स्वागतप्रति कृतज्ञता व्यक्त गर्न चाहन्छु। तेजसमा उडान भर्ने यो अमूल्य अवसरका लागि म आभारी छु। स्वदेशी रक्षा क्षमताबाट विकसित विमानको रूपमा, तेजस भारतको प्राविधिक नवीनताको प्रतीक बनेको छ र यसले 'मेक इन इन्डिया' पहललाई मूर्त रूप दिन्छ। उनले जोड दिए कि यो उडान केवल एक बहुमूल्य अनुभव मात्र नभई दुई वायुसेनाबीच वर्षौंदेखि कायम रहेको विश्वास, भरोसा र मित्रताको एक सशक्त प्रतीक पनि थियो।

एयर चिफ मार्शल अमर प्रीत सिंहले आफ्ना पाहुनाको उडानलाई स्वदेशी रक्षा उद्योगको प्रतिष्ठाको प्रमाणका रूपमा प्रस्तुत गरे। मोरीतालाई सम्बोधन गर्दै उनले भने, तपाईंले भर्खरै पूरा गर्नुभएको उडान यस भारतीय निर्मित विमानप्रति तपाईंको कति धेरै विश्वास र भरोसा छ भन्ने कुराको स्पष्ट उदाहरण हो। गर्मीको समयमा हुने पहिलो उडानमा पाहुनालाई कुनै असुविधा नहोस् भनेर उनीहरूले जानाजानी यो उडानलाई साधारण वा कम तामझामपूर्ण राखेका थिए। साथै, सिंहले विश्वव्यापी आपूर्ति शृङ्खलामा देखिएका समस्याका कारण अर्डर गरिएका केही विमानहरूको डेलिभरीमा ढिलाइ भएको कुरा पनि स्वीकार गरे। यद्यपि, 'तेजस मार्क २' र पाँचौँ पुस्ताको लडाकु विमान 'एएमसीए' जस्ता आगामी संस्करणहरूसँगै भारतीय रक्षा उड्डयन क्षेत्र अब अझ ठूलो उचाइ हासिल गर्न तयार छ।

वीर गार्जियन २०२६ दुई वायुसेनाबीचको दोस्रो द्विपक्षीय लडाकु विमान अभ्यास हो। यसमा भारतले तेजस, सु–३० एमकेआई र राफेल विमानहरूका साथ सहभागिता जनाइरहेको छ भने जापानले सुझकी एयर बेसबाट एफ–२ए लडाकु विमानहरू तैनाथ गरेको छ। जापानी लडाकु विमानहरूले भारतीय भूमिबाट सञ्चालन गरेको यो पहिलो पटक हो।

सिंहले उल्लेख गरे कि वास्तवमा यसको योजना तरङ्ग शक्ति २०२४ अभ्यासका लागि बनाइएको थियो। दुर्भाग्यवश, दक्षिण–पूर्वी एसियाको खराब मौसमका कारण तपाईंका विमानहरू तैनाथ गर्न सकिएन। तर म धेरै खुसी छु कि हामीले यस पटक त्यसको कमी पूरा गर्न सक्यौँ।

मोरीताले यस तैनाथीलाई बृहत् रणनीतिक सन्दर्भमा राखेर हेरे। सन् २०१८ मा भएको पहिलो संयुक्त अभ्यास शिन्यु मैत्री देखि नै दुई देशबीचको सहकार्य निरन्तर विस्तार हुँदै आएको छ। विशेष गरी तीन वर्षअघि भारतीय लडाकु विमानहरूले जापानको ऐतिहासिक भ्रमण गरेपछि, जापानी लडाकु विमानहरूलाई भारतमा तैनाथ गर्ने कुरा लामो समयदेखिको चाहना थियो। यी पारस्परिक भ्रमणहरू सफल भएसँगै, जापानी एयर सेल्फ–डिफेन्स फोर्सले इन्डो–प्यासिफिक क्षेत्रभरि नै वायुसेना तैनाथ गर्ने आफ्नो क्षमता र तत्परता प्रदर्शन गरिरहेको छ। जापान र भारत 'स्वतन्त्र र खुला इन्डो–प्यासिफिक' को साझा दृष्टिकोण राख्छन्। हाम्रा देशहरूले सामना गरिरहेको रणनीतिक परिवेश झन्–झन् जटिल बन्दै जाँदा, घनिष्ठ रक्षा सहयोगको महत्त्व पनि बढ्दै गएको छ, मोरीताले भने। उनले जुलाईमा प्रधानमन्त्रीहरू ताकाइची र मोदीबीच भएको शिखर वार्ता तथा अगस्टमा रक्षा मन्त्रीहरूबीच भएको बैठकको चर्चा गरे। यो साझेदारी केवल संयुक्त अभ्यासभन्दा माथि उठेर सबै तहमा हुने आदान–प्रदान र अन्तरिक्ष क्षेत्रमा समेत सम्भावित सहकार्यसम्म विस्तार भएको छ।

सिंहले यो सम्बन्धलाई वर्णन गर्न एउटा जापानी शब्दको प्रयोग गरे। म यस सहकार्यलाई 'किजुना' भन्न सक्छु, उनले भने। मलाई बताइएअनुसार, यो एउटा यस्तो बन्धन वा दिगो सम्बन्ध हो जुन साझा अनुभव, आपसी सम्मान र संयुक्त अभियानहरूका माध्यमबाट अझ बलियो हुँदै जान्छ। यो साझेदारी आपसी सम्मान, पेसागत विश्वास तथा शान्ति र स्थिरताप्रतिको साझा प्रतिबद्धता मा आधारित छ। सँगै तालिम लिनेहरू एक–अर्काबाट सिक्छन्। हामी सँगै उडान भर्छौं; हामी सँगै तालिम लिन्छौं। यसरी नै दुवै पक्ष सँगै अघि बढ्छन् र सुधार गर्छन्। त्यो दिन सिंहका लागि व्यक्तिगत रूपमा पनि महत्त्वपूर्ण थियो।

उनी अर्को महिना आफ्नो पदबाट बिदा हुँदै छन्। मोरीताले उनको उत्कृष्ट सेवा का लागि धन्यवाद दिँदै बताए कि उनको नेतृत्वबिना यो सहकार्य आजको अवस्थासम्म आइपुग्ने थिएन। सिंह संयमित देखिए। कन्नीमा भारतीय वायुसेनामा, हामीले यो सुनिश्चित गरेका छौं कि संस्था कुनै पनि व्यक्तिभन्दा माथि हुन्छ। जब एक व्यक्ति सेवा निवृत्त हुन्छन्, तब केही पनि परिवर्तन हुँदैन।

नारी शक्ति स्वस्थ, शिक्षित र सक्षम भयो भने मात्र राष्ट्रको वर्तमान सुरक्षित तथा भविष्य उज्ज्वल हुन्छः मुख्यमन्त्री योगी

लखनऊ, १५ अक्टोबर (हिस): मुख्यमन्त्री योगी आदित्यनाथले जगतजननी माँ भगवतीको स्कन्दमाता स्वरूपलाई वात्सल्य, स्नेह र पोषणकी अधिष्ठात्री देवी बताए। उनले भने, ''माँ स्कन्दमाताको पूजा गर्नाले हामीलाई यो पवित्र सन्देश दिन्छ कि नारीशक्ति स्वस्थ, शिक्षित एवं समर्थ भयो भने मात्र राष्ट्रको वर्तमान सुरक्षित अनि भविष्य उज्ज्वल हुन्छ। योगीले 'एक्स'– मा पोस्ट गरे, वर्ष २०१७ भन्दा पहिला छोरीहरूलाई सशक्त बनाउनको सट्टा पूर्ववर्ती सरकारहरूले आफ्नो राजनीतिक स्वार्थलाई पोषित गर्नमा मात्र व्यस्त थिए। राज्यमा आमाहरूको स्वास्थ्य र छोरीहरूको शिक्षा घोर उपेक्षा एवं भ्रष्टाचारद्वारा ग्रस्त थियो। अस्पतालको खराब अवस्था, औषधिहरूको अभाव तथा कमजोर संस्थागत प्रसवको लाचार व्यवस्थाको कारणले आमा–शिशु मृत्युदर चिन्ताजनक स्थितिमा पुगेको थियो। मुख्यमन्त्रीले लेखे, विगत साढे नौ वर्षभित्रमा डबल इन्जिन सरकारले यस्तो स्थितिलाई परिवर्तन गरेको छ। यसअघि राज्यका लाखौं छोरीहरू सुविधाको अभावमा विद्यालय छोड्न बाध्य थिए, तर विगत साढे नौ वर्षमा डबल इन्जिनको सरकारले छोरीको जन्मदेखि लिएर उनीहरूको शिक्षा एवं सुरक्षित मातृत्वसम्म समग्र सुरक्षा अनि कल्याण चक्र तयार गरेको छ। मुख्यमन्त्रीले वर्ष २०१७– पछि परिवर्तन भएको परिदृश्यमाथि पनि ध्यानाकर्षण गराए। उनले बताए, अपरेशन कायाकल्पबाट प्राथमिक विद्यालयमा आधारभूत सुविधाहरूको सेचुरेशन ३६–देखि बढ़ेर ९६ प्रतिशतभन्दा बढी पुगेको छ। स्कूल ड्रप आउट रेट २०–देखि घटेर ३ प्रतिशतभन्दा कममा झरेको छ। अटल आवासीय विद्यालयको माध्यमबाट श्रमिक अनि वञ्चित वर्गका छोरीहरूलाई आधुनिक, विश्वस्तरीय आवासीय शिक्षा प्राप्त भइरहेको छ। कस्तुरबा बालिका विद्यालयहरूमा कक्षा १२ सम्म शिक्षाको सुविधाको विस्तारबाट छोरीहरूलाई आफ्नो शिक्षा पूरा गर्ने अवसर प्राप्त भइरहेको छ। मुख्यमन्त्रीले भने, छोरीहरूको शिक्षामा लगानी गर्नु भनेको उनीहरूको आत्मविश्वास र राज्यको भविष्यलाई सशक्त बनाउनको लागि लगानी गर्नु हो।

भारत चौथो ठूलो अर्थतन्त्र बन्ने आईएमएफको प्रक्षेपण

नयाँ दिल्ली, १५ अक्टोबर: अन्तर्राष्ट्रिय मुद्राकोष (आईएमएफ) को प्रक्षेपणअनुसार भारत सन् २०२७ मा जापानलाई उछिन्दै विश्वको चौथो ठूलो अर्थतन्त्र बन्ने भएको छ। भारतको कुल गार्हस्थ्य उत्पादन (जीडीपी) ४५ खर्ब २० अरब अमेरिकी डलर पुग्ने अनुमान गरिएको छ भने जापान छैटौं स्थानमा झर्ने अपेक्षा छ। नाममात्रको जीडीपीका आधारमा जापान यस वर्ष विश्वको चौथो ठूलो अर्थतन्त्र बन्नेछ। तर, सन् २०२७ मा भारत र बेलायतले जापानलाई पछाडि पार्ने आईएमएफको प्रक्षेपण छ। विश्वको सबैभन्दा ठूलो अर्थतन्त्र अमेरिका हो भने चीन दोस्रो र जर्मनी तेस्रो स्थानमा छन्। विश्वव्यापी आर्थिक अवरोधका बीच भारतले पछिल्ला वर्षमा बलियो आर्थिक वृद्धि हासिल गरेको छ। आईएमएफले यसै साता सन् २०२६ का लागि भारतको आर्थिक वृद्धिदरको अनुमान बढाएर सात प्रतिशत पुर्याएको छ। यसको विपरीत, वृद्ध जनसङ्ख्या र संरचनात्मक समस्याका कारण जापानको आर्थिक वृद्धि सुस्त बनेको छ।

एशिया–प्रशान्त क्षेत्रका लागि आइएमएफको क्षेत्रीय आर्थिक दृष्टिकोण बिहीबार सार्वजनिक गर्दै एसिया निर्देशक कृष्ण श्रीनिवासनले इरानमाथि अमेरिका र इजरायलको युद्धका कारण ऊर्जा मूल्यमा परेको असर सामना गर्न भारत तुलनात्मक रूपमा बलियो अवस्थामा रहेको बताए। भारतको आर्थिक वृद्धि बलियो रहेको, वित्तीय अनुशासन कायम भएको र पर्याप्त विदेशी मुद्रा सञ्चिति रहेकाले ऊर्जा मूल्यको धक्कालाई सामना गर्न सहज भएको उहाँको भनाइ थियो।

आइएमएफले जापानको आर्थिक वृद्धिदर सन् २०२६ मा शून्य दशमलव सात प्रतिशतमा सीमित हुने अनुमान गरेको छ। ऊर्जा मूल्यवृद्धि र व्यापक मुद्रास्फीतिले जापानको अर्थतन्त्रमा दबाब बढाएको छ। सन् २०२२ को वसन्तयामदेखि निरन्तर बढिरहेको उपभोक्ता मूल्यमा इरान युद्धका कारण ऊर्जा महँगिएपछि थप चाप परेको छ। यसले जापानको केन्द्रीय ब्याङ्कलाई तीन दशकयताकै उच्च ब्याजदरमा पुऱ्याएको छ।

अमेरिकी डलरको तुलनामा येनको मूल्य गर्मीयाममा ४० वर्षयताकै न्यून स्तरमा झरेपछि आयात लागतसमेत बढेको छ। वृद्ध जनसङ्ख्याले पनि जापानको आर्थिक गतिविधिमा असर पारेको छ। श्रीनिवासनले कृत्रिम बौद्धिकता (एआई) क्षेत्रमा भइरहेको लगानीले जापानको अर्थतन्त्रलाई फाइदा पुर्याए पनि यसबाट क्षेत्रका अन्य अर्थतन्त्रको तुलनामा उल्लेखनीय बढी लाभ नपुगेको बताए। यसैबीच एआई क्षेत्रका कम्पनीहरूको नाफाबारे शङ्का बढेपछि प्रविधि कम्पनीका सेयरमा गिरावट आएको छ। त्यसको असर जापानको प्रमुख सेयर बजार सूचक निक्केईमा पनि परेको छ। बिहीबार निक्केई सूचक करिब पाँच प्रतिशतले घटेको छ।

टाटा समूहमा लगातार बढ्दै छ किचलो

मुम्बई, १५ अक्टोबर: भारतको सबैभन्दा प्रतिष्ठित व्यावसायिक घरानामध्ये एक हो, टाटा समूह। सोही समूहमा नेतृत्व, कम्पनी सञ्चालन र स्वामित्वको विषयलाई लिएर विवाद चर्किएको छ। समूहको होल्डिङ कम्पनी 'टाटा सन्स'का अध्यक्षका रूपमा एन चन्द्रशेखरनको पुनर्नियुक्ति र कम्पनीलाई सेयर बजारमा सूचीकृत गर्ने प्रस्तावमा कम्पनीका प्रमुख सेयर धनी 'टाटा ट्रस्ट्स'का अध्यक्ष नोएल टाटाले विरोध जनाएका छन्। यससँगै दशकौँदेखि विश्वास र सुशासनको उदाहरण मानिँदै आएको समूहको आन्तरिक शक्ति संघर्ष सार्वजनिक भएको समाचारमा उल्लेख छ। नुनदेखि सफ्टवेयरसम्म उत्पादन तथा सेवा दिने टाटा समूह भारतको अर्थतन्त्रमा महत्त्वपूर्ण स्थान राख्ने विशाल व्यावसायिक साम्राज्य हो। यसको संयुक्त बजार मूल्य २६० अरब अमेरिकी डलरभन्दा बढी रहेको र समूहले विश्वका १०० भन्दा बढी देशमा लाखौं मानिसलाई रोजगारी दिएको छ। तर समूहभित्रको पछिल्लो विवादले एउटा महत्त्वपूर्ण प्रश्न उठाएको छ, के भारतको सबैभन्दा विश्वासिलो ब्रान्डमध्ये एक टाटा समूहले आफ्नो प्रतिष्ठालाई आन्तरिक शक्ति संघर्षबाट जोगाउन सक्छ?

चन्द्रशेखरन र नोएल टाटा

विवादको केन्द्रमा टाटा सन्स र टाटा ट्रस्ट्स छन्। टाटा सन्स समूहका विभिन्न व्यवसायलाई एकीकृत गर्ने मुख्य कम्पनी हो भने टाटा ट्रस्टले समूहमा बहुमत सेयर स्वामित्व राख्ने सातवटा परोपकारी ट्रस्टको प्रतिनिधित्व गर्छ। टाटा सन्सको सञ्चालक समितिका अधिकांश सदस्यले चन्द्रशेखरनको पुनर्नियुक्ति र कम्पनीलाई सेयर बजारमा सूचीकृत गर्ने प्रस्तावलाई समर्थन गरेका छन्। समूहको अर्को प्रमुख सेयर धनी एसपी ग्रुपले पनि प्रस्तावको समर्थन गरेको छ। तर टाटा ट्रस्ट्सका अध्यक्ष नोएल टाटाले दुवै प्रस्तावको विरोध गरेका छन्। उनले कम्पनीलाई सार्वजनिक रूपमा सूचीकृत गर्दा समूहको परोपकारी उद्देश्य कमजोर हुन सक्ने तर्क गरेका छन्। टाटा ट्रस्ट्ससँग बहुमत सेयर स्वामित्व भएकाले वार्षिक साधारणसभामा यी निर्णय उल्ट्याउन सक्ने सम्भावना पनि छ।

स्वतन्त्र कर्पोरेट सुशासनसम्बन्धी संस्था इनगभर्न रिसर्चका प्रमुख श्रीराम सुब्रमण्यमका अनुसार यो विवाद सञ्चालक समिति र सेयरधनीबीचको स्वार्थ तथा प्राथमिकतामा देखिएको असमझदारी हो। उनले यस प्रकरणले तत्काले टाटा ब्रान्डको छविमा ठूलो असर नपर्ने तर समूहको नेतृत्वले यस्तो चुनौती कसरी व्यवस्थापन गर्छ भन्ने विषयले चिन्तित बने बनाउने बताएका छन्।

रतन टाटाको निधनपछि बढेको मतभेद

टाटा समूहभित्रको असमझदारी पूर्वअध्यक्ष रतन टाटाको सन् २०२४ मा निधन भएपछि थप सतहमा आएको हो। रतन टाटाले समूहलाई अन्तर्राष्ट्रिय बजारमा विस्तार गर्न महत्त्वपूर्ण भूमिका खेलेका थिए। उनको नेतृत्व, परोपकारी काम र व्यावसायिक निर्णयका कारण उनी भारतमा अत्यन्त सम्मानित उद्योगपतिका रूपमा स्थापित थिए। रतन टाटा नोएल टाटाका सौतेनी दाजु थिए। रतन टाटाको निधनपछि समूहको नेतृत्व र उत्तराधिकारसम्बन्धी प्रश्नले नयाँ रूप लिएको छ। धेरै भारतीयका लागि रतन टाटा केवल उद्योगपति थिएनन्। उनी व्यवसायलाई नाफामा सीमित नराखी समाजप्रतिको जिम्मेवारी पूरा गर्नुपर्छ भन्ने मान्यताका प्रतीक पनि थिए। उनको निधनमा भारतभर श्रद्धाञ्जली व्यक्त गरिएको थियो।

ब्रान्ड तथा व्यावसायिक रणनीतिका जानकार हरिश बिजुरका अनुसार, कुनै समय टाटा समूहप्रति जनमानसमा एकीकृत धारणा थियो। टाटा समूह इमानदार छ र यसको व्यवस्थापन राम्रो छ भन्ने स्थापित मानक थियो। अहिले भने समूहको आन्तरिक विवादका कारण मानिसहरूको धारणा विभाजित हुन थालेको छ। उनका अनुसार टाटा समूहले विगतमा विवाद र मतभेदलाई सकेसम्म सार्वजनिक चर्चाबाट टाढा राख्दै आएको थियो। अहिले सञ्चालक समिति र ट्रस्टबीचको संघर्ष सार्वजनिक बहसको विषय बनेको छ। भारतको ब्रान्ड मूल्यांकन संस्था ब्रान्ड फाइनान्सको सूचीमा टाटा समूह सन् २०१८ देखि भारतको सबैभन्दा मूल्यवान् ब्रान्डका रूपमा रहँदै आएको समूहको वेबसाइटमा उल्लेख छ। टाटा सन्स र टाटा ट्रस्ट्सबीच के फरक छ ? टाटा सन्स समूहका विभिन्न कम्पनीको होल्डिङ कम्पनी हो। समूहले यसलाई विभिन्न व्यवसायलाई एउटै संरचनामा जोड्ने संयन्त्रका रूपमा व्याख्या गरेको छ। अर्कोतर्फ, टाटा ट्रस्ट्सले समूहमा बहुमत सेयर स्वामित्व राख्ने सात परोपकारी ट्रस्टको प्रतिनिधित्व गर्छ। यसले शिक्षा, स्वास्थ्य तथा सामाजिक हितका क्षेत्रमा समूहको योगदानलाई दिशा दिने भूमिका खेल्दै आएको छ।

यही कारण टाटा समूहको प्रतिष्ठा केवल यसका व्यावसायिक सफलतामा आधारित छैन। यसले सामाजिक जिम्मेवारीलाई प्राथमिकता दिने संस्थाका रूपमा पनि पहिचान बनाएको छ। एक्सेटर सेण्टर अफ लिडरशिपका अध्येता तथा टाटा ब्रान्डबारे पुस्तक लेखेका मोर्गन विट्जेलका अनुसार, समूहले समुदाय र कर्मचारीसँग जोडिएका विभिन्न कामबाट विश्वास आर्जन गरेको हो। झारखण्डको जमशेदपुरमा टाटा समूहले भारतको पहिलो एकीकृत स्टिल उद्योग स्थापना गर्नुका साथै योजनाबद्ध औद्योगिक सहर निर्माण गरेको थियो।

मतगणनाको भिडियो गायबः सर्वोच्च न्यायालयद्वारा निर्वाचन आयोगको कडा आलोचना

नयाँ दिल्ली, १५ अक्टोबर: सर्वोच्च न्यायालयले निर्वाचन आयोगले सन् २०२३ मा कर्नाटकको शृङ्गेरी विधानसभा क्षेत्रमा भएको मतगणनाको भिडियो अभिलेख फेला पार्न नसकेको दाबीप्रति कडा आपत्ति जनाएको छ। न्यायालयले उपलब्ध अभिलेख पेश गर्न असफल भए आयोगविरुद्ध प्रतिकूल निष्कर्ष निकालिने चेतावनी दिएको छ। न्यायमूर्ति सञ्जीव कुमार र न्यायमूर्ति सञ्जीव सचदेवको इजलासले निर्वाचन आयोगलाई प्रश्न गर्दै भन्यो, भारतको निर्वाचन आयोगले आफ्नो अभिलेख हराएको छ भनेर कसरी भन्न सक्छ? तपाईंहरूको मुख्य काम चुनाव गराउनु हो र तपाईंसँग आवश्यक कागजात हुनैपर्छ। 'हो, हामी त्यसलाई खोज्ने प्रयास गरिरहेका छौं' भन्नुको के अर्थ छ? तपाईंहरूले त्यो अभिलेख निर्वाचित उम्मेदवारलाई दिइसक्नुभएको थियो। अभिलेखको संरक्षण गर्ने कुनै व्यवस्था नै छैन? तपाईंसँग जे–जति अभिलेख उपलब्ध छन्, ती सबै अर्को सुनुवाइमा पेश गर्नुहोस्। अन्यथा, हामी तपाईंहरूविरुद्ध प्रतिकूल निष्कर्ष निकाल्न बाध्य हुनेछौं। हामी यस्ता कमजोर बहाना स्वीकार गर्नेछैनौं। न्यायालयमा कङ्ग्रेस नेता टीडी राजेगौडाको निवेदनमाथि सुनुवाइ भइरहेको थियो। सन् २०२३ को कर्नाटक विधानसभा चुनावमा उनले भारतीय जनता पार्टीका उम्मेदवार डीएन जीवराजलाई २०१ मतको झिनो अन्तरले पराजित गरेका थिए। तर, पछि उक्त निर्वाचन क्षेत्रमा हुलाकमार्फत खसालिएका मतको पुनः गणना गरिएपछि उनलाई पदबाट हटाइएको थियो। राजेगौडाले निर्वाचन पर्यवेक्षकको प्रतिवेदनका साथै सन् २०२३ मा भएको मूल मतगणना र यस वर्ष मे महिनामा गरिएको पुनः मतगणनाको भिडियो अभिलेख हेर्ने माग गरेका थिए। तर, निर्वाचन आयोगले मूल मतगणनाको दृश्य अभिलेख फेला पार्न नसकेपछि इजलासले आयोगको कडा आलोचना गरेको हो। न्यायालयले निर्वाचन आयोगलाई ती अभिलेख पेसगर्न निर्देशन दिने प्रस्ताव राखेपछि आयोगका तर्फबाट उपस्थित वरिष्ठ अधिवक्ता शेखाद्रि नायडूले मूल मतगणनाको भिडियो अभिलेख फेला पार्न नसकिएको बताएका थिए। इजलास उनको तर्कबाट सन्तुष्ट भएन। न्यायालयले अर्को सुनुवाइसम्म उपलब्ध सबै अभिलेख पेस गर्न आयोगलाई निर्देशन दिएको छ। यस मुद्दाको अर्को सुनुवाइ आगामी फरवरी १५ मा हुने तय गरिएको छ।

वर्ष–२०; अङ्क–२८१; वि.सं. २०८३, असोज ३० गते; गान्तोक, शुक्रवार, १६ अक्टोबर, २०२६

तिमीले आफ्नो भविष्य बदल्न सक्दैनौँ, तर प्रवृत्ति बदल्न सक्छौँ। जब प्रवृत्ति बदल्छौँ, भविष्य आफै बद्लिन्छ।

❑ अज्ञात

सम्पादकीय

एसआईआरलाई लिएर केन्द्रको प्रतिक्रिया

देशभरि अहिले मतदाता सूचीको विशेष गहन पुनरीक्षण (एसआईआर) फिर्ता लिनुपर्ने, मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारलाई पदबाट हटाउनुपर्ने र कथित मत चोरीको माग गर्दै ठूलो आन्दोलन चलिरहेको छ। सोमवार साँझ राहुल गान्धीको नेतृत्वमा इण्डिया ब्लकका नेता, कार्यकर्ता, सामाजिक संस्था र विद्यार्थी सङ्गठनहरूको सर्वोच्च न्यायालयमा भएको मार्चमा धेरै मानिसहरूलाई आकर्षित गरिएको थियो, जसले भाजपाको डरलाई सतहमा ल्याएको छ। एसआईआरविरुद्ध निरन्तर आक्रोश भइरहेको बेला २ अक्टोबरमा एक सङ्गठित आन्दोलन शुरु भएको छ। पहिले, कक्रोच जनता पार्टी, नागरिक समाज र कङ्ग्रेसले छुट्टाछुट्टै मोर्चा शुरु गरेका थिए, तर राहुल गान्धीले यो लड़ाईँमा सबै एकजुट भएको स्पष्ट पारेका छन्, किनकि तिनीहरूको उद्देश्य एउटै हो। त्यस बेलादेखि कङ्ग्रेसबाट आफूलाई अलग देखाउने छिटपुट बयानहरू बाहिर आएका छन्, तर जनताले यो लड़ाईँ राहुल गान्धीको नेतृत्वमा लड़िरहेको कुरा धेरै हदसम्म स्वीकार गरेका छन्। मङ्गलवार आन्दोलनमा संलग्न सबैलाई चियापानका लागि आमन्त्रित गरेर र त्यसपछि उनीहरूसँग पत्रकार सम्मेलन गरेर राहुल गान्धीले लोकतन्त्र बचाउने यो लड़ाईँमा सबै एकजुट भएको कुरा थप स्पष्ट पारे। त्यसपछि बुधवार बिहान अभिजित दीपकका सहयोगीहरू आशुतोष राङ्का र सौरभ दासलाई जन्तर मन्तरमा तिरङ्गा फहराएको आरोपमा तिहार जेल पठाइँदा राहुल गान्धीले लोकतन्त्र बचाउने लड़ाईँमा सबै एकजुट भएको र जन्तर मन्तरमा तिरङ्गा फहराउनु अपराध नभएको भन्दै पोस्ट लेखे।

भाजपालाई त्यो दिनको डर थियो जब राहुल गान्धीलाई वैश्विक रूपमा स्वीकृत नेता मानिनेछ। यसले कङ्ग्रेस र राहुल गान्धीलाई अलग्याउन धेरै प्रयासहरू गऱ्यो। तर अहिले सफलता बिना र जनता चुनावी धाँधलीविरुद्धको आन्दोलनमा सामेल भएका छन्, अमित शाह आफैँले हस्तक्षेप गर्नुपऱ्यो। २ अक्टोबरदेखि धेरै भाजपा नेताले यस मुद्दामा राहुल गान्धीलाई घेरेका छन्, तर उनीहरूको बयान असफल भयो। त्यसैले अहिले गृहमन्त्री अमित शाह आफैँले एसआईआर र भोट चोरीको बारेमा बयान जारी गरेका छन्। ज्ञानेश कुमारविरुद्ध आरोप लगाइँदा अमित शाहले किन जवाफ दिइरहेका छन् भन्ने प्रश्न खरो बनेको छ। वास्तवमा मत चोरीको आरोपको खण्डन गर्न ज्ञानेश कुमारको ठाउँमा अरू कसैलाई मुख्य निर्वाचन आयुक्त नियुक्त गर्न उनलाई कुनै आपत्ति हुनुहुँदैन, ताकि उनले यो प्रमाणित गर्न सकुन् कि चुनाउपछि चुनाउ जितिरहेको भाजपा निर्वाचन आयोगको अनियमितताका कारणले होइन, आफ्नै बलमा जितिरहेको छ। बरु, अमित शाहले आफ्नो प्रतिक्रियामा अन्य धेरै गल्तीहरू गरे।

अमित शाहले २०२९ को चुनाउ भारी बहुमतले जितेको दाबी गरे र कङ्ग्रेसको लागि ठूलो हारको घोषणा गरे। लोकतन्त्रमा कुनै पनि नेताले चुनाउ हुनुभन्दा तीन वर्ष अगाड़ि यस्तो दाबी गर्न सक्दैन। तर अमित शाहले त्यसो गर्नुले उनी किन त्यसो गरिरहेका थिए भन्ने आधार प्रकट गऱ्यो। एसआईआरमाथि प्रश्न उठाउनेहरूमध्ये धेरैले सोधिरहेका छन्– किन कुनै ठोस आधार बिना मतदाताको नाम अचानक मेटाइँदैछ र थपिँदैछ। मतदान समाप्त नभएसम्म कुनै पनि मतदान केन्द्रमा खसालिएको मतको सही गणना किन उपलब्ध हुँदैन? साँझसम्ममा मत प्रतिशत अचानक बढ्छ र दुई वा तीन दिनपछि यो अझ बढ्छ। दिइएको ठाउँमा कतिजना मतदान गर्न आए भनेर सही रूपमा गणना गर्न कति गाह्रो हुन सक्छ? तर यसबारे सोधिएका प्रश्नहरूको जवाफमा अमित शाहले भने– राहुल गान्धी घुसपैठ गर्नेहरूलाई जोगाउन चाहन्छन्। त्यसो भए, के एसआईआरमार्फत अचानक मतदाता सूचीबाट हटाइएका १३ करोड़ मानिसहरू वास्तवमा घुसपैठ गर्नेहरू हुन्? यदि यो सत्य हो भने गृहमन्त्रीको रूपमा अमित शाहले के गरिरहेका छन्? यदि १३ करोड़ मानिसहरू देशको सिमाना पार गरेर भित्र पसेका छन् भने यो केन्द्र सरकारको ठूलो असफलता हो। तर अमित शाहले भाजपाको सङ्गठन दुर्गम क्षेत्रहरूको हरेक कुनामा रहेको दाबी गरिरहेका छन्, जबकि कङ्ग्रेस खेत, खलिहान, नदी र पहाड़मा अनुपस्थित छ।

एसआईआरको विषयमा उठाइएको प्रश्नलाई कङ्ग्रेसको हारलाई उद्धृत गरेर खारेज गर्न सकिँदैन। वास्तवमा, राहुल गान्धीको लगातार पत्रकार सम्मेलनहरूलाई ध्यानमा राख्दै अमित शाहले उनलाई आफ्नै प्लेटफर्ममा आमन्त्रित गर्न सक्छन् र यस मुद्दाको बारेमा आम्नेसाम्ने प्रश्न गर्न सक्छन्। यसले उनको तर्कमा ओजन थप्नेछ। पत्रकार सम्मेलनको नाममा उनी तीन समाचार एजेन्सी: एएनआई, आईएएनएस र पीटीआईको माइक्रोफोन अगाड़ि उभिएर कागजमा लेखिएको कुरा पढ़ेर सुनाएको कङ्ग्रेसको आरोप छ। शारीरिक भाषा विशेषज्ञहरूले अमित शाहको आचरणमा देखिने डर बताउन सक्छन्। तर यस क्षेत्रको एक गैर–विज्ञले पनि के देख्न सक्छन् भने अमित शाह ज्ञानेश कुमारलाई बचाउन हताश प्रयास गरिरहेका थिए।

वास्तवमा, पूर्व मुख्य निर्वाचन आयुक्त ओपी रावतले पनि एसआईआरको समयमा एउटा ठूलो गैरकानुनी काम भएको औँल्याएका छन्। उनले भने, कानूनअनुसार यदि चुनाउअघि अन्तिम संशोधित मतदाता सूची प्रकाशित भएन भने पहिले प्रकाशित सूची प्रयोग गर्नुपर्छ। तैपनि पश्चिम बङ्गालमा चुनाउ संशोधित सूचीको आधारमा सञ्चालन गरिएको थियो, जबकि लाखौँ योग्य मतदाताहरूलाई मतदानबाट छुटाइएको थियो र उनीहरूको पुनरावेदन अझै विचाराधीन थियो। बिहारमा पनि त्यस्तै अवस्था भयो। यसको अर्थ कम्तीमा बिहार र पश्चिम बङ्गालमा भाजपाको जितलाई जायज ठहराउन सकिँदैन। सर्वोच्च न्यायालयले यो अवैध निर्णयको स्व–नोक्सान लिन्छ कि लिँदैन भनेर हेर्न बाँकी छ। यद्यपि, एसआईआरप्रति अमित शाहको प्रतिक्रियाले विपक्षीहरूको चुनाउ चोरीको आरोपलाई अझ बलियो बनाएको विपक्षीको धारणा छ।

सिर्जनधर्मीहरूसँग अनुरोध

विचार तपाईंको, तपाईंको विचारलाई सम्प्रेषण गर्ने जिम्मा हाम्रो। घटनाहरू अनेकथरी हुनसक्छन् तर घटनामाथि समीक्षात्मक दृष्टि राख्ने जिम्मेवारी तपाईं–हाम्रो। प्रत्येक युगको इतिहासले यही प्रमाणित गरेको छ। समाज बौद्धिक जगत्को मार्गदर्शनमा अघि बढ्दै प्रगतिको फाँटमा पुगेको छ। यस्तै इतिहासलाई साक्षी राख्दै सिक्किमको बौद्धिक जगत् पनि जागोस् भन्ने हिमाली बेलाको चाहना हो। हिमाली बेलाको चाहनालाई हैंसे तपाईंहरूले पनि दिनुहुनेछ भन्ने आशाका साथ हामी समस्त बौद्धिक जमातबाट विचारपूर्ण, प्रगतिशील एवं समयसापेक्ष रचनाहरूका निम्ति आह्वान गर्दछौं। हिमाली बेलाले के ठानेको भने कारक जहिले पनि बौद्धिक झुण्ड हुन्छ अनि कारकको विचारलाई सम्प्रेषण दिने हामी निमित्त मात्र हौं।

सिक्किम भारतको एक सुन्दर राज्य हुने गर्थ्यो भन्ने इतिहास नलेखियोस्!

✍ बिना शर्मा
मल्ली, दक्षिण सिक्किम

देशले सिक्किम–दार्जीलिङबीचको मैत्रीपूर्ण सम्बन्धलाई एक दृष्टान्तको रूपमा देशले हेर्ने गर्छ। जातीय सद्भावना, रीतिरिवाज, रहनसहन, भाषा संस्कृति, चाड़पर्वले वारिपारिलाई एक सूत्रमा बाँधेको छ। 'पारि दार्जीलिङलाई दुख्दा वारि सिक्किम रुने गर्छ' भने सिक्किमको वेदना दार्जीलिङले नभनी बुझ्ने गरेको छ। बिहे बटुलो चल्ने, साइनो सम्बन्ध गाँसिएको पारि–वारिको सम्बन्ध धेरै लामो समयदेखि चर्चित हुँदै आए तापनि विगत केही समयदेखि यो सम्बन्धमा केही धमिलोपन देखा पर्न थालेको छ।

पश्चिम बङ्गालको एक भागको रूपमा रहेको दार्जीलिङ, कालेबुङ, डुवर्स तराईका नेपाली भाषी गोर्खाहरूको विगत कैयौँ दशक अघिदेखिको माग हो गोर्खाल्याण्ड। यो मागलाई पश्चिम बङ्गाल तथा केन्द्र सरकारले नजरअन्दाज गर्दै आएको कारण पारिका गोर्खा जातिमाथि ठूलो अन्याय हुँदै आएको छ। यता सिक्किमको एक छुट्टै इतिहास छ, जसलाई राज्यको एक विशेष कानूनले सुरक्षा दिएको छ।

आफ्नै माटोमा अधिकार गुमाएका गोर्खाहरूको मागलाई समर्थन गर्दै सिक्किमले शुरुदेखि दार्जीलिङलाई साथ–सहयोग दिँदै आएको हो। 'गोर्खाल्याण्ड गोर्खाहरूको अधिकार हो र आफ्नो अधिकार पाउनैपर्छ'–भन्ने मागलाई सिक्किमले जहिल्यै सहमति दिँदै आएको छ। गोर्खाल्याणको मागलाई पश्चिम बङ्गालले कहिल्यै समर्थन गरेन। बरू त्यसको साटो अर्ध–स्वायत्त क्षेत्रीय प्रशासनिक निकायहरू प्रदान गऱ्यो।

त्यसपछि दार्जीलिङ गोर्खा हिल काउन्सिल बनायो। माग अझ तीव्र बन्दै गएपछि फेरि 'गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन' दिइयो। कालेबुङलाई छुट्टै जिल्ला बनायो, तर आजसम्म गोर्खाल्याण्डको प्रस्तावमाथि केन्द्र सरकार तथा राज्य सरकारले विचारसम्म गरेन।

केन्द्रमा भाजपा सरकार अनि राज्यमा तृणमूल कङ्ग्रेसको सरकार गठन भएकोले गोर्खाहरूको यो माग पूरा गर्न नसकेको दाबी गर्ने भाजपा सरकारले २०२६ मा पश्चिम बङ्गालमा बहुमत प्राप्त गरेपछि स्थायी राजनीतिक समाधानको हल्ला चुलिएको हो। स्थायी समाधानको माग गर्दै दार्जीलिङले बुझाएको दस्तावेजको चौथो बुँदाबाट चर्किएको विवादले आज सिक्किम–दार्जीलिङमाझ सम्बन्ध धमिलिएको छ।

पश्चिम बङ्गालमा भाजपाको सरकार गठन हुने बितिकै एक–एक गर्दै सिक्किम–दार्जीलिङ एकीकरणको मुद्दा चर्चामा आउन थाले। गोर्खाल्याण्डका कठोर पक्षधर पनि एकीकरणको पक्षमा बोलेको देखिन थालियो भने स्थायी समाधानलाई लिएर तयार गरिएको दस्तावेजमा वरपरका राज्यहरूसँग मिलाएर एक अलग राज्य बनाउन सक्ने प्रस्तावले विषयलाई अझ गम्भीर बनायो।

त्यसपछि लगातार रूपमा एक–एक गर्दै नयाँ अनि नौला क्रियाकलापहरू विकसित हुँदै आएको देखिँदैछ।

पछिल्लो हप्ता प्रभारीको रूपमा राजु विष्टको आगमनको ठिक अघिल्लो दिन सिक्किम–दार्जीलिङ एकीकरणलाई लिएर पत्रकारहरूको तीनवटा प्रश्नको एउटै जवाबमा 'वर्तमान अनि भविष्य निश्चित छैन' भने पश्चात् भोलिपल्टको सिक्किकको भाजपा प्रभारीको पदमा उनको नियुक्ति भयो। त्यस नियुक्तिपछि फेरि राज्यपालको रूपमा भारतीय जनता पार्टी (भाजपा)–का अग्रज नेता दुष्यन्तकुमार गौतमलाई केन्द्रले सिक्किम पठाएको छ। लगातार रूपमा केन्द्र अनि सिक्किम राज्यमाझ हुँदै आइरहेको यो विकास के सामान्य हो त? भन्ने आकलन धेरै बुद्धिजीवीले गर्दै आइरहेछन्। सिक्किम सरकारका आर्थिक सल्लाहकार डा. महेन्द्र पी. लामाद्वारा दार्जीलिङलाई लिएर केन्द्रमा बुझाएको दस्तावेज आजसम्म जनतामाझ उजागर गरिएको छैन। उनले बुझाएको दस्तावेजमा उल्लेख चौथो बुँदा, जहाँ वरपरका राज्यहरूका केही हिस्सा मिलाएर छुट्टै राज्य बनाउन सक्ने प्रस्तावको ड्राफ्ट सार्वजानिक भएपछि उठेका प्रश्नहरूको जवाब उनले केन्द्रलाई बुझाउँदा चौथो बुँदा हटाइएको दाबी पत्रकारमार्फत गरे तापनि लिखित रूपमा भने यस्ता कुनै दस्तावेज कतै प्रस्तुत गरिएन। न केन्द्रले, न डा. महिन्द्र पी. लामाले नै यस विषयमा जनतालाई भरोसा दिलाउन सके। आज पनि यो चौथो बुँदा एउटा रहस्य बनेको छ, जुन गम्भीर रूपमा सिक्किमको भविष्यसँग जोड़िएको छ।

> स्थायी समाधानको माग गर्दै दार्जीलिङले बुझाएको दस्तावेजको चौथो बुँदाबाट चर्किएको विवादले आज सिक्किम–दार्जीलिङमाझ सम्बन्ध धमिलिएको छ।

राज्यका विभिन्न सङ्घ–संस्था तथा राजनीतिक दलहरूद्वारा घरीघरी उठाइएको प्रश्नलाई अदेखा गर्दै आएको राज्य सरकारले सिक्किम–दार्जीलिङ एकीकरण हुन नसक्ने दाबी भाषणमा गर्दै आए तापनि विधानसभामा प्रस्ताव पारित गर्न नसक्नुले एक गम्भीर प्रश्न खड़ा गरेको छ। गोर्खाल्याण्डलाई समर्थन गरेर सिक्किम सरकारले विधानसभामा प्रस्ताव नराख्नु साथै महेन्द्र पी. लामालाई आजपर्यान्त सिक्किमको आर्थिक सल्लाहकारको पदमा राखिरहनुले पनि वर्तमान सिक्किम सरकारको नियतमाथि शङ्का उत्पन्न गर्छ। राज्यको प्रमुख विपक्षी दल सिटिजन एक्सन पार्टी (सीएपी)– सिक्किमले घरीघरी यो गम्भीर मुद्दामा जनताको पक्षबाट आवाज उठाउँदै आएको महिना दिन बितिसक्दा सरकार पक्षबाट एउटा पत्रकार सम्मेलन गरेर जनतालाई आश्वस्त पार्नसम्म नखोज्नुले पनि ठूलो आशङ्का सिर्जना गरेको छ।

जनता यस विषयमा जागरूक हुन अति आवश्यक छ। अस्ति दार्जीलिङका केही संस्था, सङ्गठनबाट आवाज उठ्दा हामी चुप बस्यौँ, हिजो दार्जीलिङको मागमा राखिएको चौथो बुँदाबारे जानकारी पाएर पनि हामी मौन रह्यौँ, फेरि राजु विष्टज्यूलाई सिक्किम राज्यको प्रभारी बनाएर पठाउँदा राज्यले फूल मालाले स्वागत गऱ्यो, आज आधा कार्यकालमा राज्यपालको फेरबदल गरेर केन्द्रले भारतीय जनता पार्टीका कर्मठ कार्यकर्तालाई राज्यपालको रूपमा सिक्किम पठायो, हामीलाई फरक परेको छैन।

२०२३ मा पारित वित्तीय कानूनले खोलेको बाटोमार्फत प्रतिदिन केन्द्र राज्यमाथि हाबी बन्दै गएको देखेर पनि अदेखा गर्ने सरकारले सिक्किमे जनताको भविष्यसँग ठूलो खेलवाड़ गरेको जनताले बुझ्नुपर्छ।

एउटा भाषणमा मुख्यमन्त्रीले भन्नु हुँदै थियो, ''हाम्रो बाबुको चिहान, हाम्रो बाजेको चिहान यहीँ छ, सिक्किम दार्जीलिङ कसरी एकीकरण हुन्छ?''

हिजो सिक्किम देश हुँदा पनि हाम्रो बाबु, बाजेको चिहान यहीँ थियो, तर हामीले देश गुमायौँ अनि भारतको एउटा अङ्गराज्य भयौँ।

भावनाले न हिजो रोक्न सक्यो न भोलि रोक्न सक्छ, यदि सक्छ भने सरकारको नियतले सक्छ, जनताको जागरूकताले सक्छ अनि विधानसभामा पारित दह्रो कानूनले सक्छ। सिक्किम सरकार यदि राज्यका जनताप्रति इमानदार छ भने यो मुद्दालाई लिएर चाँड़ै ठोस कदम चाल्नुपर्छ अन्यथा जुन प्रकारको दैनिक हस्तक्षेप राज्यमा केन्द्रद्वारा हुँदै आइरहेछ, सिक्किम भारतको एक सुन्दर राज्य हुने गर्थ्यो भन्ने इतिहास लेखिन समय लाग्ने छैन। ●

सिक्किम-दार्जीलिङ एकीकरणको मुद्दा : पुनः सतहमा एकपल्ट

✍ वीरेन्द्र ताम्लिङ

दार्जीलिङ जिल्लामा अलग पहिचानसहितको प्रशासनिक व्यवस्थाका लागि आजभन्दा लगभग ११९ वर्षअघि, सन् १९०७ मा, हिलमेन्स एसोसिएसन नामक संस्थामार्फत तत्कालीन बेलायती सरकारसमक्ष दार्जीलिङ जिल्लालाई बङ्गालबाट छुट्याएर अलग प्रशासनिक व्यवस्था गर्न माग गर्दै ज्ञापनपत्र बुझाइएको थियो। यसैगरी, सन् १९८० मा सुबास घिसिङको नेतृत्वमा गोर्खा राष्ट्रिय मुक्ति मोर्चा (जीएनएलएफ) गठन भयो। 'गोर्खाल्याण्ड' को माग गर्दै सन् १९८६–८८ मा निकै ठूलो जनआन्दोलन भएको थियो। उक्त आन्दोलनमा करिब १२०० भन्दा बढ़ी मानिसको मृत्यु भएको थियो। केन्द्र सरकारले कहिले डीजीएचसी, कहिले जीटीए त कहिले आर्थिक सहायता दिएर आन्दोलनलाई थामथुम पार्दै आयो। छुट्टै पहिचान र अलग प्रशासनिक व्यवस्थाको आशा लिएर त्यहाँका नागरिक तथा प्रमुख राजनीतिक दलहरूले सन् २००९ देखि नै दार्जीलिङ संसदीय क्षेत्रमा भारतीय जनता पार्टीका उम्मेदवारलाई समर्थन गर्दै जिताउँदै आएका छन्। सन् २००९ मा जसवन्त सिंह, सन् २०१४ मा एसएस अहलुवालिया तथा सन् २०१९ र २०२४ मा दुईपटक राजु बिष्ट गरी भाजपाले लगातार चारपटक दार्जीलिङ संसदीय क्षेत्रबाट जित हासिल गरिसकेको छ। अहिले बङ्गाल राज्यमा नै भाजपाले अत्यधिक मत प्राप्त गरी बहुमतसहित सरकार गठन गरेको अवस्था छ भने फेरि एकपटक दार्जीलिङका जनतामा केही हुन्छ भन्ने आशा पलाएको छ। त्यस भेगका जनताले सबै क्षेत्रमा भाजपालाई जिताएर आफ्नो जिम्मेवारी पूरा गरेका छन्। अब भाजपाको उच्च नेतृत्वले गोर्खाहरूलाई पहिचान दिलाउने भनेर दिएको वचन पूरा गर्ने जिम्मेवारी आएको देखिन्छ।

दार्जीलिङ पहाड, डुवर्स र तराई क्षेत्रमा गोर्खासम्बन्धी मुद्दाको स्थायी राजनीतिक समाधान खोज्न सन् २०२५ को अक्टोबरमा वार्ताकार तथा सहजकर्ताका रूपमा पूर्व उपराष्ट्रिय सुरक्षा सल्लाहकार, अवकाशप्राप्त भारतीय पुलिस सेवाका अधिकारी एवं सीमा सुरक्षा बलका पूर्व निर्देशक पङ्कज कुमार सिंहलाई नियुक्त गरिएको थियो। हुन त यसअघि सन् २००९ मा पनि यस्तै भूमिकामा अवकाशप्राप्त लेफ्टिनेन्ट जनरल विजय मदन नियुक्त भएका थिए। तर उहाँबाट यस विषयमा के–कति उन्नति वा प्रगति भयो भन्ने जानकारी छैन। २२ अगस्ट, २०२६ मा गृहमन्त्री अमित शाहको बैठकपछि उनकै नेतृत्वमा स्थायी राजनीतिक समाधानका लागि सम्झौताको मस्यौदा र कार्यविधि तयार पार्ने समिति पनि गठन गरिएको छ। समाधान संविधानको दायराभित्र खोजिने बताइएको छ। विशेषगरी यही विषयलाई मध्यनजर गर्दै यसै वर्षको सेप्टेम्बर महिनामा 'गोर्खाल्याण्ड सर्वोच्च समिति' नामक संस्था गठन भएको देखिन्छ। यस समितिको अध्यक्षता प्रा. महेन्द्र पी. लामाले गरेका छन्। समितिमा सेवानिवृत्त भारतीय प्रशासनिक सेवा तथा भारतीय पुलिस सेवाका अधिकारी, वकिल, शिक्षाविद् र अन्य अनुभवी व्यक्तित्वहरू संयुक्त रूपमा सामेल छन्। तीमध्ये त्रिलोक देवान, सरोज के. गजमेर आदि पनि छन्। दार्जीलिङ, तराई र डुवर्सको मुद्दालाई लिएर स्थायी राजनीतिक समाधान खोज्न यो समिति गठन भएको बुझिन्छ।

यस समिति तथा समूहसँग सम्बन्धित जुलाई २०२६ को छलफलपत्र 'स्थायी राजनीतिक समाधानको मार्गचित्र: चार विकल्प वा मार्ग' मा चारवटा विकल्प प्रस्तुत गरिएका थिए।

१. पूर्ण राज्यका रूपमा गोर्खाल्याण्ड: भारतको २९औँ राज्यका रूपमा छुट्टै राज्य गठन।

२. केन्द्रशासित प्रदेश: केन्द्र सरकारको प्रत्यक्ष प्रशासनअन्तर्गत रहने प्रदेशको दर्जा प्रदान गर्ने।

३. 'राज्यभित्रको राज्य' अर्थात् स्वायत्त व्यवस्था: मेघालयको सन् १९६९ को नमुनाजस्तै स्वायत्त व्यवस्था कायम गर्ने।

४. उत्तर बङ्गाल राज्य: उत्तर बङ्गाललाई छुट्टै राज्य बनाउने वा छिमेकी राज्यका जोड़िएका क्षेत्रसमेत समावेश गर्ने।

जुलाईको उक्त मस्यौदामा यी चारवटै प्रस्तावसम्बन्धी बुँदाहरू समावेश थिए। तर सन् २०२६ को अगस्ट महिनामा केन्द्र सरकारसमक्ष बुझाइएको अन्तिम दस्तावेजमा चौथो विकल्प हटाइएको र समावेश नगरिएको भन्ने बुझाइरहेको छ।

सिक्किम–दार्जीलिङ एकीकरणको मुद्दा कसरी सतहमा आयो?

अहिले सिक्किम–दार्जीलिङ क्षेत्रमा विशेष विवाद प्रा. महेन्द्र पी. लामासँग जोड़िएको एउटा प्रारम्भिक मस्यौदाबाट शुरु भएको हो। स्थायी राजनीतिक समाधानका लागि चार विकल्प प्रस्तुत गरिएको आठ पृष्ठको उक्त प्रारम्भिक मस्यौदामा चौथो निकास वा मार्गका रूपमा उत्तर बङ्गाल राज्य तथा छिमेकी राज्यका जोड़िएका क्षेत्र समावेश गर्ने विषय उल्लेख गरिएको थियो। सिक्किम पनि छिमेकी राज्य भएकाले यसले स्वाभाविक रूपमा सिक्किममा चिन्ता उत्पन्न गराएको छ। यससँगै फेरि एकपटक सिक्किम–दार्जीलिङ एकीकरणको मुद्दा जोड़दार रूपमा सतहमा आएको छ। प्रो. लामाको 'स्थायी राजनीतिक समाधानको मार्गचित्र: चार विकल्प' अन्तर्गतको चौथो प्रस्तावमा उत्तर बङ्गाल राज्य गठन गर्ने र त्यसमा छिमेकी राज्यका जोड़िएका क्षेत्रहरू समावेश गर्न सकिने उल्लेख गरिएको थियो। यस प्रस्तावको सिक्किमबाट पहिलोपटक सार्वजनिक रूपमा विरोध गर्ने व्यक्ति सिटिजन एक्सन पार्टी–सिक्किमका अध्यक्ष गणेश के. राई हुन्। तर यस विषयमा प्रो. लामाले आफ्नो सेप्टेम्बर १४, २०२६ को प्रेस विज्ञप्तिमै स्पष्ट रूपमा उल्लेख गरेका छन् कि 'सिटिजन एक्सन पार्टीका अध्यक्षले नै उक्त चौथो मार्ग–'उत्तर बङ्गाललाई राज्य बनाउने वा छिमेकी राज्यका जोड़िएका क्षेत्रसमेत समावेश गर्ने'–लाई सिक्किम समावेश गर्ने अर्थ लगाएर 'आशयपूर्ण, गैरजिम्मेवार र निन्दनीय निष्कर्ष' निकालेका हुन्।

यसपछि नै विवाद चर्कियो र सिटिजन एक्सन पार्टीले लामालाई मुख्य आर्थिक सल्लाहकारको पदबाट राजीनामा दिन वा सरकारले पदबाट हटाउनुपर्ने माग गर्दै गान्तोकमा प्रदर्शनसमेत गऱ्यो। यस गम्भीर विषयलाई लिएर प्रो लामाले यसरी आपत्ति जनाएका छन्– ''छुट्टै राज्य गोर्खाल्याण्डको मागसम्बन्धी आफ्नो दस्तावेजलाई उद्धृत गर्दै सिटिजन एक्सन पार्टीका अध्यक्षले सिक्किमलाई समेत प्रस्तावित राज्यमा समेट्ने सङ्केत गरेका छन्।'' दार्जीलिङ नागरिक समाजका सदस्य लामाले जुलाई २०२६ मा तयार गरिएको 'स्थायी राजनीतिक समाधानका लागि चार मार्ग वा विकल्प' सम्बन्धी प्रारम्भिक दस्तावेजमा कुनै नक्सा वा अन्य दस्तावेज संलग्न नभएको स्पष्ट पारे। उनका अनुसार, चौथो विकल्पमा उत्तर बङ्गाललाई छुट्टै राज्य बनाउने सम्भावना उल्लेख भए पनि त्यसमा सिक्किमलाई समेट्ने कुनै प्रस्ताव थिएन। उनले दस्तावेजमा उल्लेखित 'छिमेकी राज्यका सिमाना जोड़िएका क्षेत्र' भन्नाले बिहार, झारखण्ड, असम र मेघालयलगायत क्षेत्रलाई जनाउन सक्ने बताउँदै सिक्किमलाई जोड़ेर प्रचार गर्नु राजनीतिक रूपमा गैरजिम्मेवार भएको आरोप लगाए।

प्रो. लामाले सिक्किमलाई टुक्राउने वा विस्थापित गर्ने कुनै उद्देश्य नरहेको स्पष्ट पार्दै गोर्खाल्याण्डको ११९ वर्ष पुरानो मागलाई घरेलु राजनीतिका लागि प्रयोग नगर्न सिटिजन एक्सन पार्टीका अध्यक्षलाई आग्रह गरेका छन्। साथै, भारत सरकारसमक्ष अगस्ट २०२६ मा बुझाइएको अन्तिम दस्तावेजमा भने पहिलो तीनवटा विकल्प मात्र समावेश गरिएको उनले जानकारी दिए।–*(हाम्रो प्रजाशक्ति, १५ सेप्टेम्बर २०२६)*

यसरी नै प्रो. लामाले नयाँ समूहले सिक्किम र दार्जीलिङबीचको सम्बन्ध बिगार्ने कोसिस गरिरहेको आशयको अभिव्यक्ति दिएका छन्। प्रो. लामाले प्रस्तुत गरेको चौथो विकल्पलाई विचार गरेर केन्द्र सरकारले कतै उत्तर बङ्गाल राज्य स्थापना गरिहालेमा माथि दाबी गरिएजस्तो प्रस्तावित उत्तर बङ्गाल राज्यको सिमाना मेघालयसँग जोड़िँदैन। मेघालय राज्य असम र बाङ्लादेशको बीचमा पर्छ। तर बिहार, झारखण्ड र सिक्किमसँग यसको सिमाना जोड़िन सक्छ भने छिमेकी राष्ट्रहरू नेपाल, भुटान र बाङ्लादेशसँग पनि सिमाना जोड़िन्छ। प्रो. लामाद्वारा प्रस्तावित चौथो विकल्पमा स्पष्ट रूपमा सिक्किम राज्यलाई समेटेर उत्तर बङ्गाल राज्यमा एकीकरण गर्ने भनिएको छैन। प्रतिवेदनमा केवल 'उत्तर बङ्गाल राज्यका रूपमा र/वा छिमेकी राज्यका नजिकका क्षेत्रहरूसहित' भन्ने उल्लेख गरिएको छ। यसै सन्दर्भमा भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाका महासचिव एवं दार्जीलिङका अनुभवी नेता अमर लामाले भन्नुभएको छ, ''डा. महेन्द्र पी. लामाको दस्तावेजमा सिक्किम विलय कतै उल्लेख छैन।'' यसैगरी, गोर्खाल्याण्ड सर्वोच्च समितिका सदस्य एवं वरिष्ठ अधिवक्ता प्रभाकर देवानले भन्नुभएको छ, गोर्खाल्याण्ड सर्वोच्च समितिले महेन्द्र पी. लामाको मस्यौदामा काम गर्दैन। गोर्खाल्याण्डको मुद्दालाई राजनीतिकरण गरियो र सबै एकजुट हुन नसकेको कारणले नै यो मुद्दाले निकास पाउन सकेन।

प्रो. महेन्द्र पी. लामाको योगदान र प्रतिष्ठा

प्रो. महेन्द्र पी. लामा भारतीय विकास अर्थशास्त्री, प्राध्यापक तथा नीतिविशेषज्ञ हुन्। उनी नयाँ दिल्लीस्थित जवाहरलाल नेहरू विश्वविद्यालयको अन्तरराष्ट्रिय अध्ययन विद्यालयमा वरिष्ठ प्राध्यापक थिए। ३४ वर्षको सेवापछि उनी सेवानिवृत्त भएका थिए। दक्षिण एसियाली अर्थव्यवस्था, क्षेत्रीय सहयोग, सीमावर्ती अर्थशास्त्र, व्यापार, ऊर्जा, बसाइँसराइ र हिमाली विकासमा उनको विशेषज्ञता छ। उनी सिक्किम विश्वविद्यालयका संस्थापक कुलपति थिए। ४५ वर्षको उमेरमा भारतको कुनै केन्द्रिय विश्वविद्यालयका सबैभन्दा कान्छा कुलपति बनेका थिए। उनी इन्दिरा गान्धी राष्ट्रिय खुला विश्वविद्यालयका पूर्व सहप्रतिकुलपति पनि हुन्। हाल उनी सिक्किम सरकारका प्रतिष्ठित मुख्य आर्थिक सल्लाहकारका रूपमा मन्त्रिमण्डलस्तरीय दर्जामा नियुक्त छन्। उनी यस पदमा सिक्किम प्रजातान्त्रिक मोर्चाको शासनकालदेखि लगातार चौथोपटक नियुक्त भएका हुन्–२०००–२००४, २००५–२००७, २०१९–२०२४ र २०२४ देखि हालसम्म।

यसैगरी, उनी विश्वका विभिन्न संस्थामा वरिष्ठ पदमा आबद्ध रहेका छन्। उनी समग्र पहाड़का एक बुद्धिजीवी र सम्पत्ति हुन्। कुरोको चुरो साविक ठाउँमा नपुगी कसैलाई महादोष दिन मिल्दैन। उहाँले यति लामो समयदेखि कमाएको *रहल पृष्ठ ७ मा*

संसारभरि हुँदैछ इन्सुलिनको कमी

मधुमेह रोगीले के गर्ने?

मधुमेहलाई खराब शहरीया जीवनशैलीको उपज मानिन्छ। टाइप २ मधुमेहको समस्या भएका मानिसको रगतमा रहेको सुगरको मात्रा नियन्त्रण गर्न पर्याप्त मात्रामा इन्सुलिन पैदा हुन पाँउदैन। वैज्ञानिकहरूका अनुसार टाइप २ मधुमेहको शिकार भएका लाखौं मानिसहरूलाई आउँदो दशक वा त्यस पछि पनि लामो समयसम्म इन्सुलिन हासिल गर्न धेरै मुस्किल हुन्छ।

विश्वभरमा अहिले २० वर्षदेखि ७९ वर्ष उमेरका लगभग ४० करोड मानिस टाइप २ डायबिटिजबाट पिडित छन्। जसमध्ये आधाभन्दा धेरै मानिस चीन, भारत र अमेरिकामा बस्छन्।

सन् २०३० सम्म टाइप २ डायबिटिजबाट पीडित मानिसहरूको तथ्याङ्क ५० करोडसम्म पुग्ने अनुमान छ।

टाइप २ मधुमेहले पीडितको शरीरमा इन्सुलिन पैदा गर्ने पेनक्रेटिक सेललाई नोक्सान पुऱ्याउन थाल्छ। 'लान्सेट डायबिटिज एण्ड एन्डोक्रिनोलोजी जर्नल'मा प्रकाशित एक अध्ययन अनुसार सन् २०३० सम्म टाइप २ डायबिटिजबाट पिडित लगभग ८ करोड मानिसहरूलाई इन्सुलिनको आवश्यकता हुन्छ। सन् २०३० सम्म यो औषधिको माग २० प्रतिशत बढ्ने सम्भावना छ। तर, यसमध्ये लगभग आधाभन्दा धेरै बिरामीहरूले यो औषधि प्रयोग गर्न पाउने छैनन्। अहिले लगभग ३.३ करोड मानिसहरूलाई इन्सुलिनको आवश्यकता छ र धेरैले यो औषधि प्राप्त गर्न सकेका छैनन्।

इन्सुलिनको अभावको अर्थ

इन्सुलिनको उपलब्धता माथि अध्ययन गर्ने टिमका प्रमुख डा. सञ्जय बासु यो औषधिको उपलब्धता, माग र आपूर्तीको समिकरणलाई बुझाउँदै भन्छन्, 'मधुमेह पिडितहरू यो औषधिसम्म पुग्नुको मतलब सबै मानिसहरूको लागि इन्सुलिन उपलब्ध होस् र मानिसहरू यसलाई किन्न आर्थिक रुपले पनि सक्षम पनि होउन् भन्ने हो।' 'मुल्यको साथसाथै एक सप्लाई चेन पनि विकास हुन आवश्यक छ जसको माध्यमबाट पि।जमा राखिने यो औषधी र यसको साथमा दिइने सुइलाई सुरक्षित ढंगले वितरण गर्न सकियोस्' उनी भन्छन्।

इन्सुलिन किन यति महँगो?

इन्सुलिन ९७ वर्ष पुरानो औषधि हो। जसलाई २० औं शताब्दीमा चमत्कारी औषधी मानिएको थियो। त्यसोभए आविषकार भएको यत्तिका वर्षपछि पनि यो औषधि किन महंगो छ? यो एक ठूलो प्रश्न हो। वैज्ञानिकहरूका अनुसार २५ सय अरब रुपियाँको विश्वव्यापी इन्सुलिन बजारको ९९ प्रतिशत हिस्सा बहुराष्ट्रिय कम्पनी नोवो नोरडिस्क, इलिलिली एण्ड कम्पनी र सनोफीसँग छ। यसको साथै बजारको आकारको हिसाबले यी तीन कम्पनीहरूसँग ९६ प्रतिशत हिस्सेदारी छ। यीनै तीन कम्पनीहरूले पुरै अमेरिकामा इन्सुलिनको आपूर्ती गराउँछन्।

विश्वव्यापी नियन्त्रण

विश्वभरका १३२ देश मध्ये ९१ भन्दा धेरै देशले इन्सुलिनमा कुनै खालको शुल्क लगाउँदैनन्। तर, यसको बाबजुद पनि यो औषधि मानिसहरूको लागि धेरै महंगो छ किनभने करको साथसाथै सप्लाई चेनमा हुने खर्चको कारणले यो औषधि मानिसहरूको पहुँचभन्दा बाहिर जान्छन्। अमेरिकामा मात्रै लगभग दुई करोड मानिसहरू मधुमेहबाट पीडित छन्। सन् २००० देखि २०१० को बीचमा मधुमेह पिडितहरूको इन्सुलिनमा हुने खर्च ८९ प्रतिशत सम्म बढ्यो। प्रति बोतल इन्सुलिनको मुल्य लगभग ४७०० रुपैयाँ बढेर करिब १५००० रुपौयाँ भइसकेको छ। एक बोतल इन्सुलिन केही दिनसम्मको लागि मात्रै पुग्छ। यो औषधिको उपलब्धतालाई लिएर पनि कुनै प्रश्न उठ्छ।

जेनेभा युनिभर्सिटी अस्पतालसँग जोडिएका डाक्टर डेभिड हेनरी बेरनका अनुसार देशहरूमा आपूर्तीकर्ताहरूको धेरै कम विकल्प छ। यस्तोमा मानिसहरूलाई इन्सुलिनको टाइप परिवर्तन गर्न विवश हुन पर्छ किनभने कम्पनीहरूले केही फर्मुलेसन्सलाई उपलब्ध गराउन बन्द गरिदिएका छन्।

यो समय दुनियाँमा पाँच किसिमका इन्सुलिनवाला औषधीहरू छन्। यस्तोमा डाक्टरले बिरामीहरूलाई ती औषधि लेखिदिन्छन् जुन उनीहरूको जीवनशैली, उमेर, ब्लड सुगर लक्ष्य र दैनिक लिने इन्जेक्सनको संख्याको माध्यमले सबैभन्दा धेरै फाइदा पुऱ्याउँछ।

तर, यदि औषधीको उपलब्धताको कुरा गर्ने हो भने इन्सुलिनको आपूर्ति ती देशको लागि एक समस्या हो जहाँ औसत आय कम वा मध्यम स्तरको छ। इन्सुलिनको उपलब्धतामा भएका अध्ययन अनुसार बंगलादेश ब्राजिल मालावी नेपाल पाकिस्तान र श्रीलङ्कामा इन्सुलिनको उपलब्धता कम पाइएको छ। यसको साथै खराब व्यवस्थापन र अप्रभावकारी वितरणको कारणले आपूर्तीमा समस्या पैदा हुन सक्छ। उदाहरणको लागि मोजाम्बिकमा इन्सुलिनको ७७ प्रतिशत आपूर्ती यहाँको राजधानीमा मात्रै सम्भव छ। यसको कारणले राजधानी बाहिर इन्सुलिनको कमी हुन्छ। डाक्टर बेरन भन्छन्, 'विश्वभरमा इन्सुलिनको उपलब्धता नहुने र मधुमेह रोगीहरू इन्सुलिन किन्ने क्षमताबाट बाहिर हुनु जिन्दगीको लागि खतरा हो र यसले स्वास्थ्यको आधारभुत अधिकारलाई चुनौती दिन्छ।'

इन्सुलिनको जेनेरिक औषधि

लगभग सय वर्ष पहिले खोज गरिएको औषधी अहिलेपनि मानिसहरूको लागि जेनेरिक औषधीको रुपमा किन उपलब्ध छैन् भन्ने प्रश्न उठ्छ। इन्सुलिनको आविष्कार गर्ने वैज्ञानिकले आफ्नो औषधिको पेटेन्ट अधिकार टोरन्टो युनिभर्सिटीलाई एक डलरमा बेचिदिएका थिए। औषधीको पेटेन्टको अवधि सकिएपछि अरुले पनि बनाउँछन् र ती औषधि आमरुपमा धेरै सस्तो हुन्छ। यसको लागि जेनेरिक औषधीहरू बनाउने कम्पनीलाई धन्यवाद भन्नुपर्छ तर, इन्सुलिनको मामिलामा भने यस्तो अवस्था छैन।

वैज्ञानिक जेरेमी एक ग्रिन र केभिन रिग्सका अनुसार यसको कारण यो हुन सक्छ कि इन्सुलिन जिवित कोषबाट बन्छ र यसको फर्मुला कपी गर्न धेरै जटिल छ। यसैकारण जेनेरिक औषधीहरू बनाउने कम्पनीहरूले अहिलेसम्म यो औषधीलाई यस लायक सम्झिएनन् र यसको जेनेरिक औषधि बनाउने कोसिस भएन। जैविक स्तरमा मिल्दोजुल्दो इन्सुलिन पनि बजारमा उपलब्ध छ र अपेक्षाकृति सस्तो मुल्यमा उपलब्ध छ तर, त्यो जेनेरिक औषधीजस्तो सस्तो भने छैन। वैज्ञानिकहरूले इन्सुलिन युनिभर्सल हेल्थ कभरेज प्याकेजमा समावेश हुनुपर्ने बताउँछन्। यसको साथै डायबिटिजको वितरण र भण्डारकोलागि अन्वेषणको लागि धन खर्च गर्नुपर्ने आवश्यकता रहेको उनीहरूको भनाइ छ। यसले प्रष्ट हुन्छ कि कमजोर मेडिकल प्रणाली, इन्सुलिनको खर्चिलो वितरण प्रणाली र मुल्य जस्ता कारक मिलेर इन्सुलिन आम मानिसहरूको पहुँच भन्दा बाहिर पुगेको छ। डाक्टर बसु भन्छन्, 'मुल्य र वितरण प्रक्रियालाई लिएर सुधारको आवश्यकता छ। जब, सम्म यी मुद्दामा काम हुँदैन तबसम्म इन्सुलिनको कमीको कारण मानिसहरू मधुमेहबाट ठीक हुन पाँउदैनन्।'

गाउँ घरको ओखती: एक महत्त्वपूर्ण पोषकतत्व लेमनग्रास

हामीसँग त्यस्ता थुप्रै वनस्पति छन्, जसको औषधिय महत्व छ। जस्तो कि, लेमनग्रास। यसलाई पेयको रुपमा प्रयोग गर्न सकिन्छ। यसरी पिउँदा जिब्रो त रसाउँछ नै, स्वास्थ्यलाई पनि फाइदा गर्छ। यस्ता वनस्पतिको सेवनले हामीलाई प्राकृतिक रुपमै स्वास्थ्य–लाभ मिल्छ। सानोतिनो शारीरिक समस्याको निदान खोज्न मात्र होइन, शरीरको रोगप्रतिरोधात्मक क्षमता बढाउन पनि लेमनग्रास नियमित पिउन सकिन्छ।

के पाइन्छ लेमनग्रासमा?

यसमा पाइने एन्टीसेप्टिक गुणले छालालाई स्वस्थ बनाइराख्न मद्दत गर्छ। लेमनग्रास एक महत्वपूर्ण पोषक तत्व हो। यसको सेवनबाट विभिन्न स्वास्थ्य लाभहरू प्राप्त हुन्छ। यो भिटामिन ए, बी, सी र फोलेटको लागि राम्रो स्रोत हो। यसमा पाइने पोटेसियम, क्याल्सियम, म्याग्नेसियम, आइरन शरीरलाई स्वस्थ रही कार्यसम्पादन गर्नको लागि आवश्यक हुन्छ।

यसमा पाइने एन्टीअक्सिडेन्ट –फिनोलिक यौगिक)ले शरीरमा हुने विभिन्न रोगहरूबाट बच्न औषधिको रुपमा काम गर्छ। लेमनग्रासको मुख्य तत्व लेमोनल वा सिट्रल हो। जसमा एन्टीफंगल र एन्टी माइक्रोबियल गुण पाइन्छ। लेमग्रास स्वास्थ्यको लागि धेरै नै उपयोगी हुन्छ।

यस्ता छन् लेमनग्रासको सेवनबाट पाइने फाइदाः

– **कोलेस्ट्रोल कम गर्छः** लेमनग्रासमा एन्टीहाइपर लिपिडोमिक र एन्टी हाइपर कोलेस्ट्रोलेमल गुण हुन्छ जसले कोलस्ट्रोलको स्तरलाई स्वस्थ राख्न मद्धत गर्छ। एक अध्ययनका अनुसार दैनिक लेमनग्रासको सेवन गर्नाले ट्राइग्लिसराइड्सको स्तर ठिक हुन्छ र शरीरबाट एलडिएल कोलेस्ट्रोल कम गर्न मद्धत पुग्छ।

– **शरीरबाट विषाक्त पदार्थ निकाल्छ** : लेमनग्रासले शरीरमा जम्मा भएका हानीकारक विषाक्त पदार्थ निकाल्नमा मद्धत गर्छ। शरीरबाट विषाक्त पदार्थ निस्किएपछि शरीरको अंगले राम्रोसँग काम गर्छ। यसले शरीरमा युरिक एसिडको स्तर कम गर्न मद्धत गर्छ। लेमनग्रासमा पाइने डाइयुरेटिक गुणको कारण धेरैपटक पिसाब लाग्छ र पिसाबको माध्यमबाट विषाक्त पदार्थ बाहिर निस्कन्छ। यसले तपाईंको पाचन स्वास्थ्य पनि ठिक हुन्छ।

– **पेटको समस्या हटाउँछः** एक अध्ययनका अनुसार लेमनग्रासान एन्टी माइक्रोबियल र एन्टी ब्याक्टेरियल गुण हुन्छ जसले पेटमा हुने इन्फेक्सनबाट लड्नमा मद्धत गर्छ। साथै यसले पाचनप्रणालीलाई सुधार्न, ग्यास्टोइन्टेस्टनल डिसअर्डर जस्ता अल्सरलाई रोकथाममा पनि मद्धत गर्छ। लेमनग्रासको सेबनले कब्जियतको समस्याबाट पनि छुटकारा पाउन सकिन्छ।

– **छालाको हेरचाहः** लेमनग्रासमा पाइने एन्टीसेप्टिक र एस्ट्रिन्जन्ट गुणको कारण यो छालाको लागि धेरै फाइदाकारी हुन्छ। यसले चिल्लो छालाको लागि धेरै राम्रो क्लिन्जरको रुपमा काम गर्छ र छालाबाट दाग धब्बा हटाउन मद्दत गर्छ।

–**शरीरको दुर्गन्ध हटाउँछः** डियोड्रेन्ट बनाउन लेमनग्रासको प्रयोग गरिन्छ। यसमा पाइने एन्टीब्याक्टेरियलले शरीरबाट आउने दुर्गन्धलाई टाढा बनाउन मद्धत गर्छ। साथै फंगल र ब्याक्टेरियल इन्फेक्सनबाट रोकथाम गर्छ।

–प्रतिरोधी प्रणाली बलियो बनाउँछ

लेमनग्रासले पाचन, श्वास र स्नायूप्रणालीलाई ठीक राख्न मद्दत गछ। यसले खानाबाट शरीरको लागि आवश्यक पोषक तत्व अवशोषित गर्न मद्दत गर्छ जसले हाम्रो रोग प्रतिरोधी प्रणाली मजबुत हुन्छ।

किन आवश्यक छ खुराक अनुशासन?

खाना सबै जीवित प्राणीका लागि अत्यावश्यक चिज हो। त्यसमा पनि मानव जीवनमा यसको ठूलो महत्व छ। मानिसले बाँच्नकै लागि पनि खाना खाएको हुन्छ। तर, अहिलेको अत्याधुनिक अस्तव्यस्त युगमा मान्छेले खान नजान्दा विभिन्न रोगको सिकार हुनुपरेको छ। संसारमा जति मानिस भोकमरीले मरेका छन्, त्यसको दुई गुणा बढी मानिस धेर खाएर मरेका छन्। खुराक सन्तुलन (डाइट डिसिप्लिन)मा बसेर खानाको सद पयोग गर्ने देशमध्ये नं. १ मा जापान आउँछ। त्यस्तै, दुरूपयोग गर्नेमा खाडी राष्ट्रहरू अगाडि आउँछन्। जापानका अधिकांश नागरिकको डाइट डिसिप्लिनकै कारणले सरदर आयु उच्च छ। साथै, बौद्धिकतामा पनि उनीहरू अगाडि छन्। नेपालमा खान नपाएर मर्नेको संख्या खास छैन। तर, कतिपय ठाउँमा भने यो अवस्था अहिले पनि छ।

कसरी बस्ने खुराक अनुशासनमा? : विश्वव्यापी रूपमा सामान्यतः दुईदेखि तीन सय क्यालोरीसम्मको खानालाई सन्तुलित खानाका रूपमा लिइन्छ। तसर्थ, सोहीअनुसारको रेसिपी तयार पारी क्यालोरी टेस्ट गरेर सरकारको खाद्य प्रयोगशालाबाट प्रमाणित गर्न पठाउनुपर्छ। प्रमाणित भएपछि डाइट डिसिप्लिन मिलाएर मात्र ग्राहकलाई पस्कने नियम होटेल तथा रेस्टुरेन्टले लागू गर्नुपर्छ। स्वस्थ रहन नियमित रूपमा व्यायाम गर्न जति जरुरी छ, त्यहीअनुसार खाना खाने ज्ञान पनि हुन आवश्यक मानिन्छ। आफ्नो उमेर, वजन, उचाइ र कामजस्ता सम्पूर्ण कुरालाई ध्यानमा राखेर खाना खानु नै डाइट डिसिप्लिनमा बस्नु हो। एकैपटक टन्न खाएर दिउँसोभर भोकै बस्नु डाइट डिसिप्लिन होइन। यसो गरेमा स्वास्थ्यमा नराम्रो असर पर्छ। नेपालीहरू ग्यास्ट्रिकले ग्रसित हुनुमा डाइट डिसिप्लिनमा नबस्दाको परिणाम हो। बिहानको खाजा तपाईंले गहकिलो हिसाबले सन्तुलन मिलाएर लिन सक्नुहुन्छ। त्यसपछि खाना (बिहानकै) केही कम मात्रामा लिँदा राम्रो हुन्छ।

दिउँसोको खाजा पनि लाइट खालको खानु उत्तम मानिन्छ। त्यसैगरी, बेलुकाको खाना त झनै कम र सहज रूपमा पच्ने खालको हुन जरुरी छ। खानालाई अझ सन्तुलित बनाउन झोल पदार्थको आवश्यकता पर्छ। त्यसमा पानी हुन अत्यावश्यक छ। कुन खानामा कुन तत्व कति पाइन्छ भन्ने कुराको ज्ञान हुनुका साथै आफ्नो शरीरलाई स्वस्थ राख्न कतिसम्म क्यालोरी आवश्यक छ भन्नेमा पनि ख्याल गर्नुपर्ने हुन्छ। सकेसम्म चिल्लो पदार्थ कम गर्दा शरीरका लागि राम्रो हुन्छ।

खुराक सन्तुलनका फाइदा

- सधैं तन्दुरुस्त र फुर्तिलो भइन्छ। जसले काममा चाख जगाउँछ।
- अनावश्यक वजन घटाउन मद्दत गर्छ।
- क्यान्सरजस्तो घातक रोग लाग्नबाट जोगाउँछ।
- मुटुसम्बन्धी रोगबाट जोगाउन मद्दत गर्छ।
- आफ्नो आगामी पुस्ताका लागि फाइदा पुग्छ।
- हड्डी र दाँत मजबुत बनाउन मद्दत पुऱ्याउँछ।
- काम गर्ने मुडमा पूर्ण परिवर्तन ल्याउँछ।
- स्मरणशक्तिमा सुधार ल्याउँछ।
- निद्रा राम्रो बनाउँछ।
- काम गर्ने शक्तिमा वृद्धि हुन्छ।
- दीर्घ जीवनमा सहायता पुऱ्याउँछ।
- तनाउ कम हुनुका साथै सधैँ खुसी हुने बानी बसाउँछ।
- पेट छरितो हुन्छ।
- बौद्धिकतामा वृद्धि हुँदै जान्छ।
- मधुमेह, उच्च रक्तचापजस्ता दीर्घरोग हुनबाट बचाउँछ।

रक्तअल्पता समस्याको लक्षण

रक्तअल्पता किन हुन्छ, कसरी हुन्छ, कसलाई हुन्छ रु यावत् कुरामा हामी सर्तक रहनुपर्छ। साथसाथै रक्तअल्पता भएमा के हुन्छ? रक्तअल्पताले कस्तो जटिलता ल्याउँछ? त्यसको निदान के हो? यस सम्बन्धमा हामी चनाखो रहनुपर्छ। कुनैपनि रोग लाग्दै गर्दा त्यसको संकेत देखापर्छ। जब यस्ता संकेत देखिन्छ, हामी सतर्क हुनुपर्छ। र, रोग पहिचानतर्फ लाग्नुपर्छ। यसले गर्दा हामी जटिल अवस्थामा फस्दैनौ।

के हो रक्तअल्पता? : रक्तअल्पत्ता रक्त सम्बन्धि एक प्रकारको विकार हो। रक्तअल्पत्ता भएमा शरीरमा रातो रक्तकोषिकाको कमी हुने गर्छ। र, शरीरमा रगतको कमी भएमा शरीरमा हेमोग्लोविनको मात्रामा कमी हुने गर्छ। जसले गर्दा शरीरले सही तरीकाले काम गर्न सक्दैन। रातो रक्त–कोषिकाले शरीरमा अक्सिजनको प्रवाह गर्नुका साथै शरीरमा भएको कार्बन डाइअक्साइडलाई बाहिर फाल्ने गर्छ। यसको अभावमा शरीरले कार्बन डाइअक्साइड फाल्न नसकेर शरीरमा विषाक्तता हुने गर्छ। परिणामस्वरुप, शरीरमा स्वास्थ्य सम्बन्धि विभिन्न समस्या निम्तन्छ। त्यसमध्यको एक रक्तअल्पता पनि हो। रक्तअल्पता विभिन्न कारणले हुनसक्छ। तर रक्तअल्पत्ता भएका शरीर थाक्ने तथा कमजोर हुने गर्छ।, यसबाहेक पनि कुनै अन्य लक्षण देखिएमा तुरुन्तै चिकित्सकसँग सम्पर्क गर्नु उपयुक्त हुन्छ।

हात तथा आँखा मुनिको भाग पहेलो हुनु : जब शरीरले पर्याप्त मात्रामा अक्सिजन पाउँदैन वा शरीरमा रातो रक्त कोषिकाको मात्रा कम हुन्छ, तब छालोको रङ्ग परिवर्तन भई छाला पहेलो हुने गर्छ। यो समस्या अनुहारमा मात्र नभएर हात, आँखा मुनिको भाग, जिब्रो लगायत शरीरको सम्पूर्ण भागमा देखिने गर्छ।

मुटुको चालमा गडबडी : शरीरमा हेमोग्लोविनको मात्रा कम भएमा मुटुलाई रगत पम्प गर्नमा कठिनाई हुने गर्छ। जसले गर्दा मुटुलाई शरीरमा अक्सिजनको प्रवाह गर्न थप बलको प्रयोग गर्नु पर्दछ। जसले मुटुको चाल सम्बन्धि गडबडी निम्त्याउन सक्छ।

थकान : शरीरका अंगले आवश्यकता अनुसार अक्सिजन प्राप्त नगरेको खण्डमा शरीरलाई नियमित कार्यका लागि थप उर्जाको आवश्यकता पर्छ। जसले गर्दा शरीरले थकान महसुस गर्छ।

एकाग्रतामा समस्या : नियमित कार्य गर्नका लागि शरीरका प्रत्येक अंगलाई अक्सिजनको आवश्यकता पर्छ। र, मस्तिष्क यसबाट अछुतो रहँदैन। किनकी शरीरमा अक्सिजनको मात्रा कम भएमा हामी सही तरीकाले सोच्न सक्षम हुँदैनौ। परिणाम स्वरुप हामीलाई एकाग्रता कायम गर्न समस्या हुने गर्छ।

नङ टुक्रने : नङ्ग टुक्रन्छ र भाच्चिने समस्या छ भने यो पनि रक्तअल्पत्राको लक्षण हुनसक्छ। किनकी नङ्गलाई स्वस्थ रहन पनि अक्सिजनको आवश्यकता पर्दछ।

ओठ फुट्नु : सुख्खा हावा, घाम तथा चिसोका कारण पनि ओठ फुट्ने तथा सुक्ने गर्छ। तर, रक्तअल्पत्ताको समस्या भएमा ओठ विशेष भाग फुट्ने गर्छ र ओठको कर्नरलाई असर पार्छ।

पोषणरहित खानेकुराप्रति आर्कषण बढ्नु : विशेषज्ञहरूले अहिलेसम्म यसको कारण पत्ता लगाउन सकेका छैनन्। यद्यपी, रक्तअल्पत्राका विरामी चक, धुलो, माटो वा आइस प्रति आर्कषित हुने विभिन्न अध्ययनहरूले जनाएको छ।



रक्तअल्पत्ताको समस्या कम गर्ने प्राकृतिक उपाय : रक्तअल्पत्ता पनि विभिन्न प्रकारको हुन्छ। त्यसैले, यसको उपचार पनि रोगको प्रकृति अनुसार फरक फरक हुने गर्छ।

पेटभित्रको एसिडको स्तर बढाउने

जब पेटले पर्याप्त मात्रामा एसिडको उत्पादन गर्न सक्दैन, तब शरीरले खानालाई आवश्यकता अनुसार टुक्राउन सक्दैन। परिणामस्वरुप, शरीरले पोषण तत्व ग्रहण गरेपनि उक्त पोषकतत्व शरीरका विभिन्न अंगमा पुग्दैन। त्यसैले , शरीरमा एसिडको स्तर बढाउन एप्पल साइडर भेनेगर, तथा अदुवाको सेवन गर्न सकिन्छ। त्यस्तै, फरमेन्टेट फुडको सेवन गर्न सकिन्छ।

फोलेटको मात्रा बढाउने : फोलेट भिटामिन बी ९ को एउटा प्रकार हो। यसले स्वस्थ रातो रक्त कोषिका उत्पादन गर्न तथा शरीरलाई सही तरीकाले कार्य गर्नमा महत्वपूर्ण योगदान पुर्याउँछ। त्यसैले, फोलेटयुक्त खानामा हरियो सागसब्जी, गेडागुडी, मेवा, अमिलो फलफुलको सेवन गरेर पनि रक्तअल्पताको समस्या कम गर्न सकिन्छ।

बी १२ को मात्रा बढाउने : स्वस्थ रातो रक्तकोषिकाका लागि भिटामिन बी १२ अपरिहार्य मानिन्छ। शाकाहारी, गर्भवती महिला लगायतका व्यक्ति भिटामिन बी १२ को उच्च जोखिममा रहने गर्छन्। भिटामिन बी १२ विशेषगरी मासु, अण्डा, दुधजन्य पदार्थ, माछा तथा समुद्री जीवनमा पाइन्छ।

आइरनको सेवन गर्ने : शरीरको नियमित कार्यको लागि आइरनको पनि उत्तिकै आवश्यकता पर्छ। रातो रक्तकोषिकाको उत्पादनका लागि पनि यो अत्यावश्यक मानिन्छ। यसको अभावमा रक्तअल्पत्ताको समस्या निम्तने गर्छ। शरीरमा आइरनको मात्रा दुई किसिमले बढाउन सकिन्छ, खाना र सप्लीमेन्टको सेवनद्धारा। खानामा विशेषगरी रातो मासु, चुकन्दर, कलेजो, पालुङ्गो, ब्रोकाउली, बदाम, अन्न, गेडागुडी आइरनको राम्रो स्रोत मानिन्छ।

ट्रम्पबाट धोका पाएको जेलेन्स्कीको स्वीकारोक्ति
रूसी इन्धन सम्झौता र स्टारलिङ्क अवरोधले चिन्तित

कीव, १५ अक्टोबरः युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले रूससँग इन्धन खरिदसम्बन्धी सम्झौता गरेपछि आफूले धोका पाएको महसुस गरेको बताएका छन्। अमेरिका र युक्रेनबिच सम्बन्ध तनावपूर्ण भइरहेका बेला अमेरिकी कम्पनी स्पेसएक्सले सञ्चालन गर्ने स्टारलिंकको सैन्य सेवामा लगाइएको प्रतिबन्धले युक्रेनको ड्रोन आक्रमण र हवाई प्रतिरक्षा क्षमतामा समेत असर पारेको छ। बुधवार बेलायती सञ्चार व्यक्तित्व पियर्स मोर्गनको युट्युब कार्यक्रम 'पियर्स मोर्गन अनसेन्सर्ड'मा बोल्दै जेलेन्स्कीले ट्रम्प प्रशासनबाट आफूले धोका पाएको भन्ने प्रश्नमा 'हो' भने। उनले रूससँगको इन्धन सम्झौतालाई रूसी राष्ट्रपति भ्लादिमिर पुटिन र क्रेमलिनको 'सहज विजय'को संज्ञा दिए।

''हामीले एउटा बलियो साझेदार गुमाउँदै गएकोमा दुःख लागेको छ,'' उनले भने। गत साता ट्रम्पले रूसले आफ्नो डिजेल इन्धन विश्व बजारमा आपूर्ति गर्न सहमति जनाएको बताएका थिए। अमेरिकामा ऊर्जा लागत घटाउने र मध्यावधि निर्वाचनअघि मतदाताको असन्तुष्टि कम गर्ने प्रयासस्वरूप यस्तो निर्णय गरिएको हो। तर, यसले अमेरिकी राजनीतिमा आलोचना र युरोपेली सहयोगीहरूमा असन्तुष्टि बढाएको छ। ''यो हाम्रो देश हो, हाम्रो घर हो, हाम्रा छोराछोरी हुन्। त्यसैले ट्रम्पले एउटा पक्ष रोज्दा पीडा हुन्छ,'' जेलेन्स्कीले भने। मध्यस्थकर्ताले दुवै पक्षप्रति समान व्यवहार गर्नुपर्ने उल्लेख गर्दै उनले ट्रम्प गलत पक्षमा उभिएको आरोप लगाए।

स्टारलिंक प्रतिबन्धले सैन्य अभियान प्रभावित

युक्रेनले बुधवार स्पेसएक्सले सैन्य प्रयोजनका स्टारलिंक टर्मिनलको सञ्चालनमा पूर्वसूचनाबिना प्रतिबन्ध लगाउँदा आफ्ना केही सैन्य अभियान प्रभावित भएको बताएको छ। स्टारलिंकका उपकरण युक्रेनले ड्रोनको दिशा निर्धारण, सञ्चार र लक्ष्यसम्म पुग्न प्रयोग गर्दै आएको छ। युक्रेनी राष्ट्रपति कार्यालयका सल्लाहकार सेर्हीं बेस्क्रेस्नोभका अनुसार स्टारसिल्ड नामक सैन्य तथा सरकारी प्रयोजनको सेवामा समेत प्रतिबन्ध लगाइएको छ। उनले टर्मिनलको गति प्रतिघण्टा १६० किलोमिटरमा सीमित गरिएको बताएका छन्। यद्यपि, युक्रेनी सैन्य स्रोतहरूका अनुसार त्योभन्दा कम गतिमै पनि केही ड्रोनको सञ्चार सम्पर्क विच्छेद भएको छ।

यसले रूसभित्रका सैन्य लक्ष्यमा आक्रमण गर्ने युक्रेनको क्षमता र रूसी ड्रोन रोक्न प्रयोग गरिने इन्टरसेप्टर ड्रोनको सञ्चालनमा असर पार्न सक्छ। जेलेन्स्कीले स्टारलिंकमा आएको अवरोधको फाइदा रूसले उठाउन खोजिरहेको बताएका छन्। उनका अनुसार युक्रेनी सेनाले रूसी शाहेद ड्रोन रोक्न इन्टरसेप्टर ड्रोन सञ्चालन गर्दा स्टारलिंकमा निर्भर रहन्छ। ''यो ठूलो गल्ती हो। यस निर्णयले धेरै मानवीय क्षति निम्त्याउनेछ। मानिसहरू मर्नेछन्,'' उनले भने। स्पेसएक्सका प्रमुख एलन मस्कले भने स्टारसिल्ड अमेरिकी सरकारको नियन्त्रणमा रहेको र त्यसको गति तथा प्रयोगसम्बन्धी सीमा अमेरिकी सेना र राष्ट्रपतिले निर्धारण गर्ने बताएका छन्। उनले व्यावसायिक सेवा स्टारलिंकलाई आक्रामक सैन्य कारबाहीमा प्रयोग गर्न नहुने पनि बताएका छन्। युक्रेनका लागि स्टारलिंक सेवाको शुल्क तिरिरहेको पोल्यान्डले प्रतिबन्धप्रति असन्तुष्टि जनाएको छ। पोल्यान्डका विदेशमन्त्री राडोस्लाव सिकोरस्कीले मस्कलाई आफ्ना उत्पादनमार्फत राजनीति नगर्न चेतावनी दिएका छन्।

अमेरिकी गुप्तचर सहयोगमा पनि अनिश्चितता

युक्रेनले रूसका ऊर्जा केन्द्रमा आक्रमण रोक्न दबाब दिने उद्देश्यले अमेरिकाले गुप्तचर सूचना आदानप्रदान निलम्बन गर्न सक्ने चेतावनी दिएको बताइएको छ। युरोपेली देशहरूले युक्रेनका लागि खरिद गर्ने अमेरिकी हतियारको आपूर्ति रोक्ने सम्भावनाबारे पनि चेतावनी दिइएको थियो। रूसी ब्यालिस्टिक क्षेप्यास्त्रको प्रक्षेपणस्थल, सम्भावित लक्ष्य र आक्रमणको समयबारे जानकारी प्राप्त गर्न अमेरिकी गुप्तचर सहयोग युक्रेनका लागि महत्त्वपूर्ण छ। युक्रेनी अधिकारीहरूले लगातार दोस्रो दिन पनि रूसी आक्रमणअघि पश्चिमी साझेदारबाट चेतावनी नपाएको बताएका थिए। अमेरिकी अधिकारीहरूले भने गुप्तचर सहयोग जारी रहेको दाबी गरेका छन्।

रूसी आक्रमणमा ६ लाखभन्दा बढी विद्युतविहीन

स्टारलिंक विवाद चर्किएका बेला रूसले किएभ, खार्किभलगायत युक्रेनी शहरका ऊर्जा पूर्वाधारमा क्षेप्यास्त्र र ड्रोन आक्रमण जारी राखेको छ। जेलेन्स्कीका अनुसार ३० वटा ऊर्जा संरचनामा क्षति पुगेको छ र ६ लाखभन्दा बढी मानिस विद्युत् सेवाबाट वञ्चित भएका छन्। राजधानी किएभमा भएको आक्रमणमा दुई जनाको मृत्यु र २१ जना घाइते भएका थिए। पश्चिमी युक्रेनको लुत्स्कमा भएको आक्रमणमा थप छ जनाको मृत्यु भएको अधिकारीहरूले बताएका छन्। ट्रम्पले ऊर्जा पूर्वाधारमा आक्रमण रोक्ने युद्धविराम लागू भएको घोषणा गरे पनि रूस र युक्रेन दुवैले त्यसमा सहमति भएको सार्वजनिक पुष्टि गरेका थिएनन्। त्यसपछि पनि रूसी आक्रमण जारी रह्यो।

यसैबीच, जेलेन्स्कीले बेलायतका प्रधानमन्त्री एन्डी बर्नह्याम र राजा चाल्र्स तृतीयसँग भेट गर्दै युरोपेली सहयोग जुटाउने प्रयास गरेका छन्। बेलायतले रूसी ड्रोनविरुद्ध प्रयोग हुने क्षेप्यास्त्र खरिद तथा आपूर्तिका लागि ४ करोड ५० लाख पाउण्ड सहयोग उपलब्ध गराउने घोषणा गरेको छ। रूससँगको इन्धन सम्झौता, अमेरिकी गुप्तचर सहयोगमाथिको अनिश्चितता र स्टारलिंक सेवामा आएको अवरोधले युक्रेनको युद्धक्षमतामाथि नयाँ प्रश्न उब्जिएको छ। अमेरिकी सहयोग कमजोर भएमा रूसी आक्रमण रोक्ने र कब्जामा रहेका भूभाग फिर्ता लिने युक्रेनको प्रयास थप कठिन हुन सक्छ।

इरानलाई रूस र चीनको सहयोगबारे ट्रम्पको अविश्वास

न्यूयोर्क, १५ अक्टोबरः अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले रूस र चीनले इरानलाई सहयोग गरिरहेको भन्ने दाबीप्रति अविश्वास व्यक्त गर्दै त्यसो गरेमा दुवै देशले धेरै गुमाउनुपर्ने बताएका छन्। उनले सहयोग भइरहेको भए पनि सीमित स्तरमा हुन सक्ने उल्लेख गरेका छन्। ट्रम्पले सोमवार सामाजिक सञ्जाल ट्रुथ सोसलमा लेखेका छन्, ''चीन र रुसले इरानलाई सहयोग गरिरहेका छन् भन्ने कङ्ग्रेसनी वामपन्थीका टिप्पणी देखिरहेको छु। उनीहरूले सहयोग गरिरहेका छन् भने पनि निकै कम स्तरमा छ। तर, उनीहरूले सहयोग गरिरहेका छन् भन्ने मलाई विश्वास छैन।'' गत साता रूसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग भएको करिब डेढ घण्टा लामो टेलिफोन वार्तामा आर्थिक सहयोग, ऊर्जा आपूर्ति र अन्तर्राष्ट्रिय विषयमा छलफल भएको थियो। त्यसपछि ट्रम्पले रूसले अमेरिकी तथा विश्व बजारमा तत्काल तीन लाख टनभन्दा बढी डिजेल इन्धन आपूर्ति गर्ने र आगामी महिनाहरूमा थप आपूर्ति गर्ने सहमति भएको दाबी गरेका थिए। उनले यसबाट डिजेलको मूल्य घट्ने बताएका छन्।

यसैगरी, गत सेप्टेम्बरमा चिनियाँ राष्ट्रपति सी जिनपिङको तीनदिने वाशिङटन भ्रमणका क्रममा दुई नेताबीच भेटवार्ता भएको थियो। छ महिनाभन्दा कम अवधिमा भएको दोस्रो भेटपछि अमेरिका र चीनले दुवै दिशामा ३० अरब अमेरिकी डलर बराबरका गैरसंवेदनशील वस्तुको व्यापारमा अनुकूल भन्सार महसुल व्यवस्था गर्ने तथा उदीयमान प्रविधिमा संवाद अघि बढाउने सहमति गरेका थिए। ह्वाइट हाउसको तथ्यपत्रअनुसार दुवै देशले सन् २०२६ को मेमा बेजिङमा स्थापित व्यापार तथा लगानीसम्बन्धी बोर्ड सञ्चालनमा ल्याएका छन्। चीनले सन् २०२७ र २०२८ मा कम्तीमा एक करोड मेट्रिक टन अमेरिकी कोइला आयात गर्न पनि सहमति जनाएको छ।

डिजेल निर्यातले मूल्य घटाउने

न्यूयोर्क, १५ अक्टोबरः युरोपेली सङ्घ (ईयू)का अर्थ मामिला प्रमुख भल्दिस डोम्ब्रोभ्स्किसले अमेरिकाले रूसी डिजेल निर्यातलाई अनुमति दिए पनि त्यसले विश्व बजारमा इन्धनको मूल्य घटाउन खासै प्रभाव नपार्ने बताउनुभएको छ। इरान युद्ध शुरु भएयता इन्धनको मूल्य उल्लेख्य रूपमा बढेको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले शुक्रवार रूसी राष्ट्रपति भ्लादिमिर पुटिनसँगको कुराकानीपछि रूसले विश्व बजारमा ठूलो परिमाणमा डिजेल उपलब्ध गराउने घोषणा गरेका थिए। फरवरी २८ मा इरानविरुद्ध युद्ध शुरु भएपछि बढेको इन्धनको मूल्य नियन्त्रण गर्ने उद्देश्यले यो कदम चालिएको हो। थाइल्याण्डको ब्याङ्कमा जारी अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) र विश्व ब्याङ्कको वार्षिक बैठकका क्रममा एएफपीसँग कुरा गर्दै डोम्ब्रोभ्स्किसले रूसी डिजेल निर्यातको सम्भावित प्रभावप्रति शङ्का व्यक्त गरे। उनका अनुसार प्रस्तावित निर्यातको परिमाण विश्व अर्थतन्त्रमा उल्लेखनीय प्रभाव पार्ने स्तरको छैन। साथै, रूसले आवश्यक परिमाणमा डिजेल आपूर्ति गर्न सक्ने र त्यसले अमेरिकी गुणस्तर मापदण्ड पूरा गर्ने विषयमा पनि प्रश्न रहेको उनले बताए। डोम्ब्रोभ्स्किसले सहयोग बढाउन ईयूले अन्तर्राष्ट्रिय साझेदारसँग छलफल गर्ने जानकारी दिए। यसैबिच उनले ईयू र चीनबीचको व्यापार असन्तुलनप्रति चिन्ता व्यक्त गरे। गत वर्ष चीनसँगको ईयूको व्यापार घाटा करिब ३६० अरब युरो पुगेको उल्लेख गर्दै उनले व्यापार सम्बन्धलाई सन्तुलित बनाउनुपर्ने बताए।

म्यानमारमा ठगी केन्द्र सञ्चालन गर्ने तीनजनालाई चीनमा मृत्युदण्ड

बेजिङ, १५ अक्टोबरः चीनको एक अदालतले म्यानमारको कोकाङ क्षेत्रमा ठगी केन्द्रको सञ्जाल सञ्चालन गरेको आपराधिक गिरोहका तीन सदस्यलाई मङ्गलबार मृत्युदण्डको सजाय सुनाएको छ। सोही मुद्दामा अन्य दर्जनौँ व्यक्तिलाई पनि विभिन्न अवधिको जेल सजाय सुनाइएको छ। पछिल्ला वर्षमा म्यानमारसहित दक्षिणपूर्वी एसियाका केही क्षेत्रमा अरबौँ डलरको अनलाइन ठगी कारोबार फस्टाएको छ। यसलाई नियन्त्रण गर्न चीनले क्षेत्रका अन्य देशसँग सुरक्षा सहकार्य बढाउँदै आएको छ। अनलाइन ठगीमा सङ्लग्न सबै व्यक्ति स्वेच्छाले अपराधमा लागेका हुँदैनन्। कतिपय विदेशी नागरिक, विशेषगरी चिनियाँ नागरिकलाई रोजगारीको प्रलोभन देखाएर मानव तस्करीमार्फत त्यस्ता केन्द्रमा पुर्याइन्छ। उनीहरूलाई जेलजस्तै परिसरमा बन्धक बनाएर जबर्जस्ती ठगीका गतिविधिमा सङ्लग्न गराइने गरेको छ।

काम्झोउ इन्टरमिडिएट पिपुल्स कोर्टले मङ्गलबार जारी गरेको विज्ञप्तिअनुसार 'वेई परिवार आपराधिक गिरोह'का सदस्य वेई हुआइरेन, चेन दावेई र लियाओ जिङ्काङलाई मृत्युदण्डको सजाय सुनाइएको हो। अदालतका अनुसार उक्त गिरोह लागुऔषध तस्करी, वेश्यावृत्ति सञ्चालन, अवैध क्यासिनो सञ्चालन, दूरसञ्चार ठगी तथा कम्तीमा दुई चिनियाँ नागरिकको हत्यालगायतका गम्भीर अपराधमा सङ्लग्न थियो। वेई हुआइरेनलाई गिरोहका प्रमुखमध्ये एकका रूपमा पहिचान गरिएको थियो। उनी हत्या र अन्य विभिन्न अपराधमा दोषी ठहर भएका थिए।

अदालतले गिरोहका अवैध गतिविधिबाट १२ अरब २० करोड युआनभन्दा बढी अर्थात् करिब एक अरब ८० करोड अमेरिकी डलर बराबरको रकम असुलिएको जनाएको छ। मुद्दामा गिरोहका अन्य तीन सदस्यलाई आजीवन कारावासको सजाय सुनाइएको छ भने ५५ जनालाई तीन वर्ष तीन महिनादेखि २४ वर्षसम्मको जेल सजाय दिइएको छ। विश्लेषकले 'वेई परिवार'लाई म्यानमाको कोकाङ क्षेत्रमा आपराधिक सञ्जाल सञ्चालन गर्ने 'चार प्रमुख परिवार' मध्ये एकका रूपमा वर्णन गर्दै आएका छन्। चीनको सरकारी प्रसारण संस्था सीसीटीभीका अनुसार उक्त गिरोह उत्तरी म्यानमाको सबैभन्दा हिंस्रक आपराधिक समूहमध्ये एक थियो। उसले राजनीतिक, सैन्य र व्यावसायिक अपराधलाई एकआपसमा जोडेर शक्तिशाली सञ्जाल निर्माण गरेको थियो।

सीसीटीभीले गिरोहले १४ वटा ठूला ठगी केन्द्र सञ्चालन गरेको र उच्च तलबको झुटो प्रलोभन देखाएर ठूलो सङ्ख्यामा चिनियाँ नागरिकलाई म्यानमा बोलाउने गरेको जनाएको छ। पुलिसले अनुसन्धानका क्रममा फलामे साङ्लाले बाँधिएका तथा टाउकोमा गोली लागेको अवस्थामा रहेका पीडितका अवशेषसमेत फेला पारेको सीसीटीभीले उल्लेख गरेको छ। वेई परिवारका सदस्यविरुद्ध पहिलो पटक सन् २०२५ को अक्टोबरमा अभियोग दायर गरिएको थियो। चीनले म्यानमामा सक्रिय आपराधिक गिरोहविरुद्ध कारबाही तीव्र बनाउने क्रममा यसअघि पनि मृत्युदण्ड दिएको थियो। गत जनवरीमा 'मिङ परिवार आपराधिक गिरोह' का सदस्यसहित ११ जनालाई मृत्युदण्ड दिइएको थियो। त्यसको अर्को महिना, कुख्यात 'बाइ समूह'का चार सदस्यलाई ठगी, जानाजानी हत्या, ज्यानमा चोट पुर्याउने, अपहरण र जबर्जस्ती असुलीलगायतका अपराधमा मृत्युदण्ड दिइएको थियो।

ह्यारी र मेघन बेलायतमा संयुक्त रूपमा सार्वजनिक

लण्डन, १५ अक्टोबरः राजकीय जिम्मेवारी त्यागेको छ वर्षपछि राजकुमार ह्यारी र उनकी पत्नी मेघन बेलायतमा संयुक्त रूपमा सार्वजनिक कार्यक्रममा सहभागी भएका छन्। बिहीवार मध्य इङ्ग्ल्यान्डको नटिङ्घममा तीन परोपकारी संस्थाको भ्रमण गर्ने दम्पतीले पुराना सम्बन्ध पुनः जोड्दै आफ्नो सार्वजनिक पहिचान स्थापित गर्ने प्रयास गरेका छन्। राजा चार्ल्स तृतीयले दम्पती राजपरिवारका गैरकार्यरत सदस्य रहेको स्पष्ट पारेका छन्।

दरबारले गत सेप्टेम्बरमा उनीहरूलाई राजपरिवारका विशेष सम्बोधन प्रयोग नगर्न र परोपकारी काम निजी नागरिकका रूपमा गर्न निर्देशन दिएको थियो। दम्पतीको लोकप्रियताले सक्रिय राजपरिवारका सदस्यसँग सञ्चारमाध्यमको ध्यान र जनसमर्थनका लागि प्रतिस्पर्धा गर्न सक्ने चिन्ता दरबारका केही अधिकारीमा रहेको बताएको छ।

भ्रमणमा युवाको सीप विकास गर्ने कम्युनिटी रेकर्डिङ स्टुडियो, खाद्य सहायता केन्द्र हिम्मा र सुविधाबाट वञ्चित युवालाई खेलकुद तथा शिक्षा उपलब्ध गराउने एपिक पार्टनर्स समावेश छन्। ह्यारी एक दशकभन्दा बढी समयदेखि दुई संस्थासँग आबद्ध छन् भने मेघनले सन् २०१८ मा प्रकाशित पुस्तकमार्फत हिम्मासँग सहकार्य गरेकी थिइन्।

राजकीय जिम्मेवारी त्यागेर छ वर्षअघि क्यालिफोर्निया सरेका दम्पतीले त्यसपछि नेटफ्लिक्स र स्पोटिफाइसँग व्यावसायिक सम्झौता गरेका थिए। मेघनको मानसिक स्वास्थ्यप्रति दरबारले संवेदनशीलता नदेखाएको तथा राजपरिवारका केही सदस्यले जातीय विभेद गरेको आरोप लगाएपछि उनीहरूको सम्बन्ध बिग्रिएको थियो। पछिल्ला महिनामा भने सम्बन्ध सुधारको सङ्केत देखिएको छ।

ह्यारीले पिता राजा चार्ल्ससँग मेलमिलाप गर्न चाहेको र आफ्ना छोराछोरीले हजुरबुवालाई चिन्ने अवसर पाउन् भन्ने इच्छा व्यक्त गरेका छन्। सन् २०२४ मा क्यान्सर पत्ता लागेपछि राजा चार्ल्सको उपचार भइरहेको छ। ह्यारी र मेघन आफ्ना दुई छोराछोरीसँगै अक्सफोर्डको पश्चिममा रहेको कोट्सवल्ड्सको ग्रामीण क्षेत्रमा बस्दै आएका छन्। यद्यपि, बेलायत फर्किएपछि पनि सुरक्षा विवाद कायम छ। राजकीय जिम्मेवारी त्यागेपछि हटाइएको सार्वजनिक कोषबाट उपलब्ध हुने पुलिस सुरक्षा पुनः उपलब्ध गराउन ह्यारीले माग गर्दै आएका छन्। आफ्नो शाही हैसियतका कारण परिवार जोखिममा परेको उनको भनाइ छ। सुरक्षा समस्याका कारण छोराछोरीलाई नयाँ शैक्षिक सत्र शुरु भएको केही दिनमै विद्यालय परिवर्तन गर्नुपरेको थियो।

होर्मुजमा मालवाहक जहाज डुब्यो, अनुसन्धान जारी

तेहरान, १५ अक्टोबरः इरानको इस्लामिक रिभोलुसनरी गार्ड कोर (आईआरजीसी) को नौसेनाले स्ट्रेट अफ होर्मुजमा समुद्री शुरुङ विस्फोटकमा ठोक्किएपछि एउटा मालवाहक जहाज डुबेको जनाएको छ। जारी युद्धका क्रममा समुद्री शुरुङमा ठोक्किएर जहाज डुबेको घटना पहिलोपटक सार्वजनिक भएको इरानी पक्षको भनाइ छ। यसैबीच, समुद्री यातायातसम्बन्धी अधिकारीहरूले सिङ्गापुरमा दर्ता भएका दुई मालवाहक जहाज मङ्गलबार र बुधवार जलडमरूमध्य पार गर्ने क्रममा अज्ञात वस्तुबाट प्रहारमा परेको जानकारी दिएका छन्। तीमध्ये एउटा जहाज डुबेको छ भने अर्को सुरक्षित स्थानमा पुग्न सफल भएको छ।

सिङ्गापुरको सामुद्रिक तथा बन्दरगाह प्राधिकरणका अनुसार डुबेको जहाजमा रहेका सबै चालक दलका सदस्यलाई सुरक्षित रूपमा बाहिर निकालिएको थियो। दुवै घटनामा कुनै मानवीय क्षति भएको विवरण प्राप्त नभएको प्राधिकरणले जनाएको छ। प्राधिकरणले यस्ता आक्रमणलाई उक्साहटरहित, औचित्यहीन तथा अन्तर्राष्ट्रिय कानुनको उल्लङ्घनका रूपमा व्याख्या गरेको छ। यद्यपि, सिङ्गापुरमा दर्ता भएको डुबेको जहाज र इरानले समुद्री शुरुङमा ठोक्किएको बताएको जहाज एउटै हुन् वा होइनन् भन्ने विषयमा स्पष्ट जानकारी प्राप्त भएको छैन। इरानी अधिकारीहरूले घटनाबारे विस्तृत विवरण सार्वजनिक गरेका छैनन्। इरानको सरकारी टेलिभिजनले प्रसारण गरेको रिभोलुसनरी गार्डको वक्तव्यअनुसार जहाज बुधवार बिहान इरानले अवैध तथा जोखिमपूर्ण मार्ग भनेको बाटो हुँदै यात्रा गरिरहेको समयमा समुद्री शुरुङमा ठोक्किएको थियो।

प्रसारण गरिएका दृश्यमा जहाज पानीमा एकातिर ढल्किएको र त्यसबाट बाक्लो धुवाँ निस्किरहेको देखाइएको थियो। उक्त जहाजमा दुई हजार ५०० वटा कन्टेनर रहेको पनि सरकारी टेलिभिजनले जनाएको छ। यद्यपि, समाचार संस्था एसोसिएटेड प्रेसले ती दृश्यहरूको स्वतन्त्र रूपमा पुष्टि गर्न सकेको छैन। इरानले आफ्नो अनुमति बिना होर्मुज जलडमरूमध्य पार गर्ने प्रयास नगर्न जहाजहरूलाई पटक–पटक चेतावनी दिँदै आएको छ। अर्कोतर्फ, अमेरिकी सेनाले जहाजहरूलाई ओमानको तट नजिकको मार्ग हुँदै जलडमरूमध्य पार गर्न सहयोग गरिरहेको छ।

साउदी अरबको अरामको मुख्यालयमा हुथी विद्रोहीको आक्रमण

यसैबीच, साउदी अरबको सरकारी स्वामित्वमा रहेको तेल कम्पनी अरामको मुख्यालयमा हुथी विद्रोहीले रातिको समयमा गरेको आक्रमणबाट क्षति पुगेको क्षेत्रीय अधिकारीहरूले बताएका छन्। अधिकारीहरूका अनुसार आक्रमणबाट कम्पनीका प्रमुख कार्यकारी अधिकृत तथा अन्य वरिष्ठ अधिकारीहरूले प्रयोग गर्ने कार्यालयहरूमा क्षति पुगेको छ। उक्त भवनको माथिल्लो तीन तलालाई लक्षित गरिएको बताइएको छ। घटनामा कुनै मानवीय क्षति नभएको उनीहरूले जानकारी दिएका छन्। मिडियासँग आधिकारिक रूपमा कुरा गर्ने अनुमति नभएकाले ती अधिकारीहरूले आफ्नो नाम सार्वजनिक नगर्ने सर्तमा जानकारी दिएका हुन्।

पाकिस्तानमा विद्यालयको छत खस्दा २० विद्यार्थी र एक शिक्षिकाको मृत्यु

इस्लामाबाद, १५ अक्टोबरः पाकिस्तानको पेशावरमा विद्यालयको छत खस्दा कम्तीमा २० विद्यार्थी र एक शिक्षिकाको मृत्यु भएको छ। मृत्यु हुने सबै विद्यार्थी १३ वर्षभन्दा कम उमेरका रहेको छन्। बिहीवार भएको घटनामा घाइते भएका एक दर्जनभन्दा बढी व्यक्तिलाई पनि अस्पताल लगिएको छ। लेडी रिडिङ अस्पतालका प्रवक्ता मोहम्मद आसिमका अनुसार विद्यार्थी र शिक्षकसहित मृतकहरूलाई अस्पताल पुऱ्याउँदा नै उनीहरूको मृत्यु भइसकेको थियो। घटनामा घाइते भएका व्यक्तिहरूको उपचार भइरहेको छ। विद्यालयको छत खस्नुको कारण र घटनाबारे थप विवरण भने तत्काल सार्वजनिक भएको छैन। पाकिस्तानमा विद्यालय भवनको सुरक्षा र भौतिक पूर्वाधारको अवस्थालाई लिएर यस घटनाले गम्भीर प्रश्न उठाएको छ।

मस्कको राजनीतिक खर्चप्रति स्यान्डर्सको आलोचना

न्यूयोर्क, १५ अक्टोबरः अमेरिकी सिनेटर बर्नी स्यान्डर्सले आगामी मध्यावधि निर्वाचनमा रिपब्लिकन पार्टीलाई सहयोग गर्न अरबपति उद्यमी एलन मस्कले ३६ करोड ६० लाख अमेरिकी डलर खर्च गरेको भन्दै अमेरिकी राजनीतिमा धनाढ्यहरूको बढ्दो प्रभावको आलोचना गरेका छन्। उनले मस्कको सम्पत्ति उल्लेख्य रूपमा बढे पनि राजनीतिक खर्च नरोकिएको भन्दै ''मस्कलाई रोकौं, धनाढ्यहरूको राजनीतिक वर्चस्व अन्त्य गरौं'' भनेका छन्। सामाजिक सञ्जाल एक्समा स्यान्डर्सले राष्ट्रपति डोनाल्ड ट्रम्पलाई निर्वाचित गराउन मस्कले दुई करोड ९० लाख अमेरिकी डलर खर्च गरेको र त्यसपछि उनको सम्पत्ति ६९६ अरब अमेरिकी डलरले बढेको दाबी गरेका छन्। मस्क विश्वकै पहिलो खरबपति बने पनि उहाँले अमेरिकी संसदमा रिपब्लिकनको नियन्त्रण कायम राख्न

थप रकम खर्च गरिरहेको स्यान्डर्सको भनाइ छ। 'द न्यूयोर्क टाइम्स' का अनुसार मस्कले यस वर्ष जुलाईदेखि मात्रै २७ करोड ६० लाख अमेरिकी डलर खर्च गरेका छन्। त्यसमध्ये रिपब्लिकन सिनेट उम्मेदवारलाई समर्थन गर्ने राजनीतिक कार्यसमिति (सुपर पीएसी) का लागि १५ करोड ८० लाख अमेरिकी डलर खर्च गरिएको छ। यसले उहाँलाई यस वर्षको सबैभन्दा ठूलो एकल राजनीतिक दाता बनाएको समाचारमा उल्लेख छ। अमेरिका पीएसीका प्रवक्ता एन्ड्रयु रोमियोले उक्त सहयोगले रिपब्लिकन पार्टीलाई आफ्नो सन्देश मतदातासम्म पुऱ्याउन मद्दत गरेको बताए। यसैबिच मस्कले भारतमा आफ्नो कम्पनी स्टारलिङ्कको बजार प्रवेशमा केही शक्तिशाली व्यावसायिक समूहले अवरोध गरेको आरोप लगाएका छन्। तर, भारतको सञ्चार मन्त्रालयले भूउपग्रह सञ्चार सेवासम्बन्धी अनुमति प्रक्रिया निष्पक्ष र भेदभावरहित रहेको जनाएको छ। मन्त्रालयका अनुसार सम्बन्धित कम्पनीहरूको सुरक्षा मूल्याङ्कन पूरा भएपछि मात्र रेडियो स्पेक्ट्रम उपलब्ध गराइनेछ। भारतमा बजार प्रवेशमा अवरोध भएको मस्कको आरोप र अमेरिकामा रिपब्लिकन उम्मेदवारलाई समर्थन गर्न उहाँले गरेको ठूलो राजनीतिक खर्चका सन्दर्भमा स्यान्डर्सले अरबपतिहरूको सम्पत्ति र राजनीतिक प्रभावबीचको सम्बन्धमाथि प्रश्न उठाएका हुन्।

इरानविरुद्ध नयाँ सैन्य रणनीति बनाउँदै अमेरिका

न्यूयोर्क, १५ अक्टोबरः अमेरिकी सेनाले राष्ट्रपति डोनाल्ड ट्रम्पको आदेशमा इरानमाथि पुनः सैन्य कारबाही शुरु भएमा त्यहाँको ऊर्जा पूर्वाधार र आणविक केन्द्रलाई लक्षित गरी शक्तिशाली गैरआणविक बम 'मदर अफ अल बम्स' (एमओएबी) प्रहार गर्ने योजनासहित नयाँ आक्रमण रणनीति तयार पारेको छ। सीएनएनले बिहीवार अमेरिकी अधिकारीहरूलाई उद्धृत गर्दै यस्तो जनाएको हो। अमेरिकी अधिकारीहरूका अनुसार आगामी ३ नोभेम्बरमा हुने मध्यावधि निर्वाचनअघि वा त्यसपछि इरानमाथि सैन्य कारबाही पुनः शुरु भएमा उक्त बम प्रयोग गर्ने विकल्पमाथि विचार भइरहेको छ। इरानसँगको जारी द्वन्द्वमा पहिलो पटक एमओएबी प्रयोग गरिएमा त्यसले युद्धलाई थप चर्काउन सक्ने सीएनएनले जनाएको छ। यद्यपि, उक्त बमको प्रयोगले अमेरिकाका घोषित रणनीतिक उद्देश्य पूरा गर्न वा युद्धको शक्ति सन्तुलन बदल्न कत्तिको प्रभाव पार्छ भन्नेमा अमेरिकी सैन्य योजनाबारे जानकार अधिकारीहरूले शङ्का व्यक्त गरेका छन्।

वाशिङटन र तेहरानबीच द्वन्द्व अन्त्यका लागि कूटनीतिक प्रयास भइरहे पनि तनाव कायमै छ। राष्ट्रपति ट्रम्पले ८ अक्टोबरमा इरानी अधिकारीहरूसँग वार्ता जारी रहेकाले ३ नोभेम्बरको मध्यावधि निर्वाचनअघि इरानमाथि नयाँ आक्रमण नगर्ने बताएका थिए। तर, निर्वाचनपछि सैन्य कारबाही हुन सक्ने सम्भावनालाई उनले खुला राखेका थिए।

अगापे सिक्किमले जित्यो भिजिनरी ह्युमन अवार्ड

मुम्बई, १५ अक्टोबरः पूर्वी हिमालयको जैविक विविधता र पुर्ख्यौली उपचार परम्परामा तल्लिन महिलाद्वारा सञ्चालित स्किनकेयर (छाला हेरचाह) ब्राण्ड अगापे सिक्किमले 'द इस्टि लाउडर कम्पनिज'-को ब्युटि एण्ड यू इण्डिया २०२६ अन्तर्गत भिजिनरी ह्युमन अवार्ड' प्राप्त गरेको छ।

संस्थापक भन्छिन्, ''मेरा लागि यो पुरस्कार एउटा कोसेढुङ्गा मात्र होइन, यो त हामीले कल्पना गरेभन्दा पनि परका सम्भावनाहरू खोल्ने अवसर हो। यो सम्मान अगापेको राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरमा अझ बढ़ी चिनिने यात्राको एक महत्त्वपूर्ण कदम हो। सौन्दर्य उद्योगमा विश्वव्यापी अग्रणी मानिने 'द इस्टि लाउडर कम्पनिज'-बाट मान्यता पाउनुले यस ब्राण्डको परिकल्पनालाई उद्योगको फराकिलो मञ्चमा पुर्‍याएको छ। यसले विश्वस्तरीय विज्ञता, उद्योग सञ्जाल र सम्भावित रणनीतिक साझेदारीहरूसँग जोडिने अवसरहरू सिर्जना गरेको छ। सिक्किमको स्थानीय ब्राण्डका लागि यो उपलब्धिले क्षेत्रीय जरा भएका भारतीय व्यवसायहरूको क्षमतालाई पुष्टि गर्छ-जसले हिमालयको विरासत, जैविक विविधता र उद्यमशील भावनालाई फराकिलो जनसमक्ष पुर्‍याउँदै विश्वव्यापी सौन्दर्य विमर्शमा योगदान दिन सक्छन्।

वास्तवमा, अगापेको यात्रा ती महिलाहरूसँग जोड़िएको छ, जसले यसको विकासमा योगदान पुर्‍याएका छन् र ती समुदायहरूसँग जोड़िएको छ, जसको ज्ञान र परम्पराले यसको कामलाई प्रेरित गर्छन्। ब्राण्ड आफ्नो अर्को चरणमा प्रवेश गर्दै गर्दा यो आफ्ना जरा र उद्देश्यप्रति अडिग रहँदै हिमालयबाट प्रेरित स्किनकेयर उत्पादनहरू अझ धेरै मानिससम्म पुर्‍याउन प्रतिबद्ध छ।

अगापे सिक्किमबारे

अगापे सिक्किम महिलाद्वारा सञ्चालित एक स्किनकेयर ब्राण्ड हो, जसलाई त्रातेङ ग्रिन्स प्राइभेट लिमिटेडले सञ्चालन गर्दछ। सन् २०१९ मा रिञ्जिङ छोड़े भोटियाद्वारा स्थापित यो ब्राण्डले हिमालयी वनस्पति र पुर्ख्यौली उपचार परम्पराहरूबाट प्रेरणा लिएर समकालीन स्किनकेयर उत्पादनहरू तयार पार्छ। सामग्रीहरूको पारदर्शिता, दिगोपन र महिलाहरूको जीविकोपार्जनमा ध्यानकेन्द्रित गर्दै अगापले पूर्वी हिमालयको प्राकृतिक तथा सांस्कृतिक सम्पदालाई सचेत सौन्दर्यको विकसित हुँदै गरेको क्षेत्रसँग जोड्ने काम गर्छ।

एकलव्य मोडेल आवासीय विद्यालयमा राज्यस्तरीय खेलकुद प्रतियोगिता सम्पन्न

नाम्ची, १५ अक्टोबरः दक्षिण सिक्किमको सुन्तलेस्थित एकलव्य मोडेल आवासीय विद्यालयमा बुधवार आयोजित राज्यस्तरीय खेलकुद प्रतियोगितामा समाज कल्याण विभागका मन्त्री सामडुप लेप्चा मुख्य अतिथिका रूपमा सहभागी भएका छन्। कार्यक्रममा समाज कल्याण विभागकी सचिव सारिका प्रधान, विशेष सचिव वन्दना छेत्री, नाम्चीकी जिल्लापाल अनुपा तामालिङ साथै विभिन्न विद्यालयका प्रधान अध्यापक, शिक्षकगण र अन्य विशिष्ट व्यक्तिहरूको उपस्थिति रहेको थियो।

यस खेलकुद प्रतियोगिताले विद्यार्थीहरूलाई आफ्नो खेल प्रतिभा, कौशल, सामूहिक कार्य र खेल भावना प्रदर्शन गर्ने मञ्च प्रदान गर्‍यो। यस्ता कार्यक्रमले विद्यार्थीहरूलाई सक्रिय रहन, आत्मविश्वास बढ़ाउन र खेलकुदका माध्यमबाट अनुशासन विकास गर्न प्रोत्साहित गर्छन्।

सो अवसरमा मन्त्री सामडुप लेप्चाले खेलकुद प्रतियोगिता आयोजना गर्न हेतु गरिएको प्रयासको प्रशंसा गरे र विद्यार्थीहरूलाई पूर्ण लगनशीलता, आत्मविश्वास तथा सकारात्मक भावनाका साथ खेलकुदमा सहभागी हुन प्रोत्साहित गरे। त्यसपछि मन्त्रीले विद्यालयमा निर्माणाधीन अडिटोरियम र शिक्षक आवास गृहको निरीक्षण गरे। उनले निर्माण कार्यको प्रगतिको समीक्षा गर्नुका साथै विद्यार्थीहरूका लागि अझ राम्रा सुविधा र सहज शिक्षण वातावरण उपलब्ध गराउनुपर्ने विषयमा जोड़ दिए। यो कार्यक्रम सिक्किम सरकारको समाज कल्याण विभागअन्तर्गत ईएमआरएस सोसाइटीद्वारा आयोजना गरिएको थियो।

वनवासी कल्याण आश्रमका...

वाहन प्रदान गरेका छन्।

लोक भवनका अनुसार, भेटको क्रममा बुद्धिमाया तामाङसहित आश्रमका पदाधिकारीहरूले राज्यपाललाई संस्थाद्वारा सञ्चालन भइरहेका विभिन्न सामाजिक, शैक्षिक तथा जनकल्याणकारी गतिविधिबारे जानकारी गराएका थिए।

यस अवसरमा प्रतिनिधिमण्डलका सदस्यहरूले विद्यार्थीहरूको सुविधालाई ध्यानमा राख्दै वाहन उपलब्ध गराएकोमा राज्यपालप्रति आभार व्यक्त गरेका छन्।

४२औँ गभर्नर्स गोल्ड कपको...

सिक्किम आक्रमणका मुख्य प्रशिक्षक निकोलश राईले भने, ''हामी फाइनल खेल्न उत्साहित छौँ। सिक्किम आक्रमणसित इतिहास कायम गर्ने सुनौलो अवसर छ। हामीले अन्य प्रतियोगिता पनि खेलिरहेका हुन्छौँ, तर सिक्किमको फुटबल इतिहासमा गभर्नर्स गोल्डकपको छुट्टै र विशेष स्थान छ। यो प्रतियोगिता अखिल भारतीय फुटबल महासङ्घसँग आबद्ध छ। हामीले यसपाली यो उपाधि हत्यायौँ भने जीवनका लामो समयसम्म यो क्षण हामीमा इङ्कित हुनेछ।''

सिक्किम आक्रमणका लागि पाल्जर स्टेडियम घरेलु मैदान पनि भएको हुँदा साथै स्थानीयको अपार समर्थन प्राप्त भएको हुँदा यस्ता पक्षहरू महत्त्वपूर्ण कारक बन्ने उनले बताए। ''हामीले यस प्रतियोगितामा लिक चरण पनि खेल्यौँ। सेमिफाइनलमा गोकुलम केरला एफसीजस्तो बलियो टोलीमाथि विजयी हासिल गर्‍यौँ। हामी आफ्नो पक्षबाट सर्वस्व दिएर खेल्ने छौँ।'' खेलाड़ीहरूमा स-साना चोटपटक लागे तापनि उनीहरू भोलिको खेल खेल्न पूर्ण तयार रहेको राईले बताए। सिक्किम आक्रमणले हालै सम्पन्न सिक्किम प्रिमियर लीग पनि खेलेको हुँदा यसले आफ्नो लयलाई निरन्तरता दिन सहयोग पुगेको राईले स्वीकारे। ''हामी विपक्षी टोलीमाथि भन्दा पनि आफ्नै खेलाड़ीहरूमाथि केन्द्रित हुन्छौँ। खेलमा आफ्नो पक्षबाट शत प्रतिशत दिँदा पनि कहिलेकाहीँ परिणाम आफूअनुकूल हुँदैन। तरै पनि हामी उपाधि हत्याउने प्रतिबद्धताका साथ मैदानमा ओर्लने छौँ''-उनले भने।

कप्तान बक्सर प्रधानले भोलि फाइनल खेल्न पाउँदा निकै उत्साहित रहेको बताए। उनले भने, ''गभर्नर्स गोल्ड कपमा उत्कृष्ट टोली स्पर्धाका लागि आएका हुन्छन्। योपाली हामी फाइनलमा पुग्न सक्षम भएका छौँ। यस प्रतियोगितामा हामीले गोकुलम एफसी (केरला) लाई पराजित गरेका छौँ। हामीले कड़ा मेहनत र सङ्घर्ष गरेर फाइनलमा स्थान सुरक्षित बनाएका छौँ। मैले आफ्नो व्यक्तिगत पक्षबाट केही योगदान दिएर टोलीलाई फाइनल जिताउन सकेँ, त्यसमा म अत्यन्तै खुशी हुनेछु।'' मुख्य प्रशिक्षक राईले खेलाड़ीहरूले कड़ा मेहनत गरेको र धेरै वर्षपछि फाइनल खेल खेल्न पाएको बताउँदै जुनसुकै टोलीका समर्थक भए तापनि भोलि फुटबल फाइल खेल हेर्न आउन आग्रह पनि गरेका छन्।

शिलङ लाजोङका मुख्य प्रशिक्षक वीरेन्द्र थापाले भने, ''यो प्रतिष्ठित प्रतियोगिताको फाइनलमा पुग्दा धेरै उत्साहित छौँ। सिक्किम आक्रमणले पनि उत्कृष्ट प्रदर्शन गर्दै आएको छ। खेलाड़ीहरूमा छिटपुट चोटपटक लागेता पनि उनीहरू खेल्न तयार छन्।'' बुधवार खेलिएको शिलङ लाजोङ र सिङ्लिङ एससीबीचको खेलमा सिङ्लिङका किपरले रेड कार्ड पाएपछि टोली १० जना खेलाड़ीमा सीमित रहे तापनि शिलङ लाजोङले पेनाल्टी सुटआउटमा गएर मात्रै ५-४ गोल अन्तरले जीत हासिल गर्‍यो। टोलीले किन सहजै जीत हासिल गर्न नसकेको र परिणाम सन्तोषजनक किन आउन नसकेको भन्ने प्रश्नमा प्रशिक्षक थापाले भने, ''हामीले सेमिफाइनलमा साँघुरो जीत निकाल्यौँ। शिलङ र सिक्किमको मौसम समान रहे तापनि टोलीले लामो दुरीको यात्रा तय गरेको तुरुन्तैपछि खेलेकोले पनि परिणाम सन्तोषजनक नआएको हुनसक्छ। भोलिको खेलमा हाम्रो टोलीले उत्कृष्ट प्रदर्शन गर्नेछ भन्नेमा म विश्वस्त छु।'' कप्तान केन्स्टर खार्सेले भने, ''हामी भोलि फाइनल खेल्न तयार छौँ। सिक्किम आक्रमण पनि उत्कृष्ट प्रदर्शन गर्दै आएको छ। हामी उपाधि हत्याउन हरसम्भव प्रयास गर्नेछौँ।'' भोलिको खेलमा राज्यपाल ओम प्रकाश माथुर मुख्य अतिथिका रूपमा उपस्थित रहने छन् भने मुख्यमन्त्री पीएस गोले विशिष्ट अतिथिका रूपमा रहने छन्। खेल साँझ ५:०० बजीदेखि शुरु हुनेछ।

गेजिङमा जनगणना २०२७ का...

समयभित्र मात्रै काम सक्नु नभएर सही तथ्याङ्क सङ्कलन सुनिश्चित गर्नमा ध्यानकेन्द्रित गर्न अधिकारीहरूलाई निर्देशन दिए। उनले गणनामा योग्य कुनै पनि व्यक्ति नछुटिउन् भनेर आप्रवासी कामदार तथा होटल वा अन्य स्थानमा बसोबास गरिरहेका व्यक्तिहरूलाई पनि गणनामा समेट्न ध्यानाकर्षण गराए।

बन्पोले रोजगारी, बसाइँसराइ, शिक्षा र अन्य सामाजिक-आर्थिक विशेषताहरूसम्बन्धी भरपर्दो जानकारी सङ्कलनको महत्त्वबारे प्रकाश पारे। यस्तो जानकारी विकाससम्बन्धी आवश्यकताहरू पहिचान गर्न र सरकारी योजना तर्जुमालाई सहयोग पुर्‍याउन अत्यन्त महत्त्वपूर्ण हुनेछ।

गेजिङका अतिरिक्त जिल्लापाल तथा जिल्ला जनगणना अधिकारी (डीसीओ) सुरेश राईले सम्मेलनको प्रारम्भिक मन्तव्य राख्दै जनगणना २०२७ को पहिलो चरण सफलतापूर्वक सम्पन्न भएको र जिल्लामा दोस्रो चरणको तयारी भइरहेको जानकारी दिए। राईले गेजिङ जिल्लामा घर सूचीकरण र आवास गणना समावेश गरी पहिलो चरण सम्पन्न भएको जानकारी गराए, जसमा उपविभागहरूमा गणनाकर्ता, पर्यवेक्षक र अन्य जनगणना कार्यकर्ताहरूका लागि प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गरिएको थियो। जनगणना कार्यहरूको प्रगति मूल्याङ्कन गर्न मई महिनामा समीक्षा बैठक पनि आयोजना गरिएको थियो। त्यसपछि जिल्लास्तरीय जनगणना तथ्याङ्क सङ्कलन गरिएको थियो।

दोस्रो चरणको तयारीबारे बोल्दै जिल्ला पुलिस कार्यालय गेजिङले जनशक्तिका आवश्यकताको समीक्षा भइरहेको जानकारी दिए। पहिलो चरणका धेरैजसो गणनाकर्ता र पर्यवेक्षकहरूले आ-आफ्नो भूमिकामा निरन्तरता पाउने अपेक्षा गरिएको छ। स्थानान्तरण र अन्य प्रशासनिक परिवर्तनहरूका कारण आवश्यक परेमा प्रतिस्थापनहरू विचार गरिँदैछ।

डीसीओ गेजिङ राईले पहिलो चरण पूरा गर्न प्रभारी अधिकारी, अतिरिक्त प्रभारी अधिकारी, गणनाकर्ता, पर्यवेक्षक र अन्य क्षेत्रीय कार्यकर्ताहरूको प्रयास र सहयोगको प्रशंसा गरे। उनले जिल्लामा जनसङ्ख्या गणनाको सहज र समयमै सञ्चालन सुनिश्चित गर्न जिल्ला प्रशासनबाट निरन्तर सहयोग र समन्वयको आश्वासन पनि दिए।

प्राविधिक सत्रमा सिक्किमको जनगणना सञ्चालन निर्देशनालयका सहायक निर्देशक तेज राम मेहर र तथ्याङ्कीय अन्वेषक रोहिताश भारद्वाजले संयुक्त रूपमा जनसङ्ख्या गणनाको प्रश्नावली, प्रक्रिया र सञ्चालन आवश्यकताबारे एक उदाहरणात्मक प्रस्तुति दिए।

अधिकारीहरूले तथ्याङ्क सङ्कलनमा शुद्धता र स्थिरता सुनिश्चित गर्न घरपरिवारका सदस्य, दिव्याङ्ग, शैक्षिक प्राप्ति, रोजगारी र बसाइँसराइसँग सम्बन्धित प्रश्न सोधिने र प्रतिक्रिया रेकर्ड गर्ने तोकिएका विधिहरू पनि व्याख्या गरे।

कार्यक्रममा अन्तरक्रियात्मक सत्र पनि सञ्चालन गरियो, जसमा स्रोतवक्ताहरूले प्रश्नावली, गणना क्षेत्रको बाँडफाँड, स्थलगतसम्बन्धी कार्यविधि र जनगणनामा खटिने कर्मचारीहरूको जिम्मेवारीका विषयमा उठेका प्रश्नहरूको जवाफ स्रोतवक्ताहरूले दिए।

सिकोनको १५औँ वार्षिक आम...

थियो, जुन सिकोनको उपनियमअनुसार तोकिएको न्यूनतम गणपूर्ति सङ्ख्या (३१ सदस्य) भन्दा बढ़ी हो। तदनुसार, साधारण सभा विधिवत् रूपमा गठन भयो र निर्धारित कार्यसूची अनुसार अघि बढ्यो।

आफ्नो स्वागत सम्बोधनमा डा. राईले विशिष्ट अतिथि र सदस्य सहकारी संस्थाका प्रतिनिधिहरूलाई हार्दिक स्वागत गरे। उनले वार्षिक साधारण सभालाई सङ्घको कार्यसम्पादनको समीक्षा गर्ने, संस्थागत सुशासनलाई सुदृढ़ पार्ने र भविष्यका लागि प्राथमिकताहरू निर्धारण गर्ने एक महत्त्वपूर्ण मञ्चका रूपमा जोड़ दिए। उनले सङ्घको बढ्दो जिम्मेवारी र सहकारी क्षेत्रका परिवर्तित आवश्यकताहरूलाई सम्बोधन गर्न सिकोनको उपनियममा रहेका केही प्रावधानलाई अद्यावधिक गर्नुपर्ने आवश्यकतामाथि पनि प्रकाश पारे। साधारण सभाले ५ सेप्टेम्बर, २०२५ मा सम्पन्न १४औँ वार्षिक साधारण सभाको कार्यसूचीको निर्णय अभिलेख अनुमोदन गर्‍यो। आर्थिक वर्ष २०२५-२०२६ को लेखापरीक्षण प्रतिवेदन र लेखापरीक्षण गरिएको हिसाबकिताबको विवरण प्रस्तुत गरियो र सदस्यहरूद्वारा अनुमोदन गरियो। उक्त वर्षमा तालिम, क्षमता अभिवृद्धि र अन्य संस्थागत गतिविधिमा युनियनले हासिल गरेका उपलब्धिहरूको पनि समीक्षा गरी अनुमोदन गरियो।

सदस्यहरूले आर्थिक वर्ष २०२६-२०२७ का लागि तालिम तालिकामाथि पनि चर्चा गरी अनुमोदन गरे। चर्चाका क्रममा 'होप कोअपरेटिभ सोसाइटी'-का एक प्रतिनिधिले सहकारी विकास, ग्रामीण जीविकोपार्जन र समावेशी वृद्धिमा ग्रामीण महिलाहरूको योगदानको कदर गर्दै संयुक्त राष्ट्र सङ्घको ग्रामीण महिलाहरूको अन्तरराष्ट्रिय दिवसलाई सिकोनको वार्षिक कार्यक्रम तालिकामा समावेश गर्न सुझाउ दिए।

सभाको एक महत्त्वपूर्ण हिस्सा सिकोनका उपनियमहरूमा प्रस्तावित संशोधनहरूमा केन्द्रित थियो, जसलाई २८ सेप्टेम्बरमा बसेको ६८औँ सञ्चालक समिति बैठकले अनुमोदन गरेको थियो। यी प्रस्तावित संशोधनहरूको उद्देश्य युनियनको संस्थागत संरचनालाई सुदृढ़ पार्नु, सुशासनमा सुधार ल्याउनु र यसका विस्तार हुँदै गएका सञ्चालन तथा विकासमूलक गतिविधिहरूलाई सहयोग पुर्‍याउनु हो।

साधारण सभाले सिकोनको उपनियमको अध्याय १ (प्रारम्भिक), दफा १ मा प्रस्तावित संशोधनमाथि विचार गर्‍यो। यो संशोधन सिकोनको हालको कार्यालय ठेगाना-आसाम-लिङ्जे, पाकिम जिल्ला, सिक्किम (पुलिस चौकीः पाकिम, डाक कार्यालयः रानीपुल, पिन कोडः ७३७१३५)-लाई उपनियममा अद्यावधिक गर्नका लागि थियो। सदस्यहरूले यस प्रस्तावमा सहमति जनाए।

सदस्यहरूले कमन सर्भिस सेण्टर (सीएससी) र सिकोन हाट स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्न सिकोनलाई अधिकार दिने प्रावधान समावेश गर्ने विषयमा पनि चर्चा गरे। यो प्रस्तावित प्रावधानको उद्देश्य डिजिटल तथा नागरिककेन्द्रित सेवाहरूलाई सहजीकरण गर्नु, सहकारी संस्थाहरू तथा सम्बद्ध निकायहरूद्वारा उत्पादित वा आपूर्ति गरिएका वस्तुहरूको प्रवर्द्धन र बजारीकरण गर्नु तथा सहकारी उद्यमहरूका लागि दिगो बजार पहुँच र व्यावसायिक अवसरहरू सिर्जना गर्नु हो। साधारण सभाले यस प्रस्तावमा सहमति जनायो। सभाले अन्य प्रस्ताव पनि पारित गर्‍यो।

प्रस्तावित संरचनाअनुसार जेसीटीसीले सिकोनको समग्र सुपरिवेक्षण, निर्देशन र नियन्त्रणमा रही काम गर्नेछ। यसको दैनिक प्रशासनको जिम्मेवारी भने उपनियम तथा लागू हुने नियम-कानूनबमोजिम जेसीटीसीका प्रधानाध्यापकमा निहित हुनेछ। यो केन्द्रलाई सहकारी व्यवस्थापन र यससँग सम्बन्धित क्षेत्रहरूमा व्यावसायिक विकास, व्यावहारिक शिक्षण तथा क्षमता अभिवृद्धिका लागि एक विशिष्ट संस्थाको रूपमा परिकल्पना गरिएको छ। यसका प्रस्तावित कार्यक्षेत्रहरूमा सहकारी व्यावसायिक रणनीति, वित्तीय विश्लेषण, जोखिम प्रबन्धन, उद्यमशीलता र संस्थागत कार्यसम्पादन मूल्याङ्कन समावेश छन्। यस संरचनामा कृत्रिम बौद्धिकता, डेटा विश्लेषण, डिजिटल व्यावसायिक मञ्च र साइबर प्रविधि लगायतका उदीयमान प्रविधिहरूलाई अपनाउने परिकल्पना पनि गरिएको छ।

नाम्ची जिल्लामा इन्स्पायर्स अन्तर्गत...

परिकल्पनाबारे प्रस्तुतीकरण दिँदै गैर-कृषि क्षेत्रमा दिगो रोजगारीका अवसर र उद्यमशीलतामार्फत महिला तथा युवाहरूको आर्थिक समावेशीकरणलाई प्रवर्द्धन गर्ने यसको उद्देश्यबारे जानकारी गराइन्। उनले परियोजनाका लक्ष्य र नाम्ची जिल्लाका लागि योजना गरिएका मुख्य हस्तक्षेपहरूबारे पनि चर्चा गरिन्।

प्रस्तुतीकरणमा डीआईआईटीको संरचना तथा यसका सदस्यहरूको संस्थागत भूमिका र जिम्मेवारीहरूबारे पनि उल्लेख गरियो; विशेष गरी सम्बन्धित विभागीय कार्यालयहरूसँग समन्वय गर्दै परियोजनाको प्रगतिको अनुगमन गर्ने विषयमा जोड़ दिइयो। साथै, कार्यान्वयनका क्रममा देखिएका कमी-कमजोरी र जिल्लाभरि परियोजनाका गतिविधिहरूलाई अझ मजबुत बनाउने रणनीतिहरूबारे पनि चर्चा गरियो।

बैठकमा अन्तरक्रियात्मक चर्चाहरू भए, जसमा सदस्यहरूले परियोजनाको प्रभावकारी कार्यान्वयनलाई सहज बनाउन र यसको समग्र प्रभाव अभिवृद्धि गर्न बहुमूल्य सुझाव तथा नवीन विचार प्रस्तुत गरे।

बैठकमा नाम्चीका एडीसी तिरसाङ तामाङ, एसआईआरडीएण्डपीआरकी अतिरिक्त निर्देशक चन्द्रकला राई, क्युजिङ आईटीआईका प्रधानाचार्य महेन्द्र प्रधान, पर्यटन विभागका संयुक्त निर्देशक लामिन थिङ, डीआईसी नाम्चीका महाप्रबन्धक दिनेश प्रधान, एसआरएलएम नाम्चीकी ब्लक कार्यक्रम प्रबन्धक गीता छेत्री, एनडीजेडपीकी डिभिजनल इञ्जिनियर लाकी भोटिया, आरडीडी इन्स्पायर्सका टीएसए शियारी देबबर्मा, एसआईआरडीएम्डपीआरका जुनियर सङ्काय रोशन कौशिक, जेएसी सुजन सुब्बा र एस्पिरेशनल ब्लक फेलो मिथिला राईको उपस्थिति थियो।

युवा सशक्तिकरण र सिक्किम भिजन...

नामग्याल बर्फुङ्पा विशेष अतिथिका रूपमा उपस्थित रहेका थिए।

मुख्य अतिथिका रूपमा रहेका विधानसभा अध्यक्ष शेर्पाले सहभागी विद्यार्थीहरूको प्रशंसा गर्दै राजनीति र नेतृत्वमा युवाहरूको सहभागिताको महत्त्वमाथि जोड़ दिए। उनले शिक्षाले युवाहरूलाई सामान्य रोजगारीका लागि मात्र नभएर उद्यमशीलता र राजनीतिक भूमिकाका लागि पनि तयार पार्नुपर्ने बताए। उनले युवाहरूलाई यस्ता कार्यक्रमहरूमा सहभागी हुन प्रोत्साहित गर्ने मुख्यमन्त्री पीएस गोलेका पहल र निर्देशनहरूको सराहना गरे। निर्वाचित प्रतिनिधिहरूको जिम्मेवारीबारे प्रकाश पार्दै उनले नेताहरू जनताबाट टाढ़िनुको सट्टा आफ्नो समुदायसँग नजिकको सम्बन्ध राख्नुपर्ने, जनताको सेवामा सक्रिय रहनुपर्ने र स्थानीय आवश्यकताहरू सम्बोधन गर्नुपर्ने कुरामा जोड़ दिए। अन्त्यमा, विधानसभा अध्यक्षले विधानसभाको कार्यप्रणाली, समितिहरूको जिम्मेवारी र प्रक्रियागत मापदण्डहरूबारे चर्चा गरे। उनले विधायी अभ्यासहरूलाई अन्तरराष्ट्रिय ढाँचाहरूसँग तुलना गर्दै युवाहरूलाई अनुशासन, समर्पण र सक्रिय सहभागिताका लागि प्रोत्साहित गरे।

सोरेङ-च्याखुङ निर्वाचन क्षेत्रका विधायक तथा एसकेएम विद्यार्थी शाखाका उपाध्यक्ष आदित्य गोलेले सिक्किमको भविष्य निर्माण गर्न राज्यका युवा प्रतिभाहरूलाई तयार पार्ने र प्रशिक्षण दिने मुख्यमन्त्रीको दूरदृष्टिको प्रशंसा गरे। ''विद्यार्थीहरूको छलफलको सफलता र प्रेरणादायी पक्षलाई उजागर गर्दै उनले बाहिरी स्रोतहरूमा भर पर्नुको सट्टा सिक्किमले आफ्नै युवा पुस्तालाई भविष्यको नेतृत्वदायी भूमिकाका लागि सशक्त बनाइरहेको छ। प्रतिस्पर्धात्मक भावनालाई अझ बढ़ावा दिन भविष्यमा आयोजना हुने यस्ता विद्यार्थी सभाहरूलाई विस्तार गर्नुपर्छ र अनलाइन पञ्जीकरण प्रक्रिया जस्ता विधिहरू अपनाउनुपर्छ।'' उनले कार्यक्रमको सफलताका लागि सम्पूर्ण विद्यार्थी विधायक र आयोजकहरूको प्रशंसा गरे।

मक विधानसभाको सत्रमा सिक्किम भिजन@२०४७' का लागि विकास खाका अपनाउने सम्बन्धी सरकारी प्रस्ताव नम्बर १, २०२६' माथि छलफल गरियो। यो खाका राष्ट्रिय विकसित भारत @२०४७' को परिकल्पनासँग मेल खाने गरी राज्यको समावेशी, दिगो र सर्वाङ्गीण विकास हासिल गर्ने उद्देश्यले तयार पारिएको हो। यसमा आर्थिक वृद्धि, सामाजिक विकास, पर्यावरणीय दिगोपन, प्राविधिक उन्नति र संस्थागत रूपान्तरणलाई समेट्ने समन्वयात्मक दृष्टिकोणमा जोड़ दिइएको छ। यसका लागि शिक्षा तथा अनुसन्धान, पारिवारिक कल्याण, आर्थिक विकास, दिगो कृषि, पूर्वाधार सम्पर्क, पर्यटन, ऊर्जा तथा पर्यावरण, विज्ञान तथा प्रविधि, युवा विकास र सुशासन गरी १० वटा प्राथमिकताका क्षेत्रहरू निर्धारण गरिएका थिए। लामो र विस्तृत छलफलपछि उक्त प्रस्तावलाई मक सभाको सत्रमा पारित गरियो।

स्वागत सम्बोधनको क्रममा विद्यार्थी कल्याण बोर्डका अध्यक्ष सोनाम छोपेल शेर्पाले सम्पूर्ण विशिष्ट अतिथिलाई स्वागत गरे र आयोजक टोली तथा विधानसभाप्रति आभार व्यक्त गरे। उनले यस्तो सभाले युवाहरूलाई आलोचनात्मक सोच राख्न, लोकतान्त्रिक अभ्यासमा संलग्न हुन र शासन प्रणालीप्रति आत्मविश्वास बढ़ाउन एक महत्त्वपूर्ण मञ्चको रूपमा काम गर्ने बताए साथै उनले सिक्किमको भविष्य यहाँका युवाहरूको ज्ञान, साहस र कार्यक्षमतामा निर्भर रहने कुरा औँल्याउँदै सन् २०४७ सम्ममा एक दिगो राज्य निर्माण गर्न युवाहरूलाई अर्थपूर्ण सहभागिताका लागि प्रोत्साहित गरे।

मुख्यमन्त्रीद्वारा लुङ्चोकमा आयुर्वेद तथा...

वेलनेस सेन्टरलाई एक प्रमुख वेलनेस गन्तव्यको रूपमा विकास गर्न सामूहिक रूपमा काम गर्न आह्वान गरे।

यसअघि मुख्यमन्त्रीले परियोजना स्थलमा शिलापत्र अनावरण गर्नुका साथै भूमि पूजा गरे र परियोजनाको सफल निर्माण तथा सम्पन्नताका लागि आशीर्वाद ग्रहण गरे।

आफ्नो सम्बोधनमा कृषिमन्त्री पुरणकुमार गुरुङले उक्त संस्था स्थापनाका लागि छुजाचेन निर्वाचन क्षेत्र छनोट गरेकोमा राज्य सरकारप्रति आभार व्यक्त गरे। उनले राज्य सरकारद्वारा यस निर्वाचन क्षेत्रमा सञ्चालित विभिन्न विकासमूलक पहलजस्तै सार्वजनिक सुविधा, पूर्वाधार र अत्यावश्यक सेवाहरूमा गरिएको सुधारबारे पनि प्रकाश पारे। उनले स्थानीय विकासमा राज्य सरकारको निरन्तर ध्यान रहेको कुरा उल्लेख गर्दै सड़क सुधार, कालोपत्रे र पुल निर्माणसम्बन्धी चलिरहेका तथा प्रस्तावित विकास कार्यहरूको संक्षिप्त विवरण दिए। मन्त्रीले पर्यटन, आर्थिक सहायता र कल्याणकारी क्षेत्रमा राज्य सरकारका विभिन्न पहलबारे पनि चर्चा गरे। सामूहिक प्रयासको महत्त्वमा जोड़ दिँदै उनले जिल्लाको समग्र विकासमा विभिन्न सरोकारवालाको भूमिकाको सराहना गरे साथै उनले युवाहरूलाई यस संस्थाले प्रदान गर्ने अवसरहरूको पूर्ण सदुपयोग गर्न र स्वास्थ्य तथा कल्याण, परम्परागत उपचार पद्धति तथा यससँग सम्बन्धित अन्य क्षेत्रहरूमा रहेका व्यापक सम्भावनाहरूको खोजी गर्न प्रोत्साहित गरे।

स्वास्थ्यमन्त्री जीटी ढुङ्गेलले आयुर्वेद र परम्परागत उपचार पद्धतिको सम्भावनाबारे जोड़ दिँदै भने, ''यस क्षेत्रमा युवा पुस्ताको बढ़ी संलग्नताले जीविकोपार्जनका विविध अवसर सिर्जना गर्न र समाजको कल्याणमा योगदान पुर्‍याउन सक्छ।'' उनले परम्परागत उपचार अभ्यासहरूको लामो समयदेखिको महत्त्व र विभिन्न स्वास्थ्य समस्याहरू समाधान गर्न तिनको भूमिकाबारे प्रकाश पारे।

उनेल प्रस्तावित वेलनेस सेन्टरका लागि लुङ्चोक उपयुक्त स्थान रहेको बताउँदै त्यहाँको प्राकृतिक परिवेशले विश्राम र स्वास्थ्यका लागि अनुकूल शान्त वातावरण प्रदान गर्न सक्ने उल्लेख गरे। उनले आयुर्वेद, परम्परागत उपचार पद्धति र समग्र स्वास्थ्यलाई प्रवर्द्धन गर्न यस संस्थाको सम्भावनाबारे चर्चा गर्दै यी पद्धतिहरूलाई विद्यमान स्वास्थ्य सेवाहरूसँग एकीकृत गर्नुको महत्त्वमा जोड़ दिए।

आयुष विभागकी सचिव सुचित्रा रसाइलीले आफ्नो सम्बोधनको क्रममा राज्यमा आयुष सेवाहरूलाई सुदृढ़ र विस्तार गर्न विभागले गरिरहेका प्रयासहरूबारे जानकारी दिइन्। उनले विभागका विभिन्न पहललाई अघि बढ़ाउन राज्य सरकारबाट प्राप्त सहयोगको सराहना गरिन्। स्थापनाकालदेखि नै विभागले आफ्ना सेवाहरूमा सुधार ल्याउन र सेवाको पहुँच विस्तार गर्न निरन्तर काम गरिरहेको बताइन्। उनले प्रस्तावित वेलनेस सेन्टर (स्वास्थ्य तथा कल्याण केन्द्र) लाई सिक्किमको स्वास्थ्य सेवा र कल्याण क्षेत्रमा एक महत्त्वपूर्ण थपको रूपमा वर्णन गरिन्। कार्यक्रमलाई अन्यले पनि सम्बोधन गरे।

उक्त समारोहको क्रममा आयुष विभाग र हबिल्ड हेल्थ टेक प्रालि- बीच सम्झौता-पत्रमा हस्ताक्षर गरियो। यसका साथै योग, स्वास्थ्य तथा कल्याण प्रवर्द्धन गर्ने पहलहरूमा राज्यको सहभागिता र मुख्यमन्त्रीबाट प्राप्त मार्गदर्शनको कदरस्वरूप हबिल्ड हेल्थ टेक प्रालि-द्वारा मुख्यमन्त्रीलाई प्रशंसा पत्र प्रदान गरियो।

सिक्किम-दार्जीलिङ एकीकरणको मुद्दा...

इज्जत र सम्मानलाई एकै झट्कामा धुलोमा मिलाउनु पक्कै पनि उचित हुँदैन। उहाँले कमाएको इज्जत र सम्मानमा हाम्रो पनि बराबरको अंश छ।

प्रो. लामा धेरै अघिदेखि सिक्किमलाई माया गर्ने व्यक्ति हुन्। यस्तो सम्मानित व्यक्तिबाट यस्तो महाभूल र मूर्खतापूर्ण सोच आउँनै सक्दैन भन्ने मेरो बुझाइ छ। प्रो. लामाले भन्नुभएको छ, ''हाम्रो प्यारो सुन्दर सिक्किम राज्यलाई टुक्राउन वा विस्थापित गर्न हामी कहिल्यै चाहँदैनौँ र चाहने पनि छैनौँ।'' *-केपीजी दर्पण*

पो. लामाले प्रस्तुत गर्नुभएको चौथो विकल्पले सिधै सिक्किमलाई लक्षित गरेको भन्न मिल्दैन। यो मुद्दालाई लिएर दार्जीलिङ र सिक्किमको सम्बन्धमा तिक्तता ल्याउनु महाभूल र मूर्खतापूर्ण हुनेछ। यस विषयमा दार्जीलिङ पहाड़का स्थापित नेता विनय तामाङले भन्नुभएको छ- ''डा. महेन्द्र पी. लामाको हालैको बयानलाई लिएर जुन विवाद र बहस उत्कर्षमा पुगेको छ, यसलाई अब तुरुन्तै विराम दिनु अनिवार्य भइसकेको छ। यदि यो अवस्थालाई समयमै नियन्त्रण गरिएन भने यसले दार्जीलिङ पहाड़, तराई-डुवर्स अनि सिक्किम दुवै पक्षलाई अपूरणीय क्षति पुर्‍याउनेछ। यसैले यतिबेला सबै पक्षबाट संयमता र धैर्यको परिचय दिनु अति नै आवश्यक छ।'' तर प्रा. लामाको जिम्मेवारी र नैतिकतामाथि प्रश्न उठाउँदै ओएमजीकी दिलु शर्माले लेखेकी छन्- ''त्यसैले सिक्किम सरकारले उनीबाट पूर्ण स्पष्टता खोज्नु उचित हुन्छ। कि त प्रो. लामालाई दार्जीलिङको राजनीति गर्न मन छ भने उनलाई सरकारी सल्लाहकारको जिम्मेवारीबाट मुक्त गरिनुपर्छ, कि त उनले दार्जीलिङको राजनीतिक काम छाड़ेर पूरै मनले सिक्किम सरकार र सिक्किमेली जनताको सेवामा लागिरहनुपर्छ। यस्तो कदम उनको विद्वत्ता वा व्यक्तिगत इमानदारीमाथिको फैसला होइन। यो त एउटा सिद्धान्त दोहोर्‍याउनु हो- भूभाग, संवैधानिक पहिचान र राजनीतिक प्रतिनिधित्वजस्ता संवेदनशील विषय जोड़िँदा सार्वजनिक पदमा बस्ने व्यक्तिको जिम्मेवारी स्पष्ट हुनुपछ।'' *-खबर म्यागजिन, अङ्ग्रेजी लेखको नेपाली संस्करण, ४ अक्टोबर २०२६*

-रहल आगामी अङ्कमा

गान्तोकमा २८ देखि ३० अक्टोबरसम्म सिक्किम कला तथा साहित्य महोत्सव २०२६ आयोजन हुँदै

गान्तोक, १५ अक्टोबरः सिक्किम कला तथा साहित्य महोत्सव (एसएएलएफ) २०२६ आगामी २८ देखि ३० अक्टोबरसम्म गान्तोकको रिज पार्कमा आयोजन हुने भएको छ। तीन दिनसम्म चल्ने यस महोत्सवमा ख्यातिप्राप्त लेखक, कवि, चिन्तक र सांस्कृतिककर्मीहरू भेला भई साहित्यिक विमर्श, प्रस्तुति र सांस्कृतिक आदान–प्रदानमा संलग्न हुनेछन्। पूर्वी हिमालयको विशिष्ट सांस्कृतिक परिवेशमा आधारित यो महोत्सवले साहित्य र कलाले पहिचान, स्मृति, अपनत्व, स्थान र संस्कृतिका प्रश्नहरूसँग कसरी अन्तरक्रिया गर्छन् भन्ने विषयमा गहिरो अन्वेषण गर्नेछ।

मुख्यमन्त्री पीएस गोलेको पहलमा शुरु भएको एसएएलएफ २०२६ लाई सिक्किम सरकारको शिक्षा विभाग अन्तर्गतको विद्यार्थी कल्याण बोर्डले प्रस्तुत गरेको हो। यसको व्यवस्थापन जयपुर साहित्य महोत्सवको आयोजक टिमवर्क आर्ट्सले गरिरहेको छ। महोत्सवको यो दोस्रो संस्करणले सिक्किमलाई एक महत्त्वपूर्ण सांस्कृतिक गन्तव्यका रूपमा स्थापित गर्ने लक्ष्य राखेको छ। साथै, यसले युवा पुस्तालाई भारत र विश्वभरिका साहित्य, कला र विचारहरूसँग जोड्ने अवसर पनि प्रदान गर्नेछ।

यस महोत्सवले सिक्किम, बृहत् हिमालय क्षेत्र र अन्य ठाउँका आवाजहरूलाई एकै ठाउँमा ल्याउनेछ। यसले स्थापित तथा उदीयमान लेखक र कलाकारहरूलाई विमर्श, कविता, प्रस्तुति र साझा सांस्कृतिक अनुभवहरूका माध्यमबाट दर्शकहरूसँग जोडिने मञ्च प्रदान गर्नेछ।

सोरेङ–च्याखुङ क्षेत्रबाट सिक्किम विधानसभाका सदस्य आदित्य गोले भन्छन्, ''एसएएलएफको पुनरागमनले संवादलाई अझ गहिरो बनाउनेछ र हिमालयलाई भारतको सांस्कृतिक परिदृश्यको एक विशिष्ट हिस्सा बनाउने आवाजहरूलाई उत्सवका रूपमा मनाउने अवसर दिएको छ। यस वर्षको कार्यक्रममा यस्ता लेखक र चिन्तकहरू सहभागी हुँदैछन्, जसका सिर्जनाहरूले स्थान, पहिचान, स्मृति र अपनत्वका प्रश्नहरूलाई सम्बोधन गर्छन्। हामी के चाहन्छौँ भने दर्शकहरूले सिक्किमलाई यहाँको असाधारण प्राकृतिक दृश्यका माध्यमबाट मात्र नभई, यहाँका कथा, मानिस र सिर्जनात्मक कल्पनाशीलताका माध्यमबाट पनि अनुभव गरून्।''

साहित्यिक कार्यक्रममा छुदेन काबिमो, मामाङ दाइ, नवराज पराजुली, रञ्जित होस्कोटे, विलियम डेलरिम्पल, युभान एभ्स, गुरु टी लद्दाखी र स्टेफन अल्टरका साथै अन्य थुप्रै लेखक, चिन्तक र सांस्कृतिककर्मीहरूको सहभागिता रहनेछ। यस कार्यक्रमले विभिन्न संवाद र प्रस्तुतिको माध्यमबाट हिमालय क्षेत्र तथा समकालीन भारतमा देखा परेका साहित्यिक परम्परा र दृष्टिकोणहरूको विविधतालाई उजागर गर्नेछ।

कार्यक्रमका मुख्य आकर्षणहरूमध्ये एक हो– इकोज अफ् भर्स। यसमा कवि मामाङ दाइ र रञ्जित होस्कोटेले गुरु टी लद्दाखीसँग संवाद गर्नेछन्। उनीहरूले संसारका अदृश्य प्रवाहहरूबारे चर्चा गर्नेछन्, जहाँ उनीहरूका कविताहरूले व्यक्तिगत आत्मीयता र व्यापक आयामहरूका बीच सेतुको काम गर्नेछन्। कविता कन्सर्टः बिट्स अफ् पोइट्रीमा चर्चित कवि नवराज पराजुलीको प्रस्तुति रहनेछ। यस सत्रमा नेपाली साहित्यका लोकप्रिय कवि नवराज पराजुलीले कसरी कविताका माध्यमबाट आवाज, परिवेश र स्मृतिलाई एकै ठाउँमा ल्याउँछन् भन्नेबारे चर्चा गरिनेछ। उनले आफ्ना कवितामा दैनिक जीवनका लयहरूलाई समेट्दै स्थान, अपनत्व र भावनाजस्ता विषयहरूलाई केलाउनेछन्।

दिज हिल्स कल्ड होम शीर्षकको सत्रमा छुदेन काबिमो, प्रज्ज्वल पराजुली र स्टेफन आल्टरले शारदा छेत्रीसँग संवाद गर्नेछन्। उनीहरूले हिमालयको काखमा हुर्किएका र हिमालयद्वारा आकार पाएका जीवनहरूबारे विमर्श गर्नेछन्। अ बोर्डरल्याण्ड स्टेट अफ् माइण्ड सत्रमा अखिलेश उपाध्याय, पेमा वाङ्चुक दोर्जी र सत्यदीप एस छेत्री सहभागी हुनेछन्। अनुराधा शर्माको सहजीकरणमा हुने यस चर्चामा पहाड़हरूले मानिसको जीवनमा पारेको प्रभाव र आफ्नो मातृभूमि वा घरको खोजीका विषयमा कुराकानी हुनेछ। पहाड़ी समुदायका कथाहरूमा आधारित रहेर लेखकहरूले स्मृति र अपनत्वका विषयमा चर्चा गर्नेछन्। उनीहरूले भाषा, संस्कृति र भूमिले कसरी 'पहाड़लाई आफ्नो घर' मान्ने अर्थलाई परिभाषित गरिरहने कुरा केलाउनेछन्।

सिक्किम सरकारको शिक्षा विभागअन्तर्गत 'विद्यार्थी कल्याण बोर्ड'–का अध्यक्ष सोनाम छोपेल शेर्पाले भने, ''यस वर्ष सिक्किम र समग्र हिमालय क्षेत्रका विविध आवाजहरूलाई यस महोत्सवले एकै ठाउँमा ल्याएको देख्दा हामी अत्यन्त खुशी छौँ। युवा पुस्ताका लागि यस्ता अन्तरक्रियाहरू निकै अर्थपूर्ण हुन सक्छन्; तिनले संसारलाई हेर्ने नयाँ दृष्टिकोण प्रदान गर्छन् र उनीहरूलाई आफ्नै अनुभव, भाषा र कथाहरूलाई एक बृहत् सांस्कृतिक विमर्शको हिस्साका रूपमा बुझ्न प्रेरित गर्छन्। एसएएलएफको मुख्य उद्देश्य नै जिज्ञासा, सहभागिता र विचार आदान–प्रदानका लागि यस्तो मञ्च वा स्थान सिर्जना गर्नु हो।''

साहित्यिक कार्यक्रमका साथै एसएएलएफ २०२६ मा भारतका विविध साङ्गीतिक परम्पराहरूलाई समेट्ने साङ्गीतिक प्रस्तुतिहरू पनि रहनेछन्। यसमा गजल, वाद्यवादन, लोक परम्परा र समकालीन फ्युजन (मिश्रित शैली)–को सङ्गम देख्न पाइनेछ। २८ अक्टोबरको साँझ आयोजन हुने उद्घाटन समारोहमा 'आगाज'–द्वारा 'गजलका हस्तीहरूको सम्मान' प्रस्तुत गरिनेछ। दिल्लीमा आधारित यो गजल परियोजनाकी संस्थापक गायिका तथा कलाकार सुहवी कल्सी हुन्। कथावाचन, सन्दर्भ र भावनाको माध्यमबाट 'आगाज'–ले दर्शकहरूलाई गजल परम्परासँग पुनः जोड्ने प्रयास गर्छ र मेहदी हसन, बेगम अख्तर तथा नूर जहाँजस्ता दिग्गज कलाकारहरूप्रति श्रद्धाञ्जली अर्पण गर्छ।

२९ अक्टोबरको बिहानी साङ्गीतिक कार्यक्रममा कार्तिकेय र मकरन्दद्वारा 'बाँसुरी र लयको रहस्यमय यात्रा' प्रस्तुत गरिनेछ। यो जोडीले प्राचीन, शास्त्रीय र समकालीन शैलीहरूको सम्मिश्रण गर्दै तथा विभिन्न साङ्गीतिक परम्पराहरूबाट प्रेरणा लिँदै 'जाज' र 'ब्लुज'–मा आधारित साङ्गीतिक धुन सिर्जना गर्दछ।

साँझमा भारतीय लोक–फ्युजन ब्याण्ड, इण्डियन ओशन प्रस्तुत गरिनेछ, जसले तीन दशकभन्दा लामो समयदेखि देशको स्वतन्त्र सङ्गीत दृश्यलाई आकार दिएको छ। रक, जाज र विश्वव्यापी प्रभावहरूसँग भारतीय शास्त्रीय र लोक परम्पराहरूको मिश्रणको लागि परिचित, ब्याण्डले काण्डिसा, झिनी र डेजर्ट रेन जस्ता प्रशंसित एल्बमहरू जारी गरेको छ तथा मसान र ब्ल्याक फ्राइडे जस्ता चलचित्रहरूमा योगदान पुऱ्याएको छ।

३० अक्टोबर बिहानको कार्यक्रममा मग्दा खान र समूहद्वारा खम्मा घानी सिक्किमः राजस्थानी लोक प्रस्तुत गरिनेछ, जसले राजस्थानको मङ्गनियार समुदायको सङ्गीत सम्पदालाई हिमालयमा ल्याउँछ। लोक, सुफी र भक्ति परम्पराहरूको पुस्तामा जरा गाड़ेको प्रस्तुतिले चाहना, घर वापसी, वीरता र आतिथ्य मनाउने सङ्गीतमार्फत थार मरुभूमिका परिदृश्य र कथाहरूलाई उजागर गर्दछ।

साँझमा नीरज आर्यको कबीर क्याफे प्रस्तुत गरिनेछ, जुन १५औँ शताब्दीका रहस्यमय कवि सन्त कबीरको कवितालाई समकालीन दर्शकहरूमा ल्याउनाका लागि परिचित नव–लोक फ्युजन ब्याण्ड हो। रक, रेगे, पप र कर्नाटक सङ्गीतसँग भारतीय लोकको मिश्रण गर्दै ब्याण्डले कबीरको कविताको एक विशिष्ट सङ्गीतमय व्याख्या प्रदान गर्दछ।

महोत्सवका निर्माता तथा टिमवर्क आर्ट्सका वरिष्ठ उपाध्यक्ष सैयद शम्स जावेदले भने, ''२०२६ संस्करणले हामीलाई हिमालय र सीमावर्ती क्षेत्रबाट उत्पन्न हुने साहित्यिक र सांस्कृतिक कुराकानीलाई अझ नजिकबाट हेर्ने अवसर दिन्छ। कार्यक्रमले लेखक र कविहरूलाई एकसाथ ल्याउँछ जसको कामले भूदृश्य, स्मृति, पहिचान र सम्बन्धसँग गहिरो रूपमा संलग्न छ, साथै यी कुराकानीहरूलाई व्यापक राष्ट्रिय र अन्तरराष्ट्रिय दृष्टिकोणमा पनि खोल्छ। हाम्रो उद्देश्य सिक्किममा जरा गाड़ेको महसुस गर्ने महोत्सव सिर्जना गर्नु हो र यसका कथा र विचारहरूलाई यसभन्दा बाहिर यात्रा गर्न अनुमति दिन्छ।''

साहित्यिक कुराकानी, कविता, सङ्गीत र सांस्कृतिक आदान–प्रदानको आफ्नो कार्यक्रममार्फत, एसएएलएफ २०२६ ले दर्शकहरूलाई यस क्षेत्रभित्र र वरपर बस्ने, लेख्ने र सिर्जना गर्नेका कथाहरूमार्फत हिमालयको सामना गर्न आमन्त्रित गर्दछ। महोत्सवले युवा दर्शक र उदीयमान आवाजहरूलाई स्थापित लेखक, कलाकार र सांस्कृतिक अभ्यासकर्ताहरूसँग संलग्न हुन पनि प्रोत्साहित गर्दछ।

सिक्किम कला तथा साहित्य महोत्सव २८ देखि ३० अक्टोबरसम्म गान्तोकको द रिज पार्कमा हुनेछ। यो महोत्सव सिक्किम सरकारको शिक्षा विभाग अन्तर्गतको विद्यार्थी कल्याण बोर्डद्वारा प्रस्तुत गरिएको हो र यसको संयोजन टिमवर्क आर्ट्सले गरेको छ।

सिक्किम कला तथा साहित्य महोत्सव २०२६ (एसएएलएफ) को बारेमा

पूर्वी हिमालयको शान्त काखमा अवस्थित सिक्किम–जहाँ कथा, लोककथा, किंवदन्ती, कला र बहुआयामिक इतिहासको भण्डार छ– त्यहाँ विभिन्न जातीय संस्कृतिको अनुपम सङ्गमका साथै प्रकृति र साहित्यप्रतिको अगाध प्रेम पाइन्छ। यहाँ जीवन्त बौद्ध गुम्बा, रङ्गीन मुखौटा नृत्य, परम्परागत सङ्गीत, वस्त्र तथा बाँसका हस्तकलाको समृद्ध परम्परा र विभिन्न समुदायहरूबीच बलियो तथा शान्तिपूर्ण सद्भाव देख्न सकिन्छ।

मुख्यमन्त्री पीएस गोलेको पहलमा आयोजन हुन लागेको सिक्किम कला तथा साहित्य महोत्सव (एसएएलएफ)–को दोस्रो संस्करण सिक्किम सरकारको शिक्षा विभाग अन्तर्गतको विद्यार्थी कल्याण बोर्ड र प्रतिष्ठित जयपुर साहित्य महोत्सवको आयोजक टिमवर्क आर्ट्सद्वारा प्रस्तुत गरिएको हो। सिक्किमको निरन्तर फस्टाइरहेको साहित्यिक र सांस्कृतिक परिवेशलाई उत्सवका रूपमा मनाउने यो महोत्सव, राजधानी गान्तोकस्थित द रिज पार्कमा २८ देखि ३० अक्टोबरसम्म आयोजन हुनेछ।

सिक्किममा अहिले साहित्य, कविता र कलाको पुनर्जागरण भइरहेको छ, जहाँ सिर्जनात्मक कलाहरू यहाँको पवित्र भूमिमा रहेका मौखिक साहित्य र सांस्कृतिक सम्पदासम्म विस्तारित छन्। सिक्किम कला तथा साहित्य महोत्सव २०२६ स्थानीय, सांस्कृतिक र साहित्यिक परिवेशसँग गहिरो रूपमा जोडिएको छ। यसले स्थानीय, राष्ट्रिय तथा अन्तरराष्ट्रिय लेखक, कवि, विचारक, कलाकार र प्रस्तुति दिने प्रतिभाहरूलाई एकै ठाउँमा ल्याउँछ। यस महोत्सवले विशेष गरी जलवायु सङ्कट, पर्यावरणीय चेतनाको आवश्यकता र सकारात्मक कदम चाल्ने विषयमा जोड़ दिन्छ। २०२६ को संस्करणमा यस महोत्सवले जलवायु परिवर्तन, वन्यजन्तु संरक्षण तथा जैविक विविधता, इतिहास, संस्कृति र जातीयता, कविता, वास्तुकला, लोककथा, मानसिक स्वास्थ्य, उत्तर–पूर्वी भारतका साहित्य, आख्यान, युवा साहित्य लगायतका महत्त्वपूर्ण स्थानीय तथा विश्वव्यापी सरोकारका विषयहरूलाई समेट्ने लक्ष्य राखेको छ।

टिमवर्क आर्ट्सको बारेमा

भारतको अग्रणी कला संस्था टिमवर्क आर्ट्सले पछिल्ला ३० वर्षभन्दा लामो समयदेखि सांस्कृतिक अनुभव सिर्जना गर्दै आएको छ। यसले भारतलाई विश्वसामु चिनाउनुका साथै विश्वलाई भारतसँग जोड्ने काम गरेको छ। साथै, यसले भारतका उत्कृष्ट कलाकार, लेखक, परिवर्तनका संवाहक र दृश्य कलाकारहरूलाई अगाड़ि ल्याउन र उनीहरूको प्रतिभालाई प्रवर्द्धन गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ। हामी हरेक वर्ष १९ देशका ४५ शहरमा प्रदर्शन कला, दृश्य कला, ज्ञान र साहित्यका क्षेत्रमा ३३ भन्दा अधिक महोत्सवको आयोजन गर्छौँ। हामी विश्वकै सबैभन्दा ठूलो साहित्यिक भेला–वार्षिक जयपुर साहित्य महोत्सवको आयोजन गर्छौँ; साथै जेएलएफ इन्टरनेशनल अब अमेरिका, बेलायत र युरोपसम्म पुग्ने गरेको छ।

३० वर्षभन्दा लामो समयदेखि सांस्कृतिक अनुभव सिर्जना गर्दै आएको भारतको अग्रणी कला कम्पनी, टिमवर्क आर्ट्सले भारतलाई उत्कृष्ट भारतीय कलाकार, लेखक, परिवर्तन निर्माता र दृश्य कलाकारहरूलाई अग्रपङ्क्तिमा प्रस्तुत गर्दै र पोषण गर्दै विश्वमा पुऱ्याएको छ र विश्वलाई भारतमा ल्याएको छ। प्रत्येक वर्ष प्रदर्शन र दृश्य कला, ज्ञान र साहित्यको क्षेत्रमा ४५ शहर र १९ देशमा ३३ भन्दा अधिक महोत्सव आयोजन गर्दछ। विश्वको सबैभन्दा ठूलो साहित्यिक जमघट आयोजन गर्छः वार्षिक जयपुर साहित्य महोत्सव; जेएलएफ इन्टरनेशनलले अहिले अमेरिका, बेलायत र युरोपको यात्रा गर्छ।

यसको डिजिटल स्वरूपमार्फत, जयपुर साहित्य महोत्सव जनवरी २०२४ मा ३ करोड़ ५० लाखभन्दा अधिक दर्शकहरूसम्म पुग्यो। डिजिटल र हाइब्रिड प्रयासहरूमध्ये केही प्रमुख प्रस्तावहरू आर्ट म्यार्टर्स हुन्, जसले भारतभरिका कलाकारहरूलाई नयाँ काम सिर्जना गर्न कमिशन गरेर सहकार्य गर्न सशक्त बनाउँछ र बी इन्स्पायर्डः फास्ट–ट्र्याकिङ द फ्युचर, जसले वैज्ञानिक सम्भावनाको कथालाई नवीनतामा परिवर्तन गर्छ। २०२४ मा महोत्सवको भण्डारमा दुई नयाँ कोसेढुङ्गा थपिए – जयपुरमा जयगढ़ सम्पदा महोत्सव, जसले लण्डनमा विश्वासको आवाज, सामूहिक सहानुभूति र समझदारीको बाटो खोज्न विश्वासको दर्शनको अन्वेषण गर्दै भारतको शाही विगत र कला, संस्कृति र वास्तुकलाको समृद्ध विरासतको उत्सव मनाउँछ अनि २०२६ मा आन्ध्र प्रदेशको विजयवाड़ामा अवकाईः अमरावती सिनेमा, संस्कृति र साहित्य महोत्सवको उद्घाटन गरियो।

मामरिङ विद्यालयमा बालिकाहरूको लागि चेन्जिङ कोठा समर्पित

पाकिम, १५ अक्टोबर (आईपीआर)ः अल्केम फाउण्डेशनको सहयोगमा सुलभ स्वच्छता क्लबले बिहीवार पाकिमको मामरिङ सरकारी वरिष्ठ माध्यमिक विद्यालयमा बालिकाहरूको लागि चेन्जिङ कोठा समर्पित गरेको छ।

यो सुविधाले किशोरीहरूको गोपनीयता, पानीको पहुँच, सेनेटरी उत्पाद परिवर्तन गर्ने ठाउँ र महिनावारी फोहोर प्रबन्धनको लागि सुविधा प्रदान गरेर सरसफाइ र महिनावारी स्वच्छता आवश्यकतालाई सम्बोधन गर्ने लक्ष्य राखेको छ।

यो पहलले विद्यालयको सरसफाइ पूर्वाधार सुधार गर्न र कक्षाहरूमा उपस्थित हुँदा र विद्यालय गतिविधिहरूमा भाग लिँदा महिनावारी प्रबन्धन गर्न केटीहरूलाई सहयोग गर्ने लक्ष्य राखेको छ।

कार्यक्रमको क्रममा पाकिमका महकुमा अधिकारी तार्गेन लेप्चाले सरसफाइ सुविधा विद्यालय माहोलको महत्त्वपूर्ण भाग भएको बताए। उनले समर्पित चेन्जिङ कोठाहरूले किशोरीहरूको आवश्यकतालाई सम्बोधन गर्न र विद्यालयमा उनीहरूको उपस्थिति र सहभागितालाई समर्थन गर्न सक्ने उल्लेख गरे। उनले विद्यालयको पूर्वाधार सुदृढीकरणमा सरकार, विद्यालय र सुलभ र अल्केम जस्ता संस्थाहरूबीचको सहकार्यको भूमिकालाई पनि प्रकाश पारे।

अल्केम फाउण्डेशनका समीर कुमारले सुलभ इन्टरनेशनलको साझेदारीले सरसफाइ सुविधामा सुधार ल्याउने र विद्यार्थीहरूको मर्यादा, स्वास्थ्य र कल्याणलाई प्रवर्द्धन गर्ने लक्ष्य राखेको बताए। उनले यो सहकार्यले सिक्किमभरिका धेरै विद्यालयहरूमा यस्तै सुविधा विस्तार गर्ने आशा व्यक्त गरे।

सुलभ स्वच्छता क्लबकी संयोजक समीक्षा दास महापात्राले भनिन्, ''महिनावारी प्रबन्धनमा कठिनाइका कारण केटीहरूले विद्यालय छुटाउनु हुँदैन।'' चेन्जिङ कोठाले उनीहरूको गोपनीयता, आत्मविश्वास र शिक्षालाई सहयोग गर्न सक्ने उनले थपिन्।

जिल्ला शिक्षा कार्यालय, पाकिमका सहायक निर्देशक कैलाश शर्माले सरकारी विद्यालयहरूमा केटीहरूको लागि समर्पित चेन्जिङ कोठाको आवश्यकतामाथि प्रकाश पारे। उनले भने, ''यस्ता सुविधाहरूले विशेष गरी महिनावारीको समय र लुगा परिवर्तन गर्नुपर्ने परिस्थितिहरूमा गोपनीयता र सुविधा प्रदान गर्दछ।'' उनले विद्यालयमा केटीहरूको नियमित उपस्थितिलाई प्रोत्साहन गर्न उपयुक्त सरसफाइ पूर्वाधार प्रदान गर्ने महत्त्वमाथि पनि जोड़ दिए।

यो पहलले स्कुले केटीहरूमा सरसफाइ, स्वच्छता शिक्षा र महिनावारी स्वच्छता प्रबन्धनलाई प्रवर्द्धन गर्न सुलभ इन्टरनेशनल स्वच्छता क्लबको प्रयासको अंश हो।

लाचुङमा मानसिक स्वास्थ्यसम्बन्धी सचेतना कार्यक्रम सम्पन्न

लाचुङ, १५ अक्टोबरः मानसिक स्वास्थ्य, भावनात्मक सुस्वास्थ्य र समयमै सहयोग लिनुको महत्त्वबारे सचेतना जगाउने उद्देश्यले लाचुङमा 'बेटी बचाओ, बेटी पढ़ाओ' (बीबीबीपी) अभियान अन्तर्गत एक मानसिक स्वास्थ्य सचेतना कार्यक्रम आयोजना गरिएको छ।

यस कार्यक्रमले मानसिक स्वास्थ्यका विषयमा खुल्ला छलफललाई प्रोत्साहन गर्ने, यससँग जोडिएको सामाजिक कलङ्क कम गर्ने, महिला तथा बालकबालिकाका लागि सहयोगी वातावरण प्रवर्द्धन गर्ने र भावनात्मक समस्याका प्रारम्भिक सङ्केतहरू पहिचान गर्नुको महत्त्वबारे समुदायलाई सचेत गराउने कुरामा जोड़ दियो साथै यस पहलले मानसिक स्वास्थ्य समग्र सुस्वास्थ्यको एक अपरिहार्य अङ्ग हो र आवश्यक परेको बेला सहयोग माग्नु कमजोरी नभएर बलियोपनको निशानी हो भन्ने सन्देश पनि प्रवाह गऱ्यो।

मङ्गनका एडीएमद्वारा चुनाउसम्बन्धी विषयहरूमा राजनीतिक दलका प्रतिनिधिहरूसँग मासिक समीक्षा बैठक आयोजित

मङ्गन, १५ अक्टोबर (आईपीआर)ः मङ्गनका अतिरिक्त जिल्लापाल पेमा वाङ्चेन नामकार्पाको कार्यालयमा बिहीवार चुनाउसम्बन्धी विषयहरूमा राजनीतिक दलका प्रतिनिधिहरूसँग एक मासिक समीक्षा बैठक आयोजन गरियो।

यस बैठकमा चुनाउसम्बन्धी विषयहरूको समीक्षा गर्नुका साथै भारतको चुनाउ आयोग (ईसीआई)–द्वारा जारी गरिएका संवैधानिक अधिदेश, दिशानिर्देश र निर्देशनहरूबारे चर्चा गरियो। साथै, स्थापित चुनाउ प्रक्रियाहरूको पूर्ण पालना सुनिश्चित गर्ने कुरामा विशेष जोड़ दिइयो। बैठकमा सिक्किम क्रान्तिकारी मोर्चा (एसकेएम) पार्टीको मङ्गन जिल्ला स्तरीय समितिका महासचिव लाकचिङ लेप्चा र मङ्गनस्थित चुनाउ विभागका अधिकारीहरूको उपस्थिति थियो। यो मासिक समीक्षा बैठक, जिल्ला प्रशासनद्वारा राजनीतिक दलहरूसँग समन्वय कायम राख्न तथा मङ्गन जिल्लामा पारदर्शिता, नियमहरूको पालना र चुनाउसम्बन्धी प्रक्रियाहरूको सुचारु कार्यान्वयनलाई प्रवर्द्धन गर्न चालिएका निरन्तर प्रयासहरूको एक हिस्सा हो।

मङ्गनमा अन्तरराष्ट्रिय बालिका दिवसको अवसरमा सचेतना तथा स्वास्थ्य जाँच शिविर सम्पन्न

मङ्गन, १५ अक्टोबरः अन्तरराष्ट्रिय बालिका दिवसको अवसर पारेर मङ्गनस्थित नर्थ सिक्किम एकाडेमीमा एक विशेष सचेतना कार्यक्रम आयोजन गरियो। उक्त कार्यक्रममा स्वास्थ्य विभाग तथा महिला, बाल, सामाजिक कल्याण तथा महिला विकास विभाग (डब्ल्यूसीएससीडीडब्ल्यूडी)–का अधिकारीहरूको सहभागिता थियो।

मङ्गनका उप–निर्देशक तथा सीडीपीओ सोनाम ल्हादेन लाचुङ्पाले यस दिवसको महत्त्वबारे प्रकाश पार्दै विद्यार्थीहरूलाई महिनावारी स्वच्छता र व्यवस्थापनका विषयमा सचेत गराए। यसका साथै, भारत सरकारको बेटी बचाओ, बेटी पढ़ाओ (बीबीबीपी) योजनाबारे पनि जानकारी प्रदान गरियो। यो कार्यक्रम जिल्ला अस्पताल मङ्गन (डीएचएम)–को आरसीएच महाशाखाको समन्वयमा सञ्चालन गरिएको थियो। जिल्ला अस्पताल मङ्गनकी डीआरसीएचओ डा. छिरिङ जोम्बाले विद्यार्थीहरूलाई रक्तअल्पता (एनिमिया), एचपीभी खोप र पेटको जुकाको औषधिबारे जानकारी दिइन् भने डीपीएचएनओ पेडेन भोटियाले रक्तअल्पता र यसको रोकथामका उपायहरूबारे विस्तृत जानकारी प्रदान गरिन्।

कार्यक्रमकै दौरान रक्तअल्पता जाँच शिविर पनि सञ्चालन गरियो। वरिष्ठ एलएचभी तारा बस्नेतले करिब १०० जना बालिकाको स्वास्थ्य जाँच गरिन्। विद्यार्थीहरूलाई आवश्यक परामर्शका साथै आईएफए गोली पनि उपलब्ध गराइयो। यसबाहेक, रक्तअल्पता देखिएका बालिकाहरूलाई सीडीपीओ सोनाम ल्हादेन लाचुङ्पा र पोषण निरीक्षक सोनाम नामग्याल भोटियाले व्यक्तिगत परामर्श प्रदान गरे। उनीहरूले उचित पोषण, आईएफए गोलीको नियमित सेवन र नियमित स्वास्थ्य हेरचाहको महत्त्वमाथि विशेष जोड़ दिए।

GOVERNMENT OF SIKKIM
HEALTH &FAMILY WELFARE DEPARTMENT
GANGTOK SIKKIM

NOTICE INVITING TENDER

NIT No:- 04 /EC/H&FWD/NIT/2026-27 **Dated:- 14/10/2026**

For and on behalf of the Governor of Sikkim, the Health & Family Welfare Department, Government of Sikkim, invites e-tender on Item rate basis from the eligible class of contractors of appropriate class / within District level for the work listed as under: -

Sl. No	Name of work	Value put to tender (Amount in Rs) Exclusive of taxes	Completion Time, (in months)	Amount of Earnest Money @ 2.50% For issue of tender form (Rs)	Amount of Bank Receipt/Challan for cost of tender documents (Rs)
1	2	3	4	5	6
1	Construction of Primary Health Centre at Namthang under Namchi District.	6,78,83,068.00	36 months	16,97,077.00	1,00,000.00

Note: - The Earnest Money Deposit indicated in the above table is 50% exempted for all Enlisted Women Contractor participating in the bidding process. In case of such bidder accepted as L1 bidder, the issue of the Work Order shall be governed by Notification No.104/R&B dated 08/10/2020.

The date and time of submission of completed bid documents are as under: -

i) Publishing of e-tender bid - 16.10.2026
ii) Online bid submission start date - 17.10.2026
iii) Bid submission closing date - 17.11.2026 (till 1.00pm)
iv) Bid opening date - 17.11.2026 (after 2pm)
v) Submission of hard copies of challan/ TDR in original and certified photocopies of other documents) to be submitted in the office of Additional Chief Engineer(Civil) Health & Family Welfare Department Govt. of Sikkim Jan Sewa Bhawan, Gangtok. -17.11.2026(11am to 1.00pm)

Tender documents and other details may be downloaded from the Sikkim Government E-portal www.sikkimtender.gov.in

1. Tender documents may be downloaded from the Sikkim Government E-portal www.sikkimtender.gov.in.
2. The above Tender Value is exclusive of GST &CESS and same is payable to the Contractor as applicable on the date of Tender.
3. The following document in hard copies in original must be submitted on 17.11.2026 from 11am to 1.00pm
   i) Earnest Money in the form of Temporary Deposit Receipt/Fixed Deposit Receipt in favour of the Senior Accounts Officer/ Drawing & Disbursing Officer, Health &Family Welfare Department, Government of Sikkim, payable at Gangtok.
   ii) Cost of Tender document in the form of Bank Receipt or Challan.
   iii) Validated / Certified copy of the Enlistment Certificate from SPWD of the appropriate Class.
   iv) If the hard copies of above documents are not received within the specified time as indicated above, the tender documents so submitted by the bidder through e-procurement portal shall be considered as non-responsive and shall not be evaluated.
4. The department reserves the right to accept or reject any or all tender(s) without assigning any reason thereof.
5. Uploading of tender documents in e-portal is mandatory.
6. Submission of hard copies only will not be considered as a valid bid and shall summarily be rejected.

Additional Chief Engineer (civil)
Health & Family Welfare Department
Government of Sikkim.

Copy to:
1. The Hon'ble Minister (Health & Family Welfare, Culture and Ayush Department)
2. The Hon'ble Area MLA, Namthang Rateypani Constituency (Advisor to Power Department)
3. The Secretary (Health & Family Welfare Department)
4. The Accountant General (Lekha Prakisha Bhawan, Deorali)
5. The Principal Director (Health & Family Welfare Department)
6. The Chief Engineer (Civil) (Health & Family Welfare Department)
7. The Additional Director Accounts (Health & Family Welfare Department)
8. The Chief Medical Officer (Namchi District Hospital)
9. Guard File

R.O.No: 225/IPR/PUB/Classi/2026-27
Date: 14/10/2026

Printed, Published and owned by Mrs. Padam Maya Kharka and printed at Choices International, Daragaon, Tadong, Gangtok -737102, Sikkim and published at Kashiraj Pradhan Road, Nam Nam, Gangtok-737101, Sikkim. Associate Editor: Rajendra Pradhan, Editor: Mrs. Mala Rana Patro. Phone No. (03592) 231265, 7001336001, Fax: 231265. E-mail: himalibela@rediffmail.com, RNI No.SIKNEP/2007/21386
मुद्रण, प्रकाशन तथा स्वामित्व श्रीमती पदम माया खड्का, चोइसेस इन्टरनेशनल, डाँडागाउँ, तादोङ, गान्तोक–737102, सिक्किममा मुद्रित तथा काशीराज प्रधान रोड, नामनाम, गान्तोक–737101, सिक्किमबाट प्रकाशित। एसोसिएट सम्पादकः राजेन्द्र प्रधान, सम्पादकः श्रीमती माला राणा पात्रो। फोन नम्बर (03592) 231265, 7001336001, फ्याक्स: 231265। ईमेल: himalibela@rediffmail.com, RNI No.SIKNEP/2007/21386